277
843

# Japanese Encephalitis Outbreaks Reported in News Media of Nepal 2000 (2056/057)

NHRC Library
Accession No. 22
Call No. ........

LIBRARY

**Compiled by :**
Dr. Durga Datt Joshi
Mr. Mahendra Maharjan
Ms. Minu Sharma

**National Zoonoses and Food Hygiene Research Centre,**
Tahachal, Kathmandu, Nepal, G. P.O. Box : 1885, Tel : +977-1-270667
Fax : +977-1-272694, Email: ddjoshi@healthnet.org.np

2001
(2057)

# Japanese Encephalitis Outbreak Cases - 2000

| पे. नं. | शिर्षक | रिपोर्ट गरेको स्थान | मिति | स्रो |
|---|---|---|---|---|
| १ | इन्सेफलाईटिस नियन्त्रणको पूर्व तयारी | धनगढी | २०५६।१२।१२ | कान्तिपुर |
| | इन्सेफलाईटिस वाट एकको मृत्यू | दाङ्ग | २०५७।१।२४ | कान्तिपुर |
| | इन्सेफलाईटिस विरुद्ध खोप | टिकापुर | २०५७।३।३ | कान्तिपुर |
| २ | इन्सेफलाईटिस राहत कोष खडा गर्नुपर्ने | धनगढी | २०५६।१२।१८ | गोरखापत्र |
| | आगलागी तथा इन्सेफलाईटिस परिचयात्मक गोष्ठि | गुलरिया | २०५७।१।११ | कान्तिपुर |
| ३ | Drive against encephalitis | Dhangadhi | 24 Mar., 2000 | Kathmand |
| ४ | Help urged to check encephalitis | Dhangadhi | 17 June, 2000 | Rising Ne |
| ५ | मोरङ्गमा इन्सेफलाईटिसको प्रकोप | विराटनगर | २०५७।४।६ | कान्तिपुर |
| ६ | Encephalitis | Nepalgunj | 28 June, 2000 | Rising Nep |
| | नेपालगंजमा इन्सेफलाइटिस रोग फैलन सक्ने संभावना | धनगढी | २०५७।४।१७ | गोरखापत्र |
| | Encephalitis | Dhangadhi | 3 June, 2000 | Rising Nep |
| | इन्सेफलाईटिसबाट सात व्यक्तिको मृत्यू | नेपालगंज | २०५७।४।१६ | गोरखापत्र |
| ७ | इन्सेफलाईटिसबाट तीन जनाको मृत्यू | विराटनगर | २०५७।४।१९ | कान्तिपुर |
| | इन्सेफलाईटिसबाट आठको मृत्यू | वाँके | २०५७।४।१९ | कान्तिपुर |
| | इन्सेफलाईटिसबाट तिनकाको मृत्यू | टिकापुर | २०५७।४।२४ | कान्तिपुर |
| | कैलालीमा इन्सेफलाईटिसको प्रकोप सुरु | धनगढी | २०५७।४।१६ | कान्तिपुर |
| ८ | इन्सेफलाईटिसबाट तीनजनाको मृत्यू | विराटनगर | २०५७।४।१८ | गोरखापत्र |
| | Encephalitis | Nepalgunj | 7 Aug., 2000 | Rising Nep |
| ९ | इन्सेफलाईटिसबाट सातजनाको मृत्यू | नेपालगंज | २०५७।४।२३ | गोरखापत्र |
| १० | Mosquito manace rises in Bardiya | Gulariya | 7 Aug., 2000 | Kathmandu |
| ११ | तीन जना ईन्सेफलाइटिसका रोगी अस्पतालमा | गुलरिया | २०५७।४।२३ | कान्तिपुर |
| १२ | इन्सेफलाईटिसबाट तीनको मृत्यू | विराटनगर | २०५७।४।२५ | कान्तिपुर |

# Japanese Encephalitis Outbreaks Reported in News Media of Nepal
## 2000 (2056/057)

NHRC Library
Accession No. 22
Call No. ............

NEPAL HEALTH RESEARCH COUNCIL ESTD. 1991
LIBRARY

**Compiled by :**

Dr. Durga Datt Joshi
Mr. Mahendra Maharjan
Ms. Minu Sharma

**National Zoonoses and Food Hygiene Research Centre,**
Tahachal, Kathmandu, Nepal, G. P.O. Box : 1885, Tel : +977-1-270667
Fax : +977-1-272694, Email: ddjoshi@healthnet.org.np

2001
(2057)

# जापनिज इन्सेफलाईटिस सम्बन्धि पत्र पत्रिकाहरुमा प्रकाशित समाचारहरुको संकलन पुस्तिका - २०५६।२०५७

# Book on News Collections of Japanese Encephalitis Cases from Published News Papers - 2000

# प्रस्तावना

नेशनल जुनोसिस एण्ड फुड हाईजिन रिसर्च सेन्टरले यसको स्थापना काल (1990) देखि नै जनावरहरुवाट मानिसमा सर्ने रोगहरु (जुनोटिक रोगहरु) को विषयमा अनुसन्धनात्मक कार्यक्रमहरु तथा यसवारे जनचेतना जगाउने क्रियाकलापहरु गर्दै आइरहेको छ । यस्ता रोगहरुको सम्वन्धमा देशका सम्वन्धित निकायहरुले कसरी लिइरहेका छन् ? सञ्चार माध्यमहरुले के कति महत्वका साथ जनताहरु समक्ष ल्याइरहका छन् भन्ने कुराको स्पष्ट मूल्याङ्कनको लागि दैनिक रुपमा प्रकाशित हुने मुख्य पत्रिकाहरु संकलन गरी जुनोटिक रोगहरुसंग सम्वन्धित लेख, रचनाहरु तथा समाचारहरुलाई समावेश गरेर यो सानो पुस्तिका तयार गरिएको छ । यस रिसर्च सेन्टरले दैनिक रुपमा संकलन गर्ने राष्ट्रिय पत्रिकाहरुमा गोरखापत्र, राइजिङ्ग नेपाल, कान्तिपुर, घटनाविचार तथा काठमाण्डौं पोष्ट पर्दछन् । यसको अलावा अन्य साप्ताहिक एवं मासिक पत्रिकाहरुवाट पनि संकलन गरिएको छ । मुख्यतया देशमा फैलिएका चारवटा महत्वपूर्ण जुनोटिक रोगहरु जापनिज इन्सेफलाइटिस, कालाज्वर, रेविज र स्नेक वाइट यसमा पर्दछन् ।

यस संकलित पुस्तिकामा देशका विभिन्न भागहरुमा फैलिएको जापनीज इन्सेफलाइटिस सम्वन्धि समाचारहरु जुन २०५६।०५७ अर्थात 2000 को पत्रपत्रिकाहरुमा प्रकाशित भएका छन, लाई समावेश गरिएको छ ।

जापनिज इन्सेफलाइटिस एक प्रकारको किटजन्य जुनोटिक रोग हो । हाम्रो घर पालुवा जनाबरहरु मुख्यतया सुँगुर, बँगुर, हाँस, परेवा जस्ता जनावरहरुमा यदि यो रोग लगाउने भाइरस छन् भने एक प्रकारको लाखुट्टेले रोगका भाइरस युक्त जनावरहरुको रगत चुसेर फेरि मानिसमा रगत चुस्दा यसका किटाणु मानिसको शरिरमा सारिदिन्छ । यस रोगको प्रकोप प्रायजसो बर्षायाममा नेपालको तराई क्षेत्रमा बढेको पाइन्छ भने देशका धेरै भन्दा धेरै मानिसहरु यस समयमा यस रोगबाट प्रभावित भएका समाचारहरु दैनिक खबर पत्रिकाहरुले प्रकाशित गरेको पाइन्छ ।

आशा छ, यस संकलित पुस्तिका जापनिज इन्सेफलाइटिस रोग सम्वन्धि काम गर्ने विशेषज्ञहरुको लागि आवश्यक पुस्तिका सिद्ध हुने छ भने देशमा जापनिज इन्सेफलाइटिस रोग नियन्त्रण सम्बन्धि काम गर्ने स्वास्थ्य कार्यकर्ताहरुको लागी जापनिज इन्सेफलाइटिस रोगको कारणबाट हुने मृत्यूदर घटाउन सहायक सिद्ध हुने छ । यसको अलवा सम्वन्धित निकायहरुले सत्य र तथ्य घटनाहरुलाई नियमित रुपमा सञ्चार माध्यमहरुलाई उपलब्ध गराउनुपर्ने तथा संचार माध्यमहरुले पनि सत्य र तथ्य समाचारहरुलाई जनतासमक्ष प्रकाशित गरिदिनु पर्ने आवश्यकता बोध गराउन मद्धत पु-याउने छ ।

अन्तमा यस पत्रपत्रिकाहरुबाट संकलित जापनिज इन्सेफलाइटिस रोग सम्वन्धि पुस्तिका तयार पार्न सहयोग गर्नु हुने जुनोसिस रिसर्च सेन्टरमा कार्यरत सम्पूर्ण स्टाफहरु खास गरेर श्री स्वयंम प्रकाश भण्डारी, मीना दाहाल, डा. हरिश जोशी र धरा जोशीहरुमा धन्यवाद गर्दछु ।

डा. दुर्गादत्त जोशी
निर्देशक
नेशनल जुनोसिस एण्ड फुड हाइजिन रिर्सच सेन्टर
ताहाचल काठमाडौं

# Preface

National Zoonoses and Food Hygiene Research Centre is dedicated conducting research and public health related awareness activities on zoonotic diseases since its establishment (1990). This small compilation is prepared collecting news, articles related to zoonotic diseases published in National daily Newspapers which helps to analyse clearly the information dissemination system regarding the zonotic diseases in the country. This research centre collects mainly four National daily Newspapers, Gorkhaptra, Rising Nepal, Kantipur, Ghatnabichar and Kathmandu post. Besides these other weekly and monthly Newspapers are also collecting regularly. This centre collects the information related to Japanese Encephalitis, Kala-azar, Rabies and Snakebite, four main zoonotic diseases of country.

This compilation includes Japanese Encephalitis related articles information and cases published in National daily Newspapers during 2000.

Japanese encephalitis is a vector borne zoonotic disease. Domestic animals mainly, pig, duck, pigeon are the reservoir host of this disease. The disease is transmitted to human beings when the a kind of infected mosquito suck blood of human beings after carrying encephalitis virus from reservoir host. The diseases become epidemic during rainy season in Terai region. High morbidity and mortality cases are recorded and published in the daily Newspapers.

It is hoped that this compilation will definitely be a important reference material for Japanese Encephalitis specialists and planning officers of the country. Besides this it also emphasize for authority peoples to disseminate the truth information regularly for News media and also must priotise the publication of truth information regarding zoonotic diseases by News media to disseminate the public.

Last but not the least I am very much thankful to all the staffs mainly Mr. Swoyam Prakash Bhandari, Ms. Meena Dahal, Dr. Harish Joshi and Ms. Dhara Joshi of NZFHRC for their innumerable helps during this compilation of Japanese Encephalitis cases.

Dr. D.D. Joshi
Director
National Zoonoses and Food Hygiene Research Centre
Tahachal, Kathamndu, Nepal.

## Japanese Encephalitis Outbreak Cases - 2000

| पे. नं. | शिर्षक | रिपोर्ट गरेको स्थान | मिति | स्रोत |
|---|---|---|---|---|
| १ | इन्सेफलाईटिस नियन्त्रणको पूर्व तयारी | धनगढी | २०५६।१२।१२ | कान्तिपुर |
| | इन्सेफलाईटिस वाट एकको मृत्यू | दाङ्ग | २०५७।१।२४ | कान्तिपुर |
| | इन्सेफलाईटिस विरुद्ध खोप | टिकापुर | २०५७।३।३ | कान्तिपुर |
| २ | इन्सेफलाईटिस राहत कोष खडा गर्नुपर्ने | धनगढी | २०५६।१२।१८ | गोरखापत्र |
| | आगलागी तथा इन्सेफलाईटिस परिचयात्मक गोष्ठि | गुलरिया | २०५७।१।११ | कान्तिपुर |
| ३ | Drive against encephalitis | Dhangadhi | 24 Mar., 2000 | Kathmandu Post |
| ४ | Help urged to check encephalitis | Dhangadhi | 17 June, 2000 | Rising Nepal |
| ५ | मोरङ्गमा इन्सेफलाईटिसको प्रकोप | विराटनगर | २०५७।४।६ | कान्तिपुर |
| ६ | Encephalitis | Nepalgunj | 28 June, 2000 | Rising Nepal |
| | नेपालगंजमा इन्सेफलाइटिस रोग फैलन सक्ने संभावना | धनगढी | २०५७।४।१७ | गोरखापत्र |
| | Encephalitis | Dhangadhi | 3 June, 2000 | Rising Nepal |
| | इन्सेफलाईटिसबाट सात व्यक्तिको मृत्यू | नेपालगंज | २०५७।४।१६ | गोरखापत्र |
| ७ | इन्सेफलाईटिसबाट तीन जनाको मृत्यू | विराटनगर | २०५७।४।१९ | कान्तिपुर |
| | इन्सेफलाईटिसबाट आठको मृत्यू | बाँके | २०५७।४।१९ | कान्तिपुर |
| | इन्सेफलाईटिसबाट तिनकाको मृत्यू | टिकापुर | २०५७।४।२४ | कान्तिपुर |
| | कैलालीमा इन्सेफलाईटिसको प्रकोप सुरु | धनगढी | २०५७।४।१६ | कान्तिपुर |
| ८ | इन्सेफलाईटिसबाट तीनजनाको मृत्यू | विराटनगर | २०५७।४।१८ | गोरखापत्र |
| | Encephalitis | Nepalgunj | 7 Aug., 2000 | Rising Nepal |
| ९ | इन्सेफलाईटिसबाट सातजनाको मृत्यू | नेपालगंज | २०५७।४।२३ | गोरखापत्र |
| १० | Mosquito manace rises in Bardiya | Gulariya | 7 Aug., 2000 | Kathmandu Post |
| ११ | तीन जना ईन्सेफलाइटिसका रोगी अस्पतालमा | गुलरिया | २०५७।४।२३ | कान्तिपुर |
| १२ | इन्सेफलाईटिसबाट तीनको मृत्यू | विराटनगर | २०५७।४।२५ | कान्तिपुर |

| पे. नं. | शिर्षक | रिपोर्ट गरेको स्थान | मिति | स्रोत |
|---|---|---|---|---|
| | मस्तिष्क ज्वरोबाट चौधको मृत्यू | बांके | २०५७।५।२ | कान्तिपुर |
| १३ | इन्सेफलाईटिसबाट नौजनाको मृत्यू | नेपालगंज | २०५७।४।२६ | कान्तिपुर |
| | इन्सेफलाईटिसबाट ३५ जनाको मृत्यू | काठमाडौं | २०५७।५।२ | गोरखापत्र |
| १४ | Encephalitis deaths increase | Biratnagar | 2 Aug., 2000 | Rising Nepal |
| | Encephalitis claims three | Biratnagar | 3 Aug., 2000 | Kathmandu Post |
| १५ | इन्सेफलाईटिसबाट तीनजनाको मृत्यू | विराटनगर | २०५७।४।३१ | गोरखापत्र |
| १६ | इन्सेफलाईटिस रोग | विराटनगर | २०५७।४।३१ | गोरखापत्र |
| | Encephalitis kills three epidemic feared | Mahendranagar | 14 Aug., 2000 | Kathmandu Post |
| १७ | Encephalitis deaths increasing | Nepalgunj | 17 Aug., 2000 | Rising Nepal |
| १८ | बाटामा कालाज्वर तथा इन्सेफलाइटिस देखियो | कलैया | २०५७।४।३० | गोरखापत्र |
| १९ | इन्सेफलाईटिसबाट आठको मृत्यू | बिर्तामोड | २०५७।५।१ | कान्तिपुर |
| | मस्तिष्क ज्वरोबाट दुई जनाको मृत्यू | गुलरिया | २०५७।४।२७ | कान्तिपुर |
| २० | इन्सेफलाईटिसबाट २० जनाको मृत्यू | नेपालगंज | २०५७।५।२ | गोरखापत्र |
| २१ | Encephal;itis toll 4 in Kailali | Dhangadhi | 17 Aug., 2000 | Kathmandu Post |
| | 2 die of Encephalitis | Gulariya | 11 Aug., 2000 | Rising Nepal |
| २२ | सुदुर पश्चिमको तराईका जिल्लामा इन्सेफलाईटिसको प्रकोप तिव्र | काठमाडौं | २०५७।४।३२ | गोरखापत्र |
| २३ | इन्सेफलाईटिसबाट ६ जनाको मृत्यू | धनगढी | २०५७।४।३२ | गोरखापत्र |
| २४ | इन्सेफलाईटिसको प्रकोप | काठमाडौं | २०५७।५।१ | गोरखापत्र |
| २५ | इन्सेफलाईटिसबाट दशको मृत्यू स्वास्थ्यकर्मी र औषधिको अभाव | टिकापुर | २०५७।५।५ | कान्तिपुर |
| २६ | इन्सेफलाईटिसबाट एघार जनाको मृत्यू | धनगढी | २०५७।५।४ | गोरखापत्र |
| | Encephalitis toll 16 in Banke | Banke | 21 Aug., 2000 | Kathmandu Post |
| २७ | Encephalitis claims 15 in Bardia, Kailali | Gulariya | 20 Aug., 2000 | Kathmandu Post |
| २८ | महामारीबाट पन्ध्रको मृत्यू सयौ प्रभावित | काठमाडौं | २०५७।५।४ | कान्तिपुर |
| २९ | Encephalitis toll reaches 12 in Kailali | Kailali | 22 Aug., 2000 | Kathmandu Post |

| पे. नं. | शिर्षक | रिपोर्ट गरेको स्थान | मिति | स्रोत |
|---|---|---|---|---|
| ३० | इन्सेफलाईटिसको प्रकोप सुरु, दातृ पक्षले खोप नदिने | काठमाडौं | २०५७।५।६ | कान्तिपुर |
| ३१ | इन्सेफलाईटिसबाट स्कुले उमेरका वच्चा वढी प्रभावित | नेपालगंज | २०५७।५।६ | कान्तिपुर |
| | Encephalitis | Nepalgunj | 22 Aug., 2000 | Rising Nepal |
| ३२ | Encephalitis toll hits 23 in Far western | Dhangadhi | 23 Aug., 2000 | Kathmandu Post |
| ३३ | मध्यपश्चिमाञ्चलका केही जिल्लमा इन्सेफलाईटिसको प्रकोप | नेपालगंज | २०५७।५।७ | गोरखापत्र |
| ३४ | Encephalitis toll up | Dhangadhi | 23 Aug., 2000 | Rising Nepal |
| ३५ | इन्सेफलाईटिसबाट १९ को मृत्यू | कैलाली | २०५७।५।७ | गोरखापत्र |
| ३६ | Fight the encephalitis scourge | Kathmandu | 24 Aug., 2000 | Rising Nepal |
| ३७ | टिकापुर स्वास्थ्य केन्द्रमा औषधिको अभाव महामारीबाट मर्नेहरुको संख्यासत्चालीस नाघ्यो | टिकापुर | २०५७।५।८ | कान्तिपुर |
| ३८ | इन्सेफलाईटिसबाट २३ को मृत्यू | धनगढी | २०५७।५।८ | गोरखापत्र |
| ३९ | इन्सेफलाईटिसबाट २५ मरे | धनगढी | २०५७।५।८ | घटनाविचार |
| ४० | इन्सेफलाईटिसबाट ज्यान गुमाउनेहरुको संख्या छब्वीस पुग्यो । | धनगढी | २०५७।५।१० | कान्तिपुर |
| | इन्सेफलाईटिसबाट मर्नेको संख्या ३२ | धनगढी | २०५७।५।११ | गोरखापत्र |
| ४१ | द. एसियाली राष्ट्रका स्वास्थ्य मन्त्रीहरुको तीनदिने वैठक सम्पन्न | काठमाडौं | २०५७।५।१० | गोरखापत्र |
| ४२ | पूर्वि र परिश्चमी तराईमा इन्सेफलाइटिसबाट वाइस जनाको मृत्यू | काठमाडौं | २०५७।५।१० | गोरखापत्र |
| | Encephalitis death toll 26 | Dhangadhi | 26 Aug., 2000 | Kathmandu Post |
| ४३ | Free medicines to encephalitis pateints | Nepalgunj | 26 Aug., 2000 | Rising Nepal |
| | Free medicines to encephalitis pateints | Nepalgunj | 26 Aug., 2000 | Kathmandu Post |
| ४४ | एक सातामा ९३ जना इन्सेफलाइटिस विरामी थपिए | नेपालगंज | २०५७।५।१३ | कान्तिपुर |

| पे. न. | शिर्षक | रिपोर्ट गरेको स्थान | मिति | स्रोत |
|---|---|---|---|---|
| ४५ | Encephalitis cases in Bardiya | Bardiya | 29 Aug., 2000 | Rising Nepal |
| | Encephalitis | Nepalgunj | 29 Aug., 2000 | Kathmandu Post |
| | इन्सेफलाइटिसवाट ३७ जनाको मृत्यू | नेपालगंज | २०५७।५।१३ | गोरखापत्र |
| ४६ | इन्सेफलाइटिसवाट ४१ ज्नाको मृत्यू | कैलाली | २०५७।५।१४ | गोरखापत्र |
| | इन्सेफलाइटिसका विरामीको संख्यामा पुन वृद्धि | धनगढी | २०५७।५।१४ | कान्तिपुर |
| ४७ | वाइस वर्षमा इन्सेफलाइटिसवाट करिव पाँचहजार नेपालीको मृत्यू | काठमाडौं | २०५७।५।१४ | गोरखापत्र |
| ४८ | Encephalitis toll hits 69 | Kathmandu | 30 Aug., 2000 | Kathmandu Post |
| | Encephalitis kills 37 in Nepalgunj | Nepalgunj | 29 Aug., 2000 | Rising Nepal |
| ४९ | इन्सेफलाइटिसवाट एक सातामा २१ को मृत्यू | काठमाडौं | २०५७।५।१५ | कान्तिपुर |
| | एकै परिवारका ११ जना इन्सेफलाइटिसवाट पिडित | धनगढी | २०५७।५।१५ | गोरखापत्र |
| ५० | पचासी जनाको परीक्षणमा वत्तीस जनामा इन्सेफलाइटिस | हेटौडा | २०५७।५।१५ | कान्तिपुर |
| ५१ | 37 PC mosquito borne diseases are encephalitis | Hetauda | 31Aug., 2000 | Kathmandu Post |
| | Encephalitis death toll reaches 38 in Kailali and Kanchanpur | Dhangadhi | 31Aug., 2000 | Rising Nepal |
| ५२ | इन्सेफलाइटिस नियन्त्रण हुन सकेन, थप दुईको मृत्यू मर्नेको संख्या चालिस भन्दा वढी | काठमाडौं | २०५७।५।१६ | कान्तिपुर |
| | Encephalitis toll hits 71 | Dhangadhi | 1 Sept., 2000 | Kathmandu Post |
| | भारतमा इन्सेफलाइटिस | लखनउ | २०५७।५।१६ | कान्तिपुर |
| ५३ | सेती अंचल अस्पतालमा गत नौ दिन देखि इन्सेफलाइटिसवाट प्रभावित आफ्ना करिव ७० वर्षिय पति चन्दरलाई कुर्दै उनकी पत्नी | धनधगढी | २०५७।५।१७ | कान्तिपुर |
| ५४ | Encephalitis at op starvation, rickshaul pulling tougher for freed Kumaiyas | Dhangadhi | 3 Sept., 2000 | Kathmandu Post |

| पे. नं. | शिर्षक | रिपोर्ट गरेको स्थान | मिति | स्रोत |
|---|---|---|---|---|
| ५५ | Encephalitis claims 3 more | Dhangadhi | 25 Sept., 2000 | Kathmandu Post |
| ५६ | लखनउमा इन्सेफलाइटिसको प्रकोप | लखनउ | २०५७।५।१७ | गोरखापत्र |
| | इन्सेफलाइटिसबाटको गम्भीर प्रकोप | विराटनगर | २०५७।५।१८ | गोरखापत्र |
| | इन्सेफलाइटिसबाट पांचको मृत्यू | मोरङ्ग | २०५७।५।१९ | कान्तिपुर |
| ५७ | कैलालीमा इन्सेफलाइटिसबाट बयालीसको मृत्यू, अस्पताल आफै रोगी | धागढी | २०५७।५।१८ | कान्तिपुर |
| | दाङमा इन्सेफलाइटिसबाट तीनजनाको मृत्यू | देउखुरी | २०५७।५।१७ | कान्तिपुर |
| ५८ | स्वास्थ्य मन्त्रीद्वारा अंचल अस्पतालमा निरिक्षण इन्सेफलाइटिस प्रभावित रोगीलाई राहत | नेपालगंज | २०५७।५।२० | गोरखापत्र |
| ५९ | Tharas go to gurubas as encephalitis takes its toll | Dhangadhi | 5 Sep., 2000 | Kathmandu Post |
| ६० | इन्सेफलाइटिसबाट मर्नेको संख्या ४९ पुग्यो | धागढी | २०५७।५।२१ | कान्तिपुर |
| | 12 more die of encephalitis | Nepalgunj | 6 Sep., 2000 | Kathmandu Post |
| ६१ | जापनिज इन्सेफलाइटिस उत्पत्ति उपचार | काठमाडौं | २०५७।५।२१ | गोरखापत्र |
| ६२ | Encephalitis claims 52 in Bheir | Nepalgunj | 7 Sep., 2000 | Kathmandu Post |
| | Govt. Supplies dgurs to encephalitis hit areas | Nepalgunj | 8 Sep., 2000 | Rising Nepal |
| ६३ | इन्सेफलाइटिस बिरुद्धको खोप अनुदान दुई साता पुग्दा पनि आएन | काठमाडौं | २०५७।५।२२ | कान्तिपुर |
| | तीन अस्पतालमा बाउन्नको मृत्यू | नेपालगंज | २०५७।५।२२ | कान्तिपुर |
| | इन्सेफलाइटिसका बिरामीबारे जानकारी | महेन्द्रनगर | २०५७।५।२२ | कान्तिपुर |
| ६४ | इन्सेफलाइटिस प्रकोप | धागढी | २०५७।५।२४ | कान्तिपुर |
| ६५ | परिक्षणका लागि मात्र पोहोर ल्याएको खोप फेरी भित्रिने | काठमाडौं | २०५७।५।२५ | कान्तिपुर |
| ६६ | इन्सेफलाइटिसबाट ५७ जनाको मृत्यू | धनगढी | २०५७।५।२४ | कान्तिपुर |
| | Encephalitis claims 57 | Dhangadhi | 9 Sep., 2000 | Kathmandu Post |
| | इन्सेफलाइटिसबाट प्रहरीको मृत्यू | कैलाली | २०५७।५।२७ | कान्तिपुर |

| पे. नं. | शिर्षक | रिपोर्ट गरेको स्थान | मिति | स्रोत |
|---|---|---|---|---|
| ६७ | रुकुममा पनि इन्सेफलाइटिस | रुकुम | २०५७।५।२७ | कान्तिपुर |
| | दाङमा इन्सेफलाइटिसबाट ७ जनाको मृत्यू | दाङ | २०५७।५।२८ | गोरखापत्र |
| | इन्सेफलाइटिसबाट कैलाली र कंञ्चनपुरमा ७० जनाको मृत्य | कैलाली | २०५७।५।२७ | गोरखापत्र |
| | इन्सेफलाइटिसबाट मर्नेको संख्या ६० पुग्यो | धनगढी | २०५७।५।२८ | कान्तिपुर |
| ६८ | 60 person sucumb to encephalitis in 2 months | Dhangadhi | 27 Sep., 2000 | Kathmandu Post |
| ६९ | भेरी अस्पतालमा इन्सेफलाइटिसका रोगीको निःशुल्क उपचार शुरु | नेपालगंञ्ज | २०५७।५।२९ | गोरखापत्र |
| | इन्सेफलाइटिसबाट मृत्यू हुने क्रम जारी | धनगढी | २०५७।५।३० | कान्तिपुर |
| ७० | Encephalitis claims 70 in last two months | Dhangadhi | 14 Sep., 2000 | Rising Nepal |
| | Encephalitis tolls hits 68 | Birgunj | 15 Sep., 2000 | Kathmandu Post |
| ७१ | इन्सेफलाइटिसबाट २ बालकको मृत्यू | कपिलवस्तु | २०५७।६।१ | कान्तिपुर |
| | Encephalitis tols hits 68 | Dhangadhi | 18 Sep., 2000 | Kathmandu Post |
| ७२ | Vaccine not for experiment : Minister | Lalitpur | 19 Sep., 2000 | Kathmandu Post |
| ७३ | इन्सेफलाइटिसबाट थप ४ को मृत्यू | धनगढी | २०५७।६।२ | कान्तिपुर |
| | Encephalitis | Mahendranagar | 24 Sep., 2000 | Rising Nepal |
| ७४ | भर्ना भएमा आधा विरामी अस्पतालैबाट भाग्छन् | विरगंञ्ज | २०५७।६।९ | कान्तिपुर |
| ७५ | कञ्चनपुरमा इन्सेफलाइटिसको प्रकोपमा कमी | महेन्द्रनगर | २०५७।६।१० | कान्तिपुर |
| ७६ | Encephalitis meraful this year | Kathmandu | 25 Oct., 2000 | Kathmandu Post |
| ७७ | जापनीज इन्सेफलाइटिसको विरुद्ध खोप कार्यक्रम | काठमाडौं | २०५७।७।२२ | गोरखापत्र |

# Japanese Encephalitis (JE):

JE is a RNA virus belonging to the genus *Flavivirus*. The infection is widespread in large parts of Asia including Nepal. JE was recorded first time in Nepal in 1978, since then every year epidemic outbreaks occur during the rainy season in all Terai districts of Nepal. The most affects age groups 2-15 years of age recorded in Nepal. Infected pigs and ducks are the principal source for infection in other animals and humans in Nepal. High antibody levels have been found in pigs and ducks in 1980 in Nepal. Culex species mosquito are the most important vector in the transmission of the virus from animals to animals and to human beings. The following data are taken only from published news media and not from the actual national total recorded cases in different hospitals.

**Morbidity and Mortality records of Japanese encephalitis in Nepal published in different news papers during 2000.**


| District | Total Cases | Cured | % | Death | % |
|---|---|---|---|---|---|
| Dang | 7 | 0 | 0 | 7 | 100 |
| Kailali | 1059 | 988 | 93 | 71 | 7 |
| Morang | 100 | 95 | 98 | 5 | 5 |
| Banke | 950 | 822 | 86 | 128 | 14 |
| Kanchancpur | 113 | 105 | 99 | 8 | 1 |
| Jhapa | 25 | 19 | 76 | 6 | 24 |
| Bardia | 50 | 0 | 0 | 50 | 100 |
| Rukum | 2 | 1 | 50 | 1 | 50 |
| Parsa | 59 | 46 | 78 | 13 | 22 |
| Kapilbastu | 18 | 16 | 89 | 2 | 11 |
| Total | 2383 | 2092 | 88 | 291 | 12 |

*Sources: All dailly publication issues of Gorkhapatra, Rising Nepal, Kantipur, Kathmandu Post and Ghatnabichar during 1998.*

## Japanese Encephalitis Outbreak Reported Cases Districts in 2000

| VDC/Municipality | District | Zone | Development Region |
|---|---|---|---|
| Laxmipur/Baratpur | | | |
| Tribhuvan Mun. | Dang | Rapti | Mid. West. Dev. Reg. |
| Dhangadi Mun. | | | |
| | | | |
| Tikapur Mun. | | | |
| Narayanpur VDC | | | |
| Satika VDC | | | |
| Kasuriya, Malakheti, Khalane VDC | Kailali | Seti | Far. West. Dev. Reg. |
| Thapapur VDC | | | |
| Chaumala, Sadepani, Swasthi VDC | | | |
| | | | |
| Biratnagar Sub Metro. | Morang | Koshi | East. Dev. Reg. |
| | | | |
| Thalaha | | | |
| Nepalgunj | Banke | Bheri | Far. West. Dev. Reg. |
| Padnaha VDC | | | |
| Sanoshreec VDC | Bardia | Bheri | Mid Wed. Dev. Reg. |
| Gularia VDC | | | |
| | | | |
| Mahendra Narag Mun. | Kanchanpur | Mahakali | Far. West. Dev. Reg. |
| | | | |
| Birtamod Mun. | Jhapa | Mechi | East. Dev. Reg. |
| | | | |
| Kapilbastu Mun. | | | |
| Niktihawa VDC | Taulihawa | Lumbani | West. Dev. Reg. |
| Harokhathpur VDC | | | |

J.E. Reported Districts




...phalitis Reported Districts - 2000 (from news paper cutting)

कान्तिपुर २०५६.१२.१०

# इन्सेफलाइटिस नियन्त्रणको पूर्व तयारी

कान्तिपुर समाचारदाता ०५६।१२।१०

धनगढी, ११ चैत- तराईमा दुःखको रुपमा देखापर्ने इन्सेफलाइटिस रोगको प्रकोपबाट जनताको सुरक्षा गर्न र प्रतिरोधात्मक तथा उपचारात्मक पद्धतिमा सुधार गर्दै उक्त प्रकोप रोकथाम गर्न यहाँ जनस्तरमा प्रयास भइरहेको छ।

यस्तो स्थिति पुन: दोहोरिन सक्ने सम्भावना यथावत रहेकाले बुधवार प्रमुख जिल्ला अधिकारी ताना गौतमको अग्रसरतामा जिल्ला इन्सेफलाइटिस रोकथाम समितिको बैठक बसी केही गम्भीर निर्णय गरेको छ।

बैठकमा जिविस सभापति, नगर प्रमुख, चिकित्सक, जनस्वास्थ्य, रेडक्रस, सामाजिक संघसंस्था, पत्रकार, समाजसेवी गरी करिब ५० जनाको उपस्थिति थियो। बैठकमा इन्सेफलाइटिस रोकथामका लागि जनस्तरमा गम्भीर प्रयास गर्ने सिलसिलामा जिल्ला महामारी सहायता खाता सञ्चालन गर्ने र इन्सेफलाइटिस रोकथाम कोष स्थापना गर्ने निर्णय गरिएको छ।

प्रत्येक बिरामीका लागि औसत १५ सय रुपैयाँ औषधि उपचारमा खर्च हुने गरेको तथ्य प्रस्तुत गर्दै प्रजिअ गौतमले बैठकमा २० लाख रुपैयाँसम्मको कोष निर्माण गरिनुपर्ने कुरामा जोड दिनुभयो।

कोषका लागि सैद्धान्तिक रुपमा जिल्लाबाट निकासी हुने काठ (लकडी) र जिल्लाभित्र पैठारी गरिने मदिरा, सुर्तीजन्य उत्पादन, सिमेन्ट, फलाम छड आदिमा न्यूनतम शुल्क लगाउने, जिविसलगायत स्थानीय निकाय, चन्दा, दान दातव्य र सहायता परिचालन गरिनेसमेत निर्णय भएको छ। तर कोष निर्माण गर्न आवश्यक व्यवस्थाका लागि जिविस सभापति नारायणदत्त मिश्रको संयोजकत्वमा ९ सदस्यीय आर्थिक स्रोत परिचालन उपसमिति गठन गरिएको छ, बैठकपछि प्रजिअ गौतमले भन्नुभयो।

कान्तिपुर २०५६.१.२५

# इन्सेफलाइटिसबाट एकको मृत्यु

कान्तिपुर समाचारदाता ०५६.१.२५

दाङ, २४ वैशाख- त्रिभुवन नगरपालिका-१ खिरटिया बस्ने ४७ वर्षीय निधिराम श्रेष्ठको शनिवार महेन्द्र अस्पतालमा इन्सेफलाइटिसबाट मृत्यु भएको छ।

महेन्द्र अस्पतालका निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा. विकास देवकोटाका अनुसार यस वर्षमा इन्सेफलाइटिसबाट मृत्यु भएको यो पहिलो हो। डा. देवकोटाले यो रोगबाट बच्न लामखुट्टेको टोकाइबाट बच्नुपर्ने बताउनुभयो। दाङमा गत वर्ष यो रोगबाट अस्पतालमा मात्र २८ जनाको मृत्यु भएको थियो।

कान्तिपुर २०५६.३.३.

# इन्सेफलाइटिस विरुद्ध खोप

का.पु. २०५६.३.३.

टीकापुर- जापान जेसिजको सहयोगमा उपलब्ध इन्सेफलाइटिस रोग विरुद्धको भ्याक्सिन हस्तान्तरण तथा खोप शिविरको नेपाल जेसिजका राष्ट्रिय अध्यक्ष फलकुमार लालवानीले मंगलबार टीकापुरमा शुभारम्भ गर्नुभयो। इन्सेफलाइटिस रोग विरुद्धको खोप कार्यक्रम सञ्चालनार्थ जापन जेसिजबाट १ हजार २५ माइल भ्याक्सिन प्राप्त भएकाले प्रथम चरणमा कैलालीका टीकापुर, नगरपालिका, पथरैया, धनसिंहपुर, नारायणपुर र जोशीपुर गाविसका ५ वर्षसम्मका झन्डै २ हजार ५० जना बालबालिकालाई नि:शुल्क खोप लगाइने र २ सय भाइल भ्याक्सिन धनगढी जेसिजलाई हस्तान्तरण गरिने जानकारी टीकापुर जेसिजले दिएको छ।

गोरखापत्र २०५६.१२.१८

# इन्सेफ्लाइटिस राहत कोष खडा गर्नुपर्ने

गो.प. ०५६।१२।१८

धनगढी, चैत १७ गते । इन्सेफ्लाइटीस नियन्त्रण जिल्ला समन्वय समिति, कैलालीको हालै यहाँ बसेको बैठकले यसवर्ष पनि उक्त रोगको प्रकोप फैलिनसक्ने सम्भावनालाई मध्यनजर गरी रोगको समयमै रोकथाम तथा रोगबाट पीडित हुनसक्ने बिरामीहरूको उपचारका निम्ति पूर्वतयारी स्वरूप विभिन्न निर्णय गरेको छ ।

समितिका संयोजक एवं प्रमुख जिल्ला अधिकारी ताना गौतमको अध्यक्षतामा बसेको सो बैठकले जिल्ला विकास समितिका सभापति नारायणदत्त मिश्र, सेती अञ्चल अस्पतालका मेडिकल सुपरीटेन्डेण्ट डा. कृष्णकुमार राई र समाजसेवी शिवदत्त जोशीको संयोजकत्वमा क्रमशः आर्थिक स्रोत परिचालन, उपचार व्यवस्थापन र प्रचारप्रसार उपसमिति गठन गरेको छ ।

समितिका सदस्यलगायत समाजसेवी, बुद्धिजीवी, बस व्यवसायी, कार्यालय प्रमुख, पत्रकारसमेत सहभागिता रहेको सो बैठकमा इन्सेफ्लाइटिस फैलिननदिन र फैलिन गए पनि उपचार कार्य प्रभावकारी बनाउनुपर्ने, सरकारको एक्लो प्रयासले मात्र उक्त रोगको रोकथाम गर्न पर्याप्त नदेखिएकोले जनस्तरमा प्रयास गर्नुपर्ने, रोगबाट पीडित बिरामीको उपचार प्रयोजनका निम्ति "इन्सेफ्लाइटिस राहत कोष" खडा गर्नुपर्ने कुरामा समेत जोड दिइएको थियो ।

जिल्लामा प्रत्येक वर्ष वर्षायाममा प्रकोपको रूपमा फैलिने इन्सेफ्लाइटिस रोगका कारण दर्जनौ व्यक्तिको मृत्यु हुनेगरेको छ ।

गत साउन, भदौ र असोजमा फैलिएको इन्सेफ्लाइटिस रोगका कारण एकहजार ४० व्यक्ति पीडित भएकोमा सो मध्ये १०७ जनाको मृत्युभएको, ८६६ जना निको भएका, ३० जनालाई उपचारार्थ बाहिर पठाइएको र ३७ जना उपचार गराउँदागराउँदै भागेको बताइएको छ । ०५६।१२।१८

केही समय यता जिल्लामा उक्त रोग फाटफुट रूपमा देखापरेको परिप्रेक्ष्यमा प्रमुख जिल्ला अधिकारीको सक्रियतामा सो रोगको रोकथाम तथा प्रभावकारी उपचारको व्यवस्था अपनाउन पूर्वाधार तयार गर्न पटकपटक उक्त बैठकको आयोजना भइरहेको छ । रासस

कान्तिपुर २०५६.१.११

# आगलागी तथा इन्सेफ्लाइटिस परिचयात्मक गोष्ठी

का.पु. ०५७.१.११

गुलरिय, १० वैशाख (कास)- नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा बर्दियाद्वारा हालै गुलरियामा एक दिने आगलागी तथा इन्सेफ्लाइटिससम्बन्धी जनचेतना अभिवृद्धि परिचयात्मक गोष्ठी सम्पन्न भएको छ।

पजिअ खोमराज नेपालले उद्घाटन गर्नुभएको गोष्ठीमा सहभागीहरूलाई रेडक्रस जिल्ला शाखाका मन्त्री विष्णु तिमिल्सिनाले आगलागीको परिचय, आगलागी हुने कारण, त्यसबाट हुने असर तथा आगलागीबाट बच्ने उपाय र पूर्व तयारीको बारेमा जानकारी गराउनुभयो ।

यसैगरी जिल्ला अस्पताल बर्दियाका हेअ केडी शाहले इन्सेफ्लाइटिसको परिचय रहेको सर्ने कारण, लक्षण र रोकथामका उपायहरूबारे बोल्नुभएको थियो । उक्त गोष्ठी गुलरिया नपाका प्रमुख गोविन्द पाण्डेको सहभापतित्वमा भएको थियो । गोष्ठीमा गुलरिया नपाका उपप्रमुख हरि ज्ञवाली, नगरपालिका सदस्य र नगरपरिषद् सदस्य गरी ५२ जना सहभागी थिए ।

# Drive against encephalitis

DHANGADI, March 23 (PR)- With five people already dead in Banke due to encephalitis and the disease ready to strike in Kailali, the District Encephalitis Control Committee has started a drive to raise awareness and inoculate the local population against this debilitating disease.

For the past 16-17 years cases of encephalitis have climbed to alarming level throughout the 20 most badly affected districts in the Terai, especially in the far west. This year, the authorities are stepping up their action with only 4 months to go till the monsoon.

Out of 1,040 cases of encephalitis, 107 proved fatal this year. Likewise 30 were sent out for further examination and 37 extracted themselves while under treatment. Only 166 were completely cured.

The control committee comprising health officials and communities under the guidance of the Red Cross Society has already amassed Rs 739,260 to combat this annuaul epidemic.

(See *Drive* page 8)

THE KATHMANDU POST FRIDAY, MARCH 24, 2000

# Drive against Encephalitis

(Contd from page 1)

The authorities have come to a decision to set up a Trust to oversee the controlling of the disease and have promised to make added efforts to inoculate the surrounding population.

"Every individual needs Rs.1,500 for medicines therefore we need Rs. 2 million to set up the Trust", said Thana Gautam, the Chief District Officer. Work to raise money for the Trust will begin from mid April said officials.

But representatives from the local hospitals said that there was only a minimum possibility of acheiving the goal of maximum inoculation. They also pointed out that the lack of beds in the hospitals and nursing homes and the general low level of sanitation and lack of awareness made control of the disease difficult. Last year 25,000 children received inoculations against the disease.

Raising Nepal 17 June 2000

# Help urged to check encephalitis

RN 17 June 2000

Dhangadhi, June 16 (RSS):

An interaction program held here recently with the objective of improving the services provided by Seti Zonal Hospital pointed out that patients have had to go outside for treatment of even minor ailments because of lack of prompt and quality service at the hospital.

The participants said doctors at the hospital do not spend their full duty hours there and have a tendency to divert patients to their private clinics.

They also pointed out the need for providing the hospital with the number of doctors and staff nurses as per its staffing levels.

Hospital medical superintendent Dr Krisna Kumar Rai said it would not be practical to bring unnecessary pressure to bear on the doctors to get them to perform.

DDC chairman Narayan Datta Mishra said doctors should be available at the emergency ward around the clock, and they should show up on time.

Officer at the public helath office Ganga Aryal said cooperation and alertness are needed from all quarters for dealing with the outbreak of encephalitis that takes place in the terai district with the on set of the rainy season.

The 50 bed hospital set up some 28 years ago has emergency, ECG, USG and surgical facilities and an infection prevention program.

कान्तिपुर २०५६ ४.६.

# मोरङमा इन्सेफलाइटिसको प्रकोप

०५६.४.६.

कान्तिपुर समाचारदाता

विराटनगर, ५ साउन- मोरङ जिल्लामा विगतका वर्षहरुको झैं यस वर्ष पनि इन्सेफलाइटिस रोग फैलिएको छ।

उक्त रोगको प्रकोप यस जिल्लामा विशेषगरी ३ वर्षभन्दा माथि र १२ वर्षभन्दा कम उमेरका बालबालिकाहरुमा देखापरेको जानकारी कोशी अञ्चल अस्पताल विराटनगरले दिएको छ।

यसपटकको वर्षायामको प्रारम्भदेखि नै जिल्लामा इन्सेफलाइटिस रोगको प्रकोप देखापरेको थियो। हाल उक्त अस्पतालमा १२ वर्षमुनिका ११ जना बालबालिकाहरु उक्त रोगको उपचार गराइरहेका छन्।

गत वर्षको साउनको पहिलो सातासम्ममा अस्पतालमा ३० जना उक्त रोगका बिरामीहरु उपचार गराउन आएकोमा आठजनाभन्दा बढीको मृत्यु भइसकेको थियो तर गत वर्षको तुलनामा यस वर्ष उक्त रोगको प्रकोप न्यून रहेको जानकारी अस्पालको रेकर्ड शाखाबाट प्राप्त भएको छ।

हाल अस्पतालमा उपचार गराइरहेका ११ जना बालबालिकाहरुको अवस्थामा सुधार भइरहेको र यसभन्दा अगाडि ७ जना बालबालिकाहरु उपचारपछि घर फर्किएको जानकारी अस्पतालले दिएको छ।

मोरङ जिल्लाको ग्रामीण र सहरी दुबै क्षेत्रमा इन्सेफलाइटिस रोगको प्रकोप देखा परेको अस्पतालका स्वास्थ्यकर्मीहरु बताउँछन्।

Rising Nepal
28 June 2000

## Encephalitis

2000

R.N. Nepalgunj (RSS): 28 June

Like every year with the onset of the hot summer and monsoon season, this year also viral Encephalitis has been reported in some west terai and mid-hills districts of the region, according to the Bheri Zonal Hospital.

It is learnt that of the 36 Encephalitis patients from Banke, Bardiya, Parbat, Dang, Surkhet, Salyan and Kailali districts who had come to the hospital for treatment, seven have died.

Similarly, 24 persons have been discharged after becoming well and five of them were still undergoing treatment, according to hospital sources.

On an average 3-4 encephalitis patients come to the hospital daily.

Out of the 744 Encephalitis patients who were undergoing treatment at the hospital last year, 115 had died.

गोरखापत्र
१६ श्रावण २०५६

## नेपालगञ्जमा इन्सेफ्लाइटिस रोग फैलनसक्ने सम्भावना

धनगढी, साउन १६ गते । प्रत्येक वर्ष वर्षायाममा देखापर्ने इन्सेफलाइटिस रोग यसवर्ष पनि फाटफुटरूपमा देखापर्न थालेको छ । (गो.प. २०५६।४।१६)

कैलालीको सत्तीका एकजना बिरामीलाई इन्सेफ्लाइटिस रोग लागेको आशंकामा टिकापुरस्थित स्वास्थ्य केन्द्रमा अस्ति भर्ना गरिएको सो स्वास्थ्य केन्द्रका डा.होमनाथ पौडेलले बताउनुभयो ।

यस क्षेत्रमा लामखुट्टेको प्रकोप बढेकोले इन्सेफ्लाइटिस रोग पनि फैलिनसक्ने सम्भावना देखिनथालेको डा. पौडेलले बताउनुभयो । यसैबीच इन्सेफ्लाइटिस रोगबाट बच्ने उपायबारे जनचेतना जगाउने उद्देश्यले नारायणपुर गाविसमा जनचेतना र्‍यालीको आयोजना गरियो ।

नारायणपुर गाविसद्वारा गाविस कार्यालयबाट शुरुभएको सो र्‍याली नारायणपुर चौराहामा पुगी सभामा परिणत भएको थियो ।

र्‍यालीमा सामाजिक संघसंस्था, राजनीतिक दलका प्रतिनिधि, रेडक्रसका कार्यकर्ता स्थानीय बासिन्दाको सहभागिता थियो ।

गाविस अध्यक्ष फकिरसिं कडायतको सभापतित्वमा भएको उक्त सभामा स्वास्थ्य केन्द्र टीकापुरका डा.पौडेलले इन्सेफ्लाइटिस रोगबाट बच्ने उपायमाथि प्रकाश पार्नु भएको थियो ।

रासस

Rising Nepal
3 July 2000

## Encephalitis

3 July 2000

R.N. Dhangadhi, (RSS):

Like in the previous monsoon season, stray cases of encephalitis have been reported from various parts of the district this year also.

A suspected encephalitis case was reported in local Satti VDC yesterday. The patient has been admitted to the health centre in Tikapur.

According to Dr Homnath Poudel of the Health Centre, encephalitis outbreak can not be ruled out because of the unprecedented increase in the mosquito population here in the recent days.

Meanwhile, a public awareness rally was organised in Narayanpur VDC to raise awareness about encephalitis.

गोरखापत्र, १६ श्रावण २०५६

## इन्सेफलाइटिसबाट सात व्यक्तिको मृत्यु

०५६.४.१६. गो.प.

नेपालगञ्ज समाचारदाता

नेपालगञ्ज, साउन १५ गते । भेरी अञ्चल अस्पताल नेपालगञ्जमा इन्सेफलाइटिसका कारण सात व्यक्तिको मृत्यु भएको अस्पतालले जनाएको छ ।

गत वैशाखदेखि हालसम्म अस्पतालमा ३९ जना इन्सेफलाइटिसका बिरामीहरू आएका र हाल उपचारमा संलग्न चार बिरामी मात्र रहेको जानकारी अस्पताल प्रमुख डा. अरुण कोइरालाले गराउनु भयो ।

इन्सेफलाइटिसका बिरामीहरू अस्पतालमा आउने क्रम बढ्ने मौसम यही हो । तर यसपटक त्यसरी बिरामीको संख्या बढेको छैन । बिरामीको संख्या नबढ्नुको कारण स्पष्ट पार्दै फिजिसियन डा. लक्ष्मण मण्डलले गतसाल दिइएको खोप (एन्सेफलाइटिसविरुद्ध) ले बिरामी नियन्त्रण गरेको छ भन्नुभयो ।

गत साल बाँके जिल्लामा करिब ५६ हजार व्यक्तिहरूले इन्सेफलाइटिसविरुद्धको खोप लगाएका थिए ।

कान्तिपुर, १९ श्रावण २०५६

## इन्सेफलाइटिसबाट तीन जनाको मृत्यु

का.पु. ०५६.४.१९

विराटनगर, १८ साउन (कास)- विगतका वर्षहरुमा झैं यसपटक पनि जिल्लामा इन्सेफलाइटिस रोगको प्रकोप फैलिन थालेको छ।

यसपटक वर्षायाम प्रारम्भ भएदेखि हालसम्म इन्सेफलाइटिसबाट पीडित भई उपचारको लागि कोशी अञ्चल अस्पताल विराटनगरमा ५४ जना आएकोमा ती मध्ये ३ जनाको मृत्यु भएको जानकारी अस्पतालले दिएको छ।

मृत्यु हुनेहरुमा तीनै जना बालबालिका छन् भने उपचार गराउन आएका ५४ जनामध्ये ३८ जना उपचारपछि घर गएका र हाल १३ जनाको उपचार भइरहेको छ। पीडित हुनेमा बालबालिकाहरु ज्यादा रहेको जानकारी अस्पतालले दिएको छ।

गत वर्षको यो अवधिमा उक्त अस्पतालमा मोरङ सुनसरी, झापा, सिरहा, सप्तरी, उदयपुर जिल्लाबाट १ सय जनाभन्दा बढी उक्त रोगका रोगीहरु उपचारको लागि आएका तीमध्ये १२ जनाको मृत्यु भएको थियो। यसवर्ष अन्य जिल्लाका बिरामीहरुको तुलनामा मोरङ तथा विराटनगरवासीहरु बढी पीडित भएको जानकारी कोशी अञ्चल अस्पतालले दिएको छ।

कान्तिपुर, १९ श्रावण २०५६

## इन्सेफ्लाइटिसबाट आठको मृत्यु

का.पु. २०५६.४.१९

बाँके, १८ साउन (कास)- भेरी अञ्चल अस्पतालमा उपचारार्थ भर्ना भएका भाइरल इन्सेफ्लाइटिसका रोगीहरूमध्ये बुधबारसम्म ८ जनाको मृत्यु भएको छ।

उक्त अस्पतालका अनुसार बुधबारसम्म ४४ जना बिरामी उपचारार्थ भर्ना भएका थिए। जसमध्ये ६ जना उपचारपछि घर फर्किसकेका छन् भने बाँकी रोगीको उपचार भइरहेको छ। उपचारार्थ भर्ना हुनेहरूमध्ये बाँकेका १९, बर्दियाका १०, दाङका ३, सुर्खेतका २, सल्यानका ३, कैलालीका ४ र पर्वत जिल्लाका १ जना थिए।

उक्त अस्पतालका अनुसार गत वर्ष इन्सेफ्लाइटिस भई उपचारार्थ भर्ना भएका ७ सय १५ जनामध्ये १ सय १५ जनाको मृत्यु भएको थियो।

कान्तिपुर, २४ श्रावण २०५६

## इन्सेफलाइटिसबाट तीनको मृत्यु

कान्तिपुर समाचारदाता ०५६.४.२४

टीकापुर, २३ साउन- वर्षायामको सुरुवातसँगै देखापरेको जापानी इन्सेफ्लाइटिसको प्रकोपबाट कैलालीमा सोमबारसम्ममा तीन जनाको मृत्यु भएको छ। सेती अञ्चल अस्पताल धनगढीका सहायक प्रशासक मीनबहादुर साउदका अनुसार उक्त रोगको प्रकोपका कारण अस्पताल भर्ना भएका १८ जना बिरामीहरुमध्ये २ जनाको मृत्यु भएको छ। १० जना उपचारपश्चात् निको भई घर फर्की सकेका छन्।

हाल उक्त अस्पतालमा ६ जना बिरामीहरुको उपचार भइरहेको छ। विगतका वर्षहरुमा माहामारीकै रुपमा देखापर्ने इन्सेफ्लाइटिसको प्रकोप यस वर्ष व्यापकरुपमा नदेखिए पनि खतरा मुक्त भइनसकेकाले असोज महिनासम्म रोग देखा पर्न सक्ने स्वास्थ्यकर्मीहरु बताउँछन्।

त्यस्तै टीकापुरस्थित प्राथमिक स्वास्थ्य केन्द्रका अनुसार प्रमुख डा. होमनाथ पौडेलका अनुसार उक्त रोगको प्रकोपका कारण नारायणपुर- ८ सत्तीका ५६ वर्षीया रामदुलारे चौधरीको मृत्यु भएको छ भने, १ जनाको हाल उपचार भइरहेको छ। उक्त अस्पताल र टीकापुर नगरपालिकाको सक्रियतामा विभिन्न वडाहरुमा सरसफाई अभियान र सचेतना कार्यक्रम सञ्चालन गरिएको समेत डा. पौडेलले बताउनुभएको छ।

कान्तिपुर, १९ श्रावण २०५६

## कैलालीमा इन्सेफ्लाइटिसको प्रकोप सुरु

कान्तिपुर समाचारदाता ०५६.४.१९

धनगढी, १३ साउन- प्रत्येक वर्षायाममा महामारीको रुपमा फैलने इन्सेफ्लाइटिसको प्रकोप कैलालीमा यस वर्ष साउनको पहिलो साताबाट देखापर्न थालेको छ।

गुलरियाका १२ वर्षीय वीरबहादुरको सेती अञ्चल अस्पतालमा उपचार गराउँदा-गराउँदै उक्त रोगबाट मृत्युभएको अस्पतालले जनाएको छ।

गत वर्ष कैलालीमा वर्षायाममा फैलिएको इन्सेफ्लाइटिसको प्रकोपबाट एक सयभन्दा बढीको अकालमा मृत्यु भएको थियो भने करिब ९ सय जना उक्त रोगबाट पीडित बन्न पुगेका थिए।

यस वर्ष इन्सेफ्लाइटिसको प्रकोप बढ्न नदिन तथा प्रकोप फैलिएमा प्रभावकारी ढंगबाट नियन्त्रण गर्न गत चैत महिनादेखि नै जनस्तरमा निकै प्रयास भइरहेको छ। जिल्ला दैवी प्रकोप उद्धार समितिले रोग लाग्न नदिन र तत्काल स्वास्थ्य सेवा पुर्‍याउन उपचारात्मक प्रचारात्मक र सुरक्षात्मक उपाय अपनाउन करिब २० लाख रुपैयाँको कोष स्थापना गर्न आवश्यक तयारी गरिसकेको छ।

उता इन्सेफ्लाइटिस प्रकोपका विरुद्ध जिल्लाका विभिन्न भागमा दिनहुँजसो जनचेतना अभिवृद्धि र्‍याली र कार्यक्रम संचालन हुने गरेका छन्। यसै क्रममा बुधबार नारायणपुर गाविस, लायन्स क्लब, जेसिजलगायतका संघसंस्थाको आयोजनामा सत्ती नारायणपुरमा बृहद् जनचेतना र्‍याली सम्पन्न भएको गाविस अध्यक्ष फकिर सिंह कठायतले कान्तिपुरलाई बताउनुभयो।

गोरखापत्र २०५६.४.१८

# इन्सेफलाइटिसबाट तीनजनाको मृत्यु

०५६.४.१८

विराटनगर, साउन १७ गते । कोशी अञ्चल अस्पतालमा उपचारार्थ भर्ना भएका इन्सेफ्लाइटिसका विरामीहरूमध्ये तीनजनाको मृत्यु भएको छ ।

गत वैशाखदेखि हिजोसम्म इन्सेफ्लाइटिसबाट पीडित भई उपचारार्थ उक्त अस्पतालमा भर्ना भएका ५४ जनामध्ये ३८ जना उपचारपछि घर फर्केको र १३ जनाको हाल उपचार भइरहेको कोशी अञ्चल अस्पतालले जनाएको छ । ती रोगीमध्ये १२ जना विराटनगर उपमहानगरपालिका क्षेत्रभित्रका नै भएको बताइएको छ ।

प्रत्येक वर्ष असारको अन्तिम सातादेखि भदौ महिनाको अन्तिम सातासम्म झापादेखि मोरङ, सुनसरी, सप्तरी, सिराहा र जनकपुर तथा सीमावर्ती इलाकाबाट पनि इन्सेफ्लाइटिसका विरामीहरू उपचारका लागि कोशी अञ्चल अस्पतालमा आउने गरेको बुझिएको छ ।

यसैबीच सो रोगको समयमै रोकथामका लागि जिल्ला जनस्वास्थ्य कार्यालयको सहयोगमा विराटनगर उपमहानगरपालिकाले गत वैशाखको तेस्रो हप्तादेखि जेठको तेस्रो हप्तासम्म मालाथिन र डिजेल मिसाइएको झोल नगरका सबै वडामा छर्किसकेको छ भने अहिलेको वर्षातपछि इन्सेफ्लाइटिस र मेनिन्जाइटिस रोग महामारीको रूपमा फैलिन सक्ने सम्भावनालाई दृष्टिगत गरी निकट भविष्यमा सो रोग विरुद्ध दोस्रो चरणको प्रतिरोधात्मक कार्यक्रम संचालन गरिने विराटनगर उपमहानगरपालिका जनस्वास्थ्य शाखाका प्रमुख शिशुकुमार वैद्यबाट थाहा भएको छ । रासस

Raising Nepal 7 Aug 2000

# Encephalitis

7 Aug 2000

Nepalgunj (RSS): RN

Viral encephalitis has claimed a total of 483 lives in the past five years, according to Bheri Zonal Hospital sources.

During this period, 2,639 patients were treated, and 2,156 had returned home after receiving treatment at the hospital.

The last year claimed most of the people, the figure being put at 149. The disease has claimed seven lives so far this year.

Terai and hilly districts are reeling under the scourge of the disease for the past six years or so and the need of collective efforts has been felt to contain the spread of the disease.

गोरखापत्र २०५६ ४ २२

# इन्सेफ्लाइटिसबाट सात जनाको मृत्यु

गो प ०५६ ४ २३

नेपालगञ्ज, साउन २२ गते । भेरी अञ्चल अस्पतालमा गत ५ वर्षको अवधिमा भाइरल इन्सेफ्लाइटिस रोगबाट ४८३ जनाको मृत्युभएको छ ।

त्यस अवधिमा उक्त अस्पतालमा दुईहजार ६३९ जना इन्सेफ्लाइटिस रोगीको उपचार गरिएकोमा दुईहजार १५६ जना निको भई घर फर्केका र अन्य ४८३ जनाको मृत्युभएको जनाइएको छ ।

सो अवधिमा सबैभन्दा बढी गतवर्ष १४९ जनाको मृत्युभयो ।

गतवर्ष सो अस्पतालमा ७८६ जना इन्सेफ्लाइटिस रोगीको उपचार गरिएकोमा ६११ जना निको भएको र १४९ जनाको मृत्युभएको थियो ।

यसवर्ष भेरी अञ्चल अस्पतालमा इन्सेफ्लाइटिस रोगबाट हालसम्म सातजनाको मृत्यु भइसकेको छ ।

मध्यपश्चिमका तराई तथा पहाडी जिल्लामा गत सात/आठवर्षदेखि सो रोग महामारीका रूपमा फैलिने गरेको छ ।

गर्मी र वर्षायाम सँगसँगै फैलिने सो रोग नियन्त्रण गर्न सामुहिक प्रयास र गाउँ गाउँमा जनचेतना अभिवृद्धि गैराउनपर्ने टड्कारो आवश्यकता यहाँ महसुस गरिएको छ ।

क्युलेक्स जातको लामखुट्टेको टोकाइबाट सर्ने सो रोग नियन्त्रण गर्न सरकारी एवं गैरसरकारी संघ संस्था तथा सबै क्षेत्रबाट समयमै ध्यान दिनु पर्नेमा पनि यहाँ बढी जोड दिइएको छ । रासस

Kathmandu Post. Aug 7. 2000

# Mosquito menace rises in Bardiya

Aug. 7. 2000 K.P.

Aug 7 By a Post Reporter

GULARIYA, Aug 6

Mosquito menace has increased in Bardiya district over the past one month.

Three encephalitis patients have been admitted in Bardiya District Hospital for the first time this year.

Last year, 14 of the total 59 encephalitis patients admitted to this hospital had died, Chief of the Disease Control Section Bal Krishna Sharma told The Kathmandu Post.

"More than 100 thousand people below 15 years of age were inoculated against Japanese encephalitis for a week last year. Therefore there are very few cases of encephalitis this year," chief of Bardiya District Health Office Dr Braj Kishor Thakur said.

He added, though that none of the encephalitis patients admitted to the hospital this year had received vaccination last year.

Most of the patients admitted this year have come for treatment of typhoid. About 40 to 45 typhoid patients are coming to the hospital every day. Most of the patients admitted to the hospital are suffering from typhoid. With the increase of mosquitoes, malaria cases are also increasing in the district, according to health workers.

कान्तिपुर २०५६.४.२३.

# तीन जना इन्सेफ्लाइटिसका रोगी अस्पतालमा

का.पु. ०५६.४.२३.

गुलरिया, २२ साउन- बर्दिया जिल्लामा विगत एक महिनायता लामखुट्टेको प्रकोप बढ्न थालेपछि यो वर्ष पहिलो पटक जिल्ला अस्पताल बर्दियामा तीन जना इन्सेफ्लाइटिसका रोगी भर्ना भएका छन् ।

गत वर्ष यही अवधिमा ५९ जना मस्तिष्क ज्वरोबाट पीडित रोगी भर्ना भएकामध्ये १४ जनाको मृत्यु भएको कुरा रोग नियन्त्रण शाखाका प्रमुख बालकृष्ण शर्माले कान्तिपुरलाई बताउनुभयो । गत वर्ष २०५६ साल साउन २ गते जापानिज इन्सेफ्लाइटिसविरुद्ध सात दिनसम्म १५ वर्षमुनिका १ लाख ७ हजार व्यक्तिले खोप लगाएका थिए । यसै खोपका कारण यो वर्ष उक्त रोग त्यति देखा नपरेको कुरा जिल्ला स्वास्थ्य कार्यालय बर्दियाका प्रमुख डा. ब्रजकिशोर ठाकुर बताउनुहुन्छ ।

उहाँले भर्ना भएका इन्सेफ्लाइटिस रोगी कसैले पनि गत वर्ष यो रोगका विरुद्ध खोप नलगाएको कारण बिरामी भएको बताउनुभयो ।

यस अस्पतालमा टाइफाइडका रोगी अत्यधिक मात्रामा उपचार गराउन आएका छन् । यस अस्पतालको बहिरङ्ग सेवाको तथ्यांकअनुसार दैनिक सरदर ४०-४५ जना टाइफाइडका रोगी उपचार गराउन आउने गर्छन् ।

लामखुट्टेको प्रकोपका कारण अहिले बर्दियामा मलेरियाका रोगी पनि देखा पर्न थालेको अस्पतालका स्वास्थ्यकर्मीहरु बताउँछन् ।

कान्तिपुर २०४६ ४·२५·

# इन्सेफ्लाइटिसबाट तीनको मृत्यु

कान्तिपुर समाचारदाता ०४६·४·२५·

विराटनगर, २४ साउन- प्रचण्ड गर्मी र वर्षा सँगसँगै कोशी अञ्चल अस्पताल विराटनगरमा इन्सेफ्लाइटिस र सर्पले टोकेका विरामीहरुको संख्या दिनप्रतिदिन बढ्न थालेको छ।

यस वर्ष साउन २० गतेसम्ममा अस्पतालमा भर्ना भएका ६१ जना इन्सेफ्लाइटिसका रोगीहरुमध्ये ३ जनाको मृत्यु भएको उक्त अस्पतालले जनाएको छ।

अस्पतालका अनुसार उक्त अवधिमा इन्सेफ्लाइटिसबाट मृत्यु हुनेहरुमा मोरङ थलाहा गाविस- ७ का २ वर्षीय पारस थापा, विराटनगर उपमहानगरपालिका- २२ का ५ वर्षीय महमत सवर्ती तथा सप्तरी तिरुता- ६ का १७ वर्षीय श्यामकुमार चौधरी छन्।

पूर्वमा मोरङ, सुनसरी, सिराहा, सप्तरी र उदयपुरमा उक्त रोगबाट विशेषगरी बालबालिकाहरु बढी प्रभावित भएका छन्।

गत वर्ष उक्त रोगका १ सय २४ जना रोगी उपचारका लागि आएकोमा ११ जनाको मृत्यु भएको थियो।

त्यसैगरी सर्पले टोकेका विरामीहरुको चाप पनि अस्पतालमा बढ्न थालेको छ। अस्पतालमा गत वैशाख महिनादेखि साउन २० गतेसम्म सर्पले टोकेका र शंकास्पद गरी ४ सय ७९ जनाको उपचार भएकोमा तीमध्ये ४ जनाको मृत्यु भएको थियो।

अस्पतालका अनुसार सर्पले टोकेका विरामीहरु विशेषगरी मोरङ र सुनसरीबाट बढी मात्रामा आइरहेका छन्। गत वर्ष वैशाखदेखि भदौ महिनासम्म २ सय ८३ जना विरामी उपचारका लागि आएकोमा ४ जनाको मृत्यु भएको जानकारी अस्पतालले दिएको छ।

कान्तिपुर २०४६·५·२·

# मस्तिष्क ज्वरोबाट चौधको मृत्यु

कान्तिपुर समाचारदाता ०४६·५·२·

बाँके, १ भदौ- भेरी अञ्चल अस्पतालमा वैशाख महिनायता मस्तिष्क ज्वरोबाट १४ जनाको मृत्यु भएको छ।

गर्मी र वर्षासँगै सुरु भई प्रकोपकै रुपमा मध्य तथा पहाडी जिल्लालाई प्रभावित पार्ने उक्त रोगबाट वैशाख महिनादेखि भेरी अञ्चल अस्पतालमा उपचारार्थ आएका ९७ बिरामीमध्ये ५२ जना उपचारपछि घर फर्किसकेका छन् भने ३१ जनाको उपचार भइरहेको छ।

अस्पताल प्रमुख डा. अरुण कोइरालाका अनुसार प्रत्येक दिन २/३ जना मस्तिष्क ज्वरोका बिरामी उपचारार्थ अस्पतलामा आउने गरेका छन्। बिरामीको संख्या बढ्न थालेपछि अहिले अस्पतालमा शैय्या र स्वास्थ्यकर्मीको कमीका कारण उपचार कार्यमा समस्या उत्पन्न भएको छ।

अस्पतालमा आएकामध्ये आर्थिक अवस्था कमजोर भएका बिरामीलाई अस्पतालले निःशुल्क औषधि उपलब्ध गराउँदै आएको जानकारी पनि डा. कोइरालाले दिनुभयो।

गत वर्ष मस्तिष्क ज्वरोबाट बिरामी भई उपचारार्थ अस्पतलामा भर्ना भएका ७ सय ४४ बिरामीमध्ये १ सय १५ जनाको मृत्यु भएको थियो।

कान्तिपुर २०५६ ४.२६

# इन्सेफ्लाइटिसबाट नौजनाको मृत्यु

कान्तिपुर संवाददाता ०५६.४.२६

नेपालगन्ज, २५ साउन- हरेक वर्ष वर्षात्‌को समयमा महामारीका रुपमा फैलिने इन्सेफ्लाइटिसले यो वर्ष भेरी अञ्चल अस्पतालमा ९ जनाको मृत्यु भएको छ।

अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. अरुण कोइरालाका अनुसार यो वर्ष उक्त अस्पतालमा ४९ जना उक्त रोगका बिरामी उपचारार्थ आएका थिए। तीमध्ये ३५ जना ठीक भएर घर गइसकेको र १५ जनाको उपचार भइरहेको छ।

२०४९ सालयता भेरी अञ्चल अस्पतालमा मात्र इन्सेफ्लाइटिसका ३ हजार ३ सय ८० जना बिरामी उपचारार्थ आएकोमा ६ सय ४३ जनाको मृत्यु भएको पनि अस्पतालले जनाएको छ।

यसैबीच स्वीस रेडक्रसको सहयोगमा नेपाल रेडक्रस सोसाइटी, बाँके शाखाले बाँकेका १३ वटा गाविस र नेपालगन्ज नगरपालिकामा इन्सेफ्लाइटिस, आँखा रोग र एचआइभी/एड्ससम्बन्धी जनचेतना विस्तार कार्यक्रम सुरु गर्ने जनाएको छ।

बाँके जिल्लाका परसपुर, साइगाउँ, जयसपुर, पिप्रहवा, हिरमिनिया, उदयपुर, भवानियापुर, पुरैना, पुरैनी, बसुदेवपुर, खासकारकादो, ढोलभार र इन्द्रपुर गाविसमा उक्त कार्यक्रम सुरु गरिने जानकारी रेडक्रसको सामुदायिक स्वास्थ्य प्रवर्द्धन कार्यक्रमले दिएको छ।

उक्त जानकारी दिने उद्देश्यले सम्बन्धित गाबिसका प्रतिनिधिहरु, गैरसरकारी संस्थाका पदाधिकारीहरु, स्वास्थ्यसँग सम्बद्ध कर्मचारीहरुको सहभागितामा मंगलबार एक कार्यक्रम सम्पन्न भयो। उक्त कार्यक्रमको सभापतित्व नेपाल रेडक्रस सोसाइटी, बाँके शाखाकी अध्यक्ष नर्वदा शर्माले गर्नुभएको थियो।

गोरखापत्र २०५६.५.२.

# इन्सेफलाइटिसबाट ३५ को मृत्यु

गोरखापत्र समाचारदाता ०५६.५.२.

काठमाडौं, भदौ १ गते। अधिराज्यका विभिन्न स्थानमा फैलिएको इन्सेफलाइटिसको प्रकोपबाट हालसम्म ३५ जनाको मृत्यु भएको कुरा स्वास्थ्य सेवा विभाग इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले जनाएको छ।

सो महाशाखाका निर्देशक डा. महेन्द्रबहादुर विष्टका अनुसार त्यसरी मर्नेहरुमा भेरी अञ्चल अस्पतालमा १४, बर्दिया अस्पतालमा ३, दाङ् अस्पतालमा २, सेती अञ्चल अस्पताल कैलाली धनगढीमा ३, महाकाली अञ्चल अस्पताल कञ्चनपुर महेन्द्रनगरमा ४, मेची अञ्चल अस्पताल झापामा ५, टीकापुर स्वास्थ्य चौकी कैलालीमा १ र कोशी अञ्चल अस्पताल विराटनगरमा ३ जना रहेका छन्।

सो महाशाखाले हालै प्रकाशित एक समाचारमा यो रोगबाट मर्नेहरूको संख्या १९१ पुगेको भन्ने कुरा असत्य भएको पनि जनाएको छ।

Rising Nepal 2. Aug 2000

# Encephalitis deaths increase

R.N. 2. Aug 2000

Biratnagar, Aug 1 (RSS):

Three patients suffering from encephalitis who had been admitted in the Koshi Zonal Hospital have died.

Out of the 54 encephalitis patients admitted in the hospital for treatment, 38 have returned home after treatment and 13 are undergoing treatment.

Of them, 12 are from the Biratnagar Sub-Metropolis area alone, hospital sources said.

Encephalitis patients visit the hospital for treatment from Morang, Sunsari, Saptari, Siraha and Janakpur as well as from bordering Indian areas since Asar last to Bhadau last.

Meanwhile, the Biratnagar Sub-Metropolis has sprayed malathion and diesel mixture in all the wards to check the spread of the disease with the cooperation from the district health office.

Biratnagar Sub-Metroplis will launch a preventive programme in the second phase in the near future in view of the possibility of epidemic of meningitis and encephalitis spreading after the rainy season, according to chief of the Biratnagar Sub-Metropolis Public Health Section Shishu Kumar Vaidya.

Kathmandu Post 3 Aug 2000

K.P. Aug 3. 2000

# Encephalitis claims three

BIRATNAGAR, Aug 2 (PR)- Three person have died while many others have been affected by encephalitis triggered by the monsoon in Koshi Zone.

According to the Koshi Zonal Hospital, Biratnagar, out of 54 patients, mostly children, admitted at the hospital after the outbreak of monsoon, three children have died while 38 have been discharged after recovery. Thirteen are still undergoing treatments. Over 100 patients had come to the hospital for treatment of encephalitis from Morang, Sunsari, Jhapa, Siraha, Saptari and Udayapur districts of the zone, last monsoon. Most of the patients this year, however, are from Morang, a hospital source said.

गोरखापत्र २०५६ ५ ३१

# इन्सेफलाइटिसबाट तीनजनाको मृत्यु

५४६.४.३१

**विराटनगर समाचारदाता**

विराटनगर, साउन ३० गते । गर्मीको मौसममा बढी देखिने इन्सेफलाइटिस रोगबाट यो वर्ष तीन जनाको मृत्यु भइसकेको कोशी अञ्चल अस्पतालले जनाएको छ ।

अस्पतालको तथ्यांक शाखाले दिएको जानकारी अनुसार गत असारको पहिलो हप्तादेखि आजसम्म सो रोगबाट पीडित भई उपचारका लागि अस्पताल भर्ना भएका ६७ जना बिरामीमध्ये मोरंग थलाहा गाबिसका दुई वर्षीय पारस थापा, विराटनगर उपमहानगरपालिका वडा नं. २२ का पाँच वर्षीय मोहमंद सफती र सप्तरीका १७ वर्षीय श्याम चौधरीको मृत्यु भएको छ ।

तथ्यांक शाखाका खगेन्द्र भण्डारीका अनुसार सो रोग लागि उपचारार्थ अस्पताल भर्ना हुनेमध्ये बालबालिकाको संख्या धेरै रहेको छ ।

अस्पतालमा मोरंग, झापा, सुनसरी, सप्तरी, उदयपुरका इन्सेफलाइटिस रोगले समातेका रोगीहरूको उपचार हुने क्रम जारी छ । हाल अस्पतालमा १० जना यस्ता रोगीको उपचार भइरहेको बुझिएको छ ।

मच्छेडको टोकाइबाट हुने इन्सेफलाइटिस रोगको विषयमा विराटनगर उपमहानगरपालिका गम्भीर देखिएको छैन । वर्षेनि मच्छेड मार्ने औषधि छर्ने र नाला, झाडीका मच्छेड मार्ने गरिएको भए पनि यस वर्ष नगरपालिकाले त्यसतर्फ ध्यान नदिएको नगरबासीले गुनासो गरेका छन् ।

यस विषयमा विराटनगर उपमहानगरपालिकाको ध्यान आकर्षण गराउँदा एक कर्मचारीले नियमित प्रक्रिया अनुसार कार्य भईरहेको बताए ।

## जिल्ला परिषद् सम्पन्न

**पोखरा समाचारदाता**

पोखरा, साउन ३० गते । नेपाल कम्युनिष्ट पार्टी एमालेको कास्की जिल्लाको चौथो जिल्ला परिषद् १३ बुँदे प्रस्ताव पारित गरी सम्पन्न भएको छ ।

गत २८ र २९ गते सञ्चालन भएको सो परिषद्ले शान्ति सुरक्षालाई विशेष जोड दिएको नेकपा एमाले कास्की [illegible] विभाग प्रमुख श्रीनाथ बरालले जानकारी दिनुभयो ।

अन्य प्रस्तावहरूमा संगीतकार प्रविण गुरुङको हत्यरालाई कार्बाही, संस्थानका कर्मचारीहरूले गरेको संघर्षप्रति ऐक्यवद्धता, मतदाता नामावलीमा भएको पक्षपातपूर्ण व्यवहार, बढ्दो महँगी, विद्यालय र क्याम्पसको शुल्क वृद्धि अविरल वर्षाका कारण पीडित परिवारलाई राहत लगायतका विषयहरूमा रहेका छन् ।

गोरखापत्र २०५६.४.२९

# सम्पादकलाई चिट्ठी

०५६.४.२९

## इन्सेफलाईटिस रोग

नेपालको पूर्वी तराई भूभागमा प्रत्येक वर्ष यसै गर्मीयाममा इन्सेफलाईटिस रोगबाट अनाहकमा कतिपयको जीवन लीला समाप्त भएको छ। यस्तो खतरनाक रोगको नियन्त्रण भने आजसम्म हुन सकेको छैन। प्रत्येक वर्ष फिर्ने यो रोगको खतराले शहर, गाउँको जनजीवन नै त्रस्त र अनाहकमा पीडा भोगिरहेका छन्।

सरकारी अस्पताल यस्ता रोगीको बढ्दो चापले यतिखेर भरिएका छन्। इन्सेफलाईटिस जस्तो खतरनाक रोगबाट प्रत्येक वर्ष अनाहकमा दुःख दिदै आएको अवस्था बारे सम्बन्धित निकाय अनभिज्ञ र मौन छन्। नगरपालिका स्वास्थ्य केन्द्र लगायतका महत्त्वपूर्ण निकाय हुँदा हुँदै पनि यस्तो रोगको नियन्त्रण तथा रोकथामका उपाय कार्यान्वयन न गरिनु दुःखको कुरा हो। नेपालमा यस्ता रोगको पहिचान र उपचार पद्धतिबारे चिकित्सक अन्यौल परे विदेशबाट भए पनि दश चिकित्सकको सहयोगमा यो खतरनाक रोगबाट राहत पुऱ्याउन सके सबैको कल्याण हुने थियो।

*होमनाथ घिमिरे*
*तिनपैनी पूर्वटोल, विराटनगर २*

# Encephalitis kills three, epidemic feared

Aug 14. 2000 K.P.

**By a Post reporter**

MAHENDRANAGAR, Aug 13 - Three persons have already died of encephalitis at the Mahakali Zonal Hospital while the doctors at the hospital fear the disease is fast turning into an epidemic.

Encephalitis is growing by days, the Medical Superintendent at the hospital Dr Dil Bahadur KC said. The hospital is admitting one or two encephalitis patients every day since the past two weeks.

Dr KC, however, added that the hospital is providing effective treatment to the patients and many of the patients have recovered.

Out of the 16 cases admitted in the hospital this year, seven have already recovered and have been discharged while three died and six are still undergoing treatment.

Last year 12 people succumbed to encephalitis in the hospital.

Kathmandu Post 14 Aug 2000

Raising Nepal 18 Aug 2000

R.N AUG 18. 2000

# Encephalitis deaths increasing

Nepalgunj, Aug. 17 (RSS):

Viral encephalitis has so far claimed the lives of fourteen persons at the local Bheri Zonal Hospital as of Wednesday. The figure includes the period from mid-April to August 16.

According to the Bheri Zonal Hospital, of the people afflicted with viral encephalitis from some terai and mid-mountain districts who had been admitted to the hospital for treatment, 45 have been discharged after recovery while 31 others are undergoing treatment.

Chief of the Bheri Zonal Hospital Dr. Arun Koirala says the hospital has been providing free medicines to economically-weak patients who cannot afford for the treatment cost.

On an average, 2-3 encephalitis patients are coming to the hospital for treatment and the hospital is facing shortage of beds and manpower, it is learnt.

Out of the 744 encephalitis cases the hospital admitted last year, 115 had died of the disease. Likewise in Bhadrapur, encephalitis has claimed the lives of six persons out of the 25 persons who were admitted to the Mechi Zonal Hospital, Bhadrapur during the last six months, it is learnt from Mechi Zonal Hospital.

The deceased include Pawan Khatiwada, 16, a resident of local Birtamod, 67-year-Aitmaya Limbu of Danabari, three-year-old Nissin Hussein of Chakchaki, nine-year-old Bishnu Rajbanshi of Surunga, Yadavi Kafley, 6, of Khudunabari and a seven months old infant from Mechi Nagar Municipality.

The hospital admitted five encephalitis patients in April-May, three in May-June, four in June-July and 13 in July-August.

At present, two persons are undergoing treatment at the hospital while the others have been discharged after recovery.

Meanwhile, the district public health office has mobilised three kala-azar prevention teams to bring under control the possible kala-azar flare-up in the district.

The teams have been spraying disinfectants in different parts of the district. Only two cases of kala-azar were reported in the last month.

गोरखापत्र २०५६.४.३०

# बारामा कालज्वर तथा इन्सेफलाइटिस देखियो

गो.प ०५६.४.३०

बारा समाचारदाता

कलैया, साउन २९ गते । बारा जिल्लाको सदरमुकाम भन्दा उत्तरका अवस्थित सिंगासिनी तथा जीतपुर क्षेत्र फाट्फुट्ट कालाज्वर तथा इन्सेफलाइटिसका रोगीहरू देखा पर्न थालेका छन् ।

जिल्ला जनस्वास्थ्य कार्यालयका अनुसार सिंगासिनी गाविसका वडा नं. २, ४, ५ गरी तीनवटा वडाका बासिन्दाहरू कालाज्वरबाट बढी प्रभावित भएका छन् ।

त्यसैगरी कलैया अस्पतालमा हालसम्म तीनजना कालाज्वरका रोगीहरू उपचारार्थ भर्ना भएका छन् भने इन्सेफलाइटिसका रोगीहरू चाहिं देखा नपरेको कुरा अस्पतालका प्रमुख डा. शतिशचन्द्र चौधरीले बताउनुभयो ।

त्यसैगरी बाराको जीतपुरस्थित सिंह नरसिंह होममा पनि तीनजना इन्सेफलाइटिस र कालाज्वरका रोगीहरू आएका र उनीहरूलाई वीरगञ्ज रेफर गरिएको कुरा उक्त नर्सिङ होमका डा. रविन्द्रकुमार सिंहले बताउनुभयो ।

रोगीहरू विशेषत उपचारको लागि वीरगञ्ज जाने गरेकोले जिल्लामा कति व्यक्ति सो रोगबाट पीडित रहेका छन् तथ्यांक प्रस्तुत गर्न नसकिने जनस्वास्थ्य प्रमुख डा. चौधरीले बताउनुभयो ।

कान्तिपुर २०५६.५.१

# इन्सेफ्लाइटिसबाट आठको मृत्यु

कान्तिपुर समाचारदाता ०५६.५.१

बिर्तामोड, ३२ साउन- बढ्दो मौसमी तापक्रमसँगै जिल्लामा फैलिएको इन्सेफ्लाइटिस रोगबाट साउन महिनामा मेची अञ्चल अस्पतालमा उपचारका लागि आएका १५ जना बिरामीमध्ये चार जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा ३ जना बालबालिका रहेका छन्।

अस्पतालका मेडिकल रेकर्डर मनोज पोखरेलका अनुसार यसै महिना अस्पताल आएका १३ जना मेनेन्जाइटिस र २ जना कालाज्वरका बिरामी भने उपचारपछि घर फर्किएका छन्।

यस्तै धनगढीस्थित कान्तिपुर समाचारदाता लेख्छन्- साउनको पहिलो सातायता सेती अञ्चल अस्पतालमा ३ र टीकापुर प्राथमिक स्वास्थ्य चौकीमा एक गरी इन्सेफ्लाइटिसबाट धनगढीमा ४ जनाको मृत्यु भएको छ।

उक्त अञ्चल अस्पतालका सुपरिटेन्डेन्ट डा. कृष्णकुमार राईका अनुसार दैनिक १५/१६ जना इन्सेफ्लाइटिसका रोगीहरु भर्ना हुने गरेकाले शय्याहरुको अभाव भई बरन्डा र अन्य खाली ठाउँमा बिरामीहरु सुताउनु परेको छ।

कान्तिपुर ०५६.४.२६

# मस्तिष्क ज्वरोबाट दुई जनाको मृत्यु

का.पु.२६.४.०५६

गुलरिया, २६ साउन (कास)- जिल्ला अस्पताल बर्दियामा विगत एक साता यता इन्सेफ्लाइटिस र मेनेन्जाइटिसबाट दुई जनाको मृत्यु भएको छ। बर्दिया जिल्ला अस्पताल सूत्रका अनुसार रोगीमध्ये दुई जनाको उपचार गराउँदा-गराउँदै मृत्यु भएको छ।

मृत्यु हुनेमा पदनाहा गाविसका दश वर्षीय बालक रुद्र लखन चौधरी र सानोश्री गाविस-१ निवासी ५५ वर्षीया मैनकला राना रहेका छन्। अस्पतालमा भर्ना गरिएका अन्य दुई जनाको अवस्था चिन्ताजनक रहेको [illegible] पनि अस्पताल सूत्रले जनाएको [illegible]

गोरखापत्र २०५६.५.२.

# इन्सेफ्लाइटीसबाट २० जनाको मृत्यु

०५६.५.२.

नेपालगंज, भदौ १ गते। लामखुट्टेको टोकाइबाट हुने भाइरल इन्सेफलाइटीस (मस्तिष्क ज्वरो) बाट भेरी अंचल अस्पतालमा हिजोसम्म १४ जनाको मृत्यु भएको छ।

पश्चिम क्षेत्रका तराई तथा मध्य पहाडी जिल्लाबाट यस वर्षको बैशाखदेखि हिजोसम्म अस्पतालमा उपचारार्थ आएका त्यस्ता बिरामीहरूमध्ये ४५ जना निको भई घर फर्किसकेका छन् भने हाल ३१ जनाको उपचार भइरहेको बताइएको छ।

ती बिरामीहरूमध्ये आर्थिक अवस्था कमजोर भएका बिरामीलाई अस्पतालले निःशुल्क औषधोपचार गराउँदै आएको कुरा अस्पताल प्रमुख डा. अरुण कोइरालाले बताउनुभयो।

मस्तिष्क ज्वरोका दैनिक सरदर तीनजना बिरामी अस्पतालमा आउने गरेकाले शय्या र स्वास्थ्यकर्मीको कमीका कारण समस्या भएको छ।

गत बर्ष सो अस्पतालमा उपचारार्थ आएका त्यस्ता ७४४ बिरामीमध्ये ११५ जनाको मृत्यु भएको थियो।

यसैगरी, मेची अन्चल अस्पतालमा हिजोसम्म मस्तिष्क ज्वरो (ईन्सेफलाईटीस) का २५ जना बिरामी उपचारार्थ आएकोमा छ जनाको मृत्यु भएको छ।

अस्पतालमा मस्तिष्क ज्वरोका बिरामी गत बैशाखमा पांच जना, जेठमा तीन जना, असारमा चार जना र साउन महिनामा १३ जना आएका थिए भने हाल दुई जना बिरामीको उपचार भइरहेको छ।

यसैबीच झापाका संभावित क्षेत्रमा कालाज्वरो फैलिन नदिन जिल्ला जन स्वास्थ्य कार्यालयले तीन वटा सुरक्षा टोली खटाएको छ।

सो टोलीले झापाका केराबारी र तोपगाछीको सानोकेर्खामा रोगविरुद्ध केओथरीन नामक औषधि छर्ने कुरा जन स्वास्थ्य कार्यालयका मुक्ति दाहालले बताउनुभयो।

साथै मेची अन्चल अस्पतालमा हालै दुई जना कालाज्वरोका बिरामी उपचार गराई घर फर्केको अस्पतालका मनोज पोखरेलले बताउनुभयो। रासस

Kathmandu Post 17 Aug 2000

# Encephalitis toll 4 in Kailali

Aug 17. 2000 K.P.

By a Post Reporter

DHANGADI, Aug 16 - The death toll from encephalitis in Kailali, a western Terai district, has reached four, after Bir Bahadur, 12, died on Sunday.

The deceased, afflicted with encephalitis, died while undergoing treatment in our Hospital, said Krishna Kumar Rai, Medical Superintendent, at Seti Zonal Hospital (SZH).

The outbreak of this contagious disease has showed a marked increase in the last 10 days, added Rai.

"Hence, the Hospital is facing management difficulties," he said.

Every day, on an average, 16 patients of encephalitis come to the hospital. Inadequate beds and manpower, among other factors, has posed a problem, said Rai.

According to him, two patients -- each at Tikapur Primary Health Post and SHZ--died due to encephalitis on Aug 2.

Last year during summer, encephalitis claimed 106 lives in the district.

Raising Nepal 11-Aug 2000

# 2 die of encephalitis

Aug 11 2000 R.N

GULARIYA, Aug 10 (PR) - Two people have died of encephalitis on Tuesday night in Bardiya District Hospital as they were undergoing treatment, according to the hospital sources.

Assistant Health Worker of the hospital Amar Khadka said those who died of encephalitis were Ram Lakhan Chaudhari, 10 of Padanaha VDC and Mainkala Rana, 55 of Sanoshree VDC-1.

The condition of one encephalitis patient and one meningitis patient, who were admitted to the hospital within this week is also critical, Khadka informed.

These are the first and second deaths from encephalitis in the Bardiya district this year. Last year, 14 people had died of this disease in this district. Altogether 27 people have died of this disease over the last two years, according to health workers.

Bardiya District Health Office Chief Dr Braj Kishor Thakur told *The Kathmandu Post* that there was no pressure of encephalitis patients this year because people were inoculated against this disease last year.

Since many patients go to Kohalpur and India for their medical treatment, local health workers say it is difficult to know the exact number of people suffering from encephalitis in Bardiya.

गोरखा पत्र २०४६.४.३२

# सुदर पश्चिमको तराईका जिल्लामा इन्सेफ्लाइटिसको प्रकोप तीव्र

गोरखा समाचारदाता ०४६.४.३२.

काठमाडौं, साउन ३१ गते । पश्चिम नेपालका बाँके, बर्दिया, कैलाली र कञ्चनपुर जिल्लामा 'इन्सेफ्लाइटिस' रोगको प्रकोप निकै बढ्न गएको छ ।

साउन महिनादेखि भाद्र महिनासम्म फैलने यो रोगबाट मर्नेहरूको संख्या हर वर्ष पनि नघटाउने किसिमले बढ्दै गइरहेको छ । र, लामखुट्टेको टोकाइबाट सर्ने यो सरुवा रोगले दैनिक १५ देखि २० जना मानिसलाई प्रभावित पारेको बताइन्छ ।

सेती अञ्चल अस्पताल धनगढीका इन्चार्ज डा. कृष्णकुमार राईका अनुसार यो रोग सबैभन्दा बढी कैलाली र बर्दिया जिल्लामा फैलिएको छ ।

डा. राईका अनुसार बाँके, बर्दिया, कैलाली र कञ्चनपुरमा यो रोगबाट मर्नेहरूको संख्या हालसम्म १९१ पुगेको छ । मर्नेहरूमध्ये कैलालीमा ७० जना, कञ्चनपुरमा ३० जना, बर्दियामा ५० जना र बाँकेमा ४१ जना रहेका छन् ।

त्यसैगरी, अहिले भेरी अञ्चल अस्पतालमा ५० जना, बर्दिया स्वास्थ्य केन्द्रमा ४० जना, टिकापुर स्वास्थ्य केन्द्रमा ३२ जना, सेती अञ्चल अस्पतालमा ५२ जना र कञ्चनपुर स्वास्थ्य उपचार केन्द्र महेन्द्रनगरमा ३० जना "इन्सेफलाइटिस" बिरामीहरूको उपचार भइरहेको छ । रडा. राईले जानकारी दिए अनुसार अहिले उक्त चार जिल्लामा बालबालिका, महिला र पुरुष गरी करीब आठसय जना यो रोगबाट प्रभावित भएका छन् ।

गत वर्षभन्दा यस वर्ष नेपालगञ्जमा फोहर र पानी जम्ने कारणले यो रोगले नगरबासीलाई नराम्रोसित प्रभाव पारेको बुझिएको छ ।

बर्दिया जिल्लाको गाउँ बस्तीहरूमा 'इन्सेफ्लाइटिस' रोग बढ्दै गएकोले बिरामीहरूलाई भेरी अञ्चल अस्पतालमा उपचार गराउन ल्याउने क्रम बढ्दो रहेको कुरा भेरी अञ्चल अस्पताल नेपालगञ्जबाट थाहा हुन आएको छ ।

त्यसैगरी, टिकापुर स्वास्थ्य केन्द्रका इन्चार्ज डा. होमनाथ पौडेलले 'इन्सेफ्लाइटिस' रोगको उपचारपछि पनि केही समयसम्म अपाङ्ग हुने र सोच्ने शक्तिमा ह्रास आउनका साथै खाना-खान मन नलाग्नु जस्ता समस्या देखा पर्ने गरेको बताउनुहुन्छ ।

बिजुली बत्तीको अभाव तथा सरसफाइको कमीले गर्दा लामखुट्टेको टोकाइबाट सर्ने यो रोगलाई निराकरण गर्न अझै समय लाग्ने कुरा डा. पौडेलले गोरखापत्रलाई बताउनुभयो ।

यो रोग लागेपछि टाउको दुख्ने वाकवाकी लाग्ने, ज्वरो आउने, हातखुट्टा दुख्ने र अन्तमा बेहोस हुने जस्ता लक्षणहरू देखा पर्दछन् । यो रोगको उपचार तुरुन्तै हुन नसकेमा अकालमै ज्यान गुमाउनुपर्ने डा. पौडेल बताउनुहुन्छ ।

यो रोगको प्रकोपमापरि मर्ने अधिकांश ग्रामीण क्षेत्रमा बसोबास गर्नेहरू रहेको बताइन्छ । त्यसमा पनि चेतनाको अभावको कारण सबैभन्दा बढी मर्नेहरूको संख्या थारू जातिका रहेका छन् ।

गत वर्षदेखि इन्सेफलाइटिस रोगविरुद्ध लगाइँदैआएको भ्याक्सिन यस वर्ष पनि बर्दिया, बाँके र कैलालीमा लगाइँदै गरेको छ र डाक्टरका अनुसार गत वर्ष भ्याक्सिन नदिएका गाविसका जनतालाई यो रोग व्यापक रूपमा फैलिएको छ ।

जापानको सहयोगबाट सञ्चालित उक्त कार्यक्रम अन्तर्गत भ्याक्सिन लगाएको मानिसलाई पछिल्लो वर्षमा इन्सेफ्लाइटिस रोगबाट बचन सहयोग पुगेको सम्बन्धित चिकित्सकहरू बताउँछन् । र, वर्षाका कारण उपचार कार्यमा कठिनाई उत्पन्न भएको र औषधिको कमीले गर्दा पनि यस रोगबाट प्रभावित बिरामीहरूको उपचार कार्यमा बाधा उत्पन्न भएको चिकित्सकहरू बताउँछन् ।

गोरखापत्र २०४६ ४.३२

# इन्सेफलाइटिसबाट छ जनाको मृत्यु

गो.प. ०४६.४.२२

कैलाली समाचारदाता

धनगढी, साउन ३१ गते। कैलाली र कञ्चनपुर जिल्लाभित्रका सुकुम्वासीहरूका शिविरमा एन्सें-फलाइटिस रोग फैलिन गई टीकापुरको एक शिविरका कमैया रामयल चौधरीको मृत्यु हुनुको साथै जिल्लाभरी थप पाँच जनाको मृत्यु भएको बताइएको छ।

नारायणपुर- ७ सिमरैली बस्ने रामथल चौधरीको सुकुम्वासी शिविरमा बसेको बेला इन्सेफलाइटिस रोग लागेको र टीकापुर प्राथमिक स्वास्थ्य उपचार केन्द्रमा उपचार गर्दागर्दै मृत्यु भएको सो गाविसका अध्यक्ष फकिर सिंह कठायतले बताउनुभएको छ।

असार महिनाको अन्तिम सातदेखि यस रोगको प्रकोपबाट पीडित ६० जना जति सेती अञ्चल अस्पतालमा बिरामीहरू भर्ना भएका र ३२ जना उपचार पश्चात् घर फर्केका २६ जना उपचार गराइरहेका छन भने दुई जनाको मृत्यु भइसकेको अस्पताल सूत्रले गोरखापत्रलाई बताएको छ।

त्यसैगरी, फूलबारी- ७ का एउटा बालकलाई उपचार गराउन धनगढी ल्याउँदा-ल्याउँदै मृत्यु भएको मृतक बालकका आफन्त कृष्ण राज न्यौपाने बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ- "फूलबारीस्थित मेडिकल स्टोरबाट लिएको औषधिले ठीक नभए पश्चात् भारतको बाटो हुँदै सेती अञ्चल अस्पतालमा ल्याउँदा बालकको मृत्यु हुनपुग्यो।"

त्यसैगरी, टीकापुर प्राथमिक स्वास्थ्य उपचार केन्द्रमा हालसम्म १२ जनाभन्दा बढी सो रोगका रोगी भर्ना भएका मध्ये एकजनाको मृत्यु भइसकेको र बाँकीको उपचार भइरहेको जनाइएको छ।

कैलाली जिल्ला विभिन्न सुकुम्वासी शिविरहरूमा फोहोरको कारणले यो रोग फैलिनसक्ने संभावना रहेको चिकित्सकहरू बताउँछन्। जिविस कैलालीको प्राङ्गणमा करिब पाँचसयभन्दा बढी कमैयाहरूले धर्ना दिँदा उत्पन्न भएको वातावरणीय अस्वस्थताले विभिन्न रोगहरू निम्त्याउने संभावना रहेकोले सुकुम्वासीहरूलाई अन्य ठाउँमा सारिएको छ।

यसैबीच, महाकाली अञ्चल अस्पतालले दिएको जानकारी अनुसार दुई जना इन्सेफलाइटिसका बिरामीको मृत्यु भइसकेको छ। अस्पतालमा बिरामी भर्ना हुने क्रम बढिरहेको छ।

सुकुम्वासी कमैयाहरू पानी जमेको खुल्ला चौरमा बसेका, बंगुर, कुकुरहरू आफूसँगै राखेकाले यो रोग बढी फैलिनसक्ने संभावना अझै रहेको कुरा सेती अञ्चल अस्पतालका डा. के. राई बताउनुहुन्छ।

गोरखा पत्र ०५६.५.१

गो.प ०५६.५.१

# इन्सेफलाईटिसको प्रकोप

देशका विभिन्न स्थानमा इन्सेफलाइटिस रोगको संक्रमणले निकै व्यक्तिहरू प्रभावित हुन थालेका छन्। खासगरी साउन भदौ महिनामा देखिने र लामखुट्टेको टोकाइबाट सर्ने यस भयानक सरुवा रोगबाट पीडित व्यक्तिहरूले अकालमै जीवन गुमाउनु पर्ने मात्र नभई रोगबाट बाँच्नसकेको अवस्थामा पनि सोच्ने क्षमतामा कमी आउनुको साथै केही समयसम्म अपाङ्ग हुनसक्ने सम्भावना पनि रहने तथ्यलाई सम्बद्ध चिकित्सकहरूले नै सार्वजनिक गर्दै आएका छन्। खासगरी सरसफाइसम्बन्धी चेतनाको अभाव र यसप्रति त्यति ध्यान नदिने प्रवृत्तिका कारण वातावरणीय अस्वस्थता कायम हुन गई पानी जमेको ठाउँ, बंगुर र सुँगुर पालेका ठाउँ एवं आफैंसंग कुकुरहरू राखेको ठाउँमा यो रोग बढी मात्रामा फैलिने गरेको देखिएको छ। हाल पश्चिम नेपालका बाँके, बर्दिया, कैलाली, कञ्चनपुरका कतिपय व्यक्तिहरू यस रोगबाट निकै आक्रान्त हुनपुगेका र यस क्रममा उपयुक्त जिल्लाहरूमा यसवर्ष एक सय एकान्नब्बे व्यक्तिले आफ्नो जीवन गुमाइसकेको यथार्थ मनन गर्दा यस रोगको समयमै नियन्त्रण गर्न सम्बद्ध क्षेत्र सक्रिय हुनु आवश्यक छ।

समयमै रोग नियन्त्रणका लागि प्रभावकारी कदम नचालिंदा यस रोगका कारण वर्सेनि ठूलो सङ्ख्यामा जनताले जीवन गुमाउनु परेको छ। देशका विविध भूभागमा इन्सेफलाइटिस रोगबाट पीडित सयौं व्यक्तिहरू उपचारका क्रममा रहेका र अन्य स्थानहरूमा पनि यो रोगको प्रकोप बढ्दै गएको देखिएको छ। बारा जिल्लाको विभिन्न स्थानमा यो रोगका साथै कालाज्वरले आक्रमण गरेका रोगीहरू उपचारार्थ अस्पतालमा भर्ना भएका जानकारी पनि हालै प्रकाशमा आएका छन्। त्यस्तै कालाज्वरको प्रभावबाट मोरङ जिल्ला दुलारी गाँउ विकास समिति ठढिया चौधरी टोलमा बीसजनाको मृत्यु भइसकेको र वरपरका अन्य क्षेत्रमा समेत कालाज्वरको प्रकोप फैलिंदै गएको देखिएको छ। यसरी फैलिंदै गएको इन्सेफलाइटिस रोग र कालाज्वरसम्बन्धी प्रकोपबाट सुरक्षित हुने सम्बन्धमा आवश्यक जनचेतना बिस्तार गर्ने कार्यका साथै रोग देखापरेका स्थान र अन्य सम्बन्धित क्षेत्रहरूमा आवश्यक औषधि पुऱ्याउन तथा उपचार सेवा युद्धस्तरमा अघि बढाउनुपर्दछ। इन्सेफलाइटिस र कालाज्वर लगायतका रोग प्रतिवर्ष देखापर्ने गरेका सन्दर्भमा सम्भाव्य क्षेत्रहरूमा समयमै रोगको रोकथामका उपाय अवलम्बन गरिनुपर्दछ र साथै यसबारे योजनाबद्ध रूपमा चेतनामूलक कार्यक्रमहरू अघि बढाइनु आवश्यक छ।

कान्तिपुर २०५६.५.५.

# इन्सेफ्लाइटिसबाट दशको मृत्यु, स्वास्थ्यकर्मी र औषधिको अभाव

कान्तिपुर समाचारदाता ०५६.५.५.

टीकापुर, ४ भदौ (खास)- दोस्रो सातादेखि देखापर्न थालेको जापानी इन्सेफ्लाइटिस र मेनेन्जाइटिस रोगको प्रकोपबाट कैलालीमा आइतबारसम्ममा १० जनाको मृत्यु भएको छ।

धनगढीस्थित सेती अञ्चल अस्पतालका मेडिकल दिलीप श्रेष्ठका अनुसार रोगका प्रकोपका कारण अस्पताल भर्ना भएका १ सय ७० बिरामीहरुमध्ये सात जनाको मृत्यु भइसकेको छ भने ८५ जनाको उपचार भइरहेको छ।

त्यस्तै प्राथमिक स्वास्थ्य केन्द्र टीकापुर अस्पतालका प्रमुख डा. होमनाथ पौड्यालले दिनुभएको जानकारीअनुसार टीकापुरमा उपचारार्थ भर्ना भएका ६७ जना बिरामीमध्ये तीन जनाको मृत्यु हुनुका साथै १७ जना निको भई घर फर्किसकेका छन् भने हाल ४३ जनाको उपचार भइरहेको छ। यस्तै तीन जनालाई यहाँ उपचार असम्भव भएकाले अन्यत्रै रिफर गरिएको छ। कुल १८ शय्याको टीकापुर अस्पतालमा बिरामीको चाप दिनानुदिन बढ्दै जान थालेपछि बिरामीहरुलाई बरन्डा र बाहिरपट्टी त्रिपाल टाँगेर उपचार गर्नुपर्ने स्थिति सिर्जना हुनुका साथै स्वास्थ्यकर्मी र औषधिको कमी भएको डा. पौडेल बताउनुहुन्छ।

सोमबारसम्मलाई मात्र पुग्ने औषधि स्टक रहेको ७८ जना बिरामीहरुको अवस्था चिन्ताजनक रहेको समेत उहाँले बताउनुभयो।

उक्त रोगको प्रकोप विशेषतः कैलाली जिल्लाको खैरभाला, थापापुर, चौमाला, फूलबारी, पथरैया, दुर्गौलीलगायतका गाविसका साथै टीकापुर र धनगढी नगरपालिकामा समेत देखापरेको छ भने उक्त प्रकोपको कारण मर्नेहरुमा अत्यधिक केटाकेटी र थारु समुदायका रहेका छन्।

गत वर्ष उक्त रोगको प्रकोपका कारण कैलालीमा झन्डै १ सय १७ जनाले ज्यान गुमाउनुको साथै करिब १ हजार २ सय जति व्यक्ति प्रत्यक्षरुपमा प्रभावित बन्न पुगेको स्वास्थ्यकर्मीहरु बताउँदछन्।

गोरखापत्र २०५७-५-४

# इन्सेफलाइटीसबाट एघार जनाको मृत्यु

०५७.५.४
गो.प.

धनगढी, भदौ ३ गते । कैलाली र कञ्चनपुर जिल्लामा फैलिएको इन्सेफलाइटीस रोगबाट आजसम्म ११ जनाको मृत्युभएको छ ।

सो रोगबाट पीडित भई उपचारका लागि सेती अञ्चल अस्पताल धनगढीमा आजसम्म १३४ जना भर्ना भएकोमा छ जनाको मृत्युभएको दुई जना उपचार गर्दागर्दै भागेको, ६५ जना उपचारपछि घर फर्किएको र ६१ जनाको उपचार भइरहेको सो अस्पतालले जनाएको छ ।

यस्तै महाकाली अञ्चल अस्पताल कञ्चनपुरमा उक्त रोगबाट पीडित भई उपचारका लागि भर्ना भएका २४ जनामध्ये चार जनाको मृत्यु भएको, आठ जना उपचारपछि निको भएका र १२ जनाको उपचार भइरहेको सो अस्पतालका मेडिकल सुपरिटेन्डेण्ट डा. दिलबहादुर केसीले बताउनुभयो ।

कैलालीको टीकापुरस्थित स्वास्थ्य केन्द्रमा हालसम्म २४ जना सो रोगका बिरामी भर्ना भएकोमा एकजनाको मृत्युभएको छ । सो रोगबाट पीडित भई उपचारका लागि दैनिक महाकाली अञ्चल अस्पतालमा एक/दुई जना, सेती अञ्चल अस्पतालमा आठ/१० जना र टीकापुर स्वास्थ्य केन्द्रमा छ/सात जना भर्ना हुने गरेका छन् । ती अस्पताल तथा स्वास्थ्य केन्द्रमा इन्सेफलाइटीसका बिरामीको निःशुल्क उपचार भइरहेको छ । रासस

Kathmandu Post 21 Aug 2000

# Encephalitis toll 16 in Banke

K.P. Aug 21. 2000

BANKE, Aug 20 (PR) - At least 16 persons, including 11 children, have already succumbed to Encephalitis by Sunday since the outbreak of disease in mid-April.

Out of the total 117 patients admitted at Bheri Zonal Hospital, 16 died under treatment, hospital authorities said.

Chief of the hospital Doctor Arun Kuamr Koirala said out of the remaining 111 patients 32 patients were still under treatment while 69 went home after recovery.

Encephalitis kills hundreds of people in Terai district each year during Summer. The Banke local administration has demanded Rs 50 thousands from each lawmaker from the district so that the patients can be treated free of cost.

Likewise, the meeting has also decided to allocate budget of Rs 300 thousand from the District Emergency Fund as well as Health and education sectors.

Kathmandu Post · 20 Aug 2000

# Encephalitis claims 15 in Bardia, Kailali

K.P. 20 Aug 2000

GULARIYA, Aug 19 (PR)- At least 15 persons have already died from encephalitis in both Bardiya and Kailali districts since mid-July.

According to District Health Office, Bardiya, three out of the ten encephalitis patients admitted died at Bardiya District Hospital while undergoing treatment.

Similarly, other five persons died of encephalitis at Zonal Hospital in Nepalgunj.

Among the patients admitted for treatment at Bardiya hospital, condition of a child and a woman is very critical, said Balkrishna Sharma, chief at the Disease Control Branch. Likewise, a total 290 people have been found to have suffered from malaria in Bardiya district alone in this season.

Meanwhile, a report from Kailali confirmed that seven people have already died of encephalitis during the season. Growing incidence of the disease in the district claimed lives of two persons at Seti Zonal Hospital and two at Tikapur Health Centre.

Medical Superintendent of Seti Hospital Doctor Krishna Kumar Rai, however, said that additional temporary tents have already been built to deal with the growing number of patients.

According to Rai, among the total 156 patients of encephalitis, 83 persons returned home after treatment, 73 are still under treatment and two have died while undergoing treatment.

Likewise, Tikapur Primary Health Centre informed that out of the total 52 patients admitted for treatment, 32 are under treatment, 15 went home after recovery and three have been referred to bigger hospitals. Tikapur Health Centre has also experienced shortage of beds and human resource because of the growing number of patients, Dr. Homanth Poudel said.

कान्तिपुर २०५६.५.४

# महामारीबाट पन्ध्रको मृत्यु, सयौं प्रभावित

का.पु. ०५६.५.४

**काठमाडौं, ३ भदौ (कास)– कैलाली र बर्दिया जिल्लामा फैलिएको इन्सेफ्लाइटिस रोगबाट हालसम्म पन्ध्र जनाएको मृत्यु र सयौं जना प्रभावित हुन पुगेका छन् । साउन महिनाको सुरुबाट फैलिएको इन्सेफ्लाइटिस रोगबाट कैलालीमा सात र बर्दियामा आठ जनाको मृत्यु हुनुका साथै दुवै जिल्लाका अस्पताल र स्वास्थ्य केन्द्रहरु सयौं बिरामीहरुले खचाखच हुन पुगेका छन् ।**

कैलालीमा शुक्रवार राति र शनियार बिहान गरी थप दुई जनाको मृत्यु भई मर्नेको संख्या सात पुगेको छ भने बर्दिया अस्पतालमा उपचारका लागि आएका बिरामीमध्ये दुईको मृत्यु भएको र त्यहाँ उपचार हुन नसकी भेरी अञ्चल अस्पताल गएका बिरामीमध्ये पाँच जनाको मृत्यु भएको छ ।

धनगढीस्थित *कान्तिपुर* समाचारदाता लेख्छन्- कैलालीमा शुक्रवार राति र शनियार बिहान थप दुई जनाको इन्सेफ्लाइटिस रोगबाट मृत्यु भएछि यहाँ उक्त रोगबाट मर्नेहरुको संख्या सात पुगेको छ ।

गत साउन दुई गतेदेखि फाट्फुट्ट रुपमा देखा परेको यो रोगको प्रकोप विगत १२/१३ दिनदेखि एकाएक भयावह रुपमा फैलिएको छ । उक्त रोगबाट सेती अञ्चल अस्पतालमा ५ र टीकापुर प्राथमिक स्वास्थ्य केन्द्रमा २ जनाको मृत्यु भएको छ ।

सेती अञ्चल अस्पतालमा रोगीहरुको चाप निकै बढेपछि अहिले बरण्डा, खाली ठाउँ जताततै बिरामीहरुलाई राखिएको छ ।

पचास शय्या क्षमताको उक्त अस्पतालमा इन्सेफ्लाइटिसको प्रकोपबाट ग्रस्त रोगीहरु ओइरिन थालेपछि अस्थायी शिविर बनाउने आवश्यक कार्य भइरहेको मेडिकल सुपरिटेन्डेन्ट डा. कृष्णकुमार राईले बताउनुभयो । उक्त अस्पतालमा शनिवार ४ बजेसम्म १ सय ५६ जना उपचारका लागि भर्ना भएका इन्सेफ्लाइटिसका रोगीमध्ये ८३ जना निको भई फर्किसकेका डा. राईले बताउनुभयो ।

## इन्सेफ्लाइटिस

उता टीकापुर स्थित प्राथमिक स्वास्थ्य केन्द्रका प्रमुख डा. होमनाथ पौडेलका अनुसार शुक्रवार साँझसम्म कुल ५२ जना रोगीहरु उपचारका लागि भर्ना गरिएकोमा ३२ जनाको हाल उपचार भइरहेको ३ जनालाई अन्यत्र रेफर गरिएको र १५ जना रोगी उपचारपछि निको भई घर फर्किएका छन् । अहिले प्रतिदिन १७/१८ जना रोगी थपिने गरेका छन् र सबैभन्दा ठूलो समस्या बेड र ठाउँको रहेको छ, त्यसैले तत्काल अस्थायी रुपमा पाल आदि टाँगेर बिरामी राख्ने व्यवस्था गर्न थालिएको डा. राई बताउनुहुन्छ ।

अहिलेको अवस्थामा स्वास्थ्यकर्मी, नर्सिङ स्टाफ, औषधि उपकरण त्यति धेरै अभाव नभए पनि, यो प्रकोप बढ्दै गएमा औषधि, नर्सिङ स्टाफको कमी हुने उहाँ बताउनुहुन्छ ।

इन्सेफ्लाइटिसको प्रकोप फैलिएकाले आइतबारदेखि इमर्जेन्सी अपरेशनबाहेक अन्य नियमित अपरेशन सेवा हाललाई बन्द गर्ने निर्णय गरेका छौं, डा. राईले बताउनुभयो ।

रेडक्रस जिल्ला दैवीप्रकोप उद्धार समिति तथा अन्य संघ-संस्थाको सहयोग प्राप्त भइरहेको र नेदरलेण्ड लेप्रोसी रिलिफ, जिल्ला जनस्वास्थ्य कार्यालयबाट गरी ६ जना नर्सहरु थप गरिएको अस्पतालले जनाएको छ ।

उता अचानक इन्सेफ्लाइटिसको प्रकोप बढेपछि १८ शय्या भएको टीकापुर स्वास्थ्य केन्द्रमा पनि ठाउँ र बेडको ठूलो समस्या उत्पन्न भएको छ ।

डा. पौडेलले तत्काल एक जना चिकित्सकको माग गरिएको बताउनुभयो ।

औषधि र स्वास्थ्यकर्मीको समेत ठूलो अभाव उत्पन्न भएको छ उहाँले बताउनुभयो ।

यसैगरी गुलरियास्थित *कान्तिपुर* समाचारदाताका अनुसार गत साउन महिनामा फैलिएको इन्सेफ्लाइटिस रोगबाट जिल्लाका आठ व्यक्तिले ज्यान गुमाएका छन् । जिल्ला स्वास्थ्य कार्यालय बर्दियाको अनुसार उक्त रोगबाट उपचार गराउन आएका दश जनामध्ये तीन जनाको बर्दिया अस्पतालमा उपचार गर्दागर्दै मृत्यु भएको छ । यसैगरी यहाँ उपचार हुन नसकी भेरी अञ्चल अस्पताल नेपालगञ्ज गएकामध्ये पाँचको मृत्यु भएका छ ।

रोग नियन्त्रण फाँटका प्रमुख बालकृष्ण शर्माका अनुसार हाल अस्पतालमा भर्ना भएकामध्ये दुई जनाको अवस्था चिन्ताजनक रहेको छ । जसमध्ये एकजना बालक र महिला रहेका छन् ।

यसैबीच बर्दियामा साउन महिना यता फैलिएको मलेरियाको प्रकोपले गुलरियामा मात्रै २ सय ९० लाई मलेरिया पोजेटिभ भएको छ । जिल्ला स्वास्थ्य कार्यालयका एक स्वास्थ्य कर्मी दुई किसिमका मलेरियामध्ये पिएफ कडा खालको रोग भएको बताउँछन् ।

मलेरिया जँचाउन आएकामध्ये दैनिक औषत सात-आठ जनालाई पोजेटिभ भेटाइएको जनाइएको छ ।

Kathmandu Post 22 Aug 2000

# Encephalitis toll reaches 12 in Kailali

22 Aug 2000 K.P.

**By a Post Reporter**

KAILALI, Aug 21 - With two more deaths caused by encephalitis at Seti Zonal Hospital Dhangadhi and Tikapur Primary Health Centre on Monday, the number of people killed by encephalitis has reached 12 in this district.

Those who died of this disease this morning at Seti Zonal Hospital and Tikapur Primary Health Centre were 9-year-old Prakash Shahi and 6-year-old Puja Timilsina of Sadepani-5 respectively.

Medical Recorder of Seti Zonal Hospital Dilip Shrestha informed that a total of 79 encephalitis patients including 4 patients admitted to the emergency ward are now undergoing treatment against the disease which started from July 17 this year.

Of the total 176 patients admitted to Seti Zonal Hospital, 8 patients died, two fled from the hospital as they were undergoing treatment and 87 returned home after they were cured.

Similarly, Dr Hom Nath Poudel from Tikapur said four patients had died of this disease here by Monday.

Of the total 73 patients admitted to the health centre, 42 were currently undergoing treatment, three were referred to other hospitals and 21 patients have returned home after treatment.

"Three patients undergoing treatment at the health centre fled only this morning, Dr Poudel said.

Most of the patients coming to the health centre are from Mutuwa and Tikapur Municipality areas.

There is a scarcity of beds, medicines and health workers. If additional medicines and doctors are not sent within the next two days the situation would be further complicated, said Dr Poudel.

In the past, active cooperation was extended by various organisations and agencies like District Natural Disaster Relief Committee, District Red Cross, Lions Club to contain the epidemic. However, there is no such cooperation and coordination this year among different organisations which used to extend their support in the past.

Treasurer of District Red Cross Society Lok Raj Joshi said the organisation made available 25 bed sheets and 15 thousand rupees in cash this year. He said no requests for volunteers' services had been received from the organisations concerned.

A fund for controlling encephalitis disease was established in March-April this year. However, no arrangements have been made for temporary camp and additional beds as it was declared in the past.

Due to lack of space, 20 patients have been kept on the verandah in front of OPD service in Seti Zonal Hospital.

कान्तिपुर २०५६·५·६·

# इन्सेफलाइटिसको प्रकोप सुरु, दातृ पक्षले खोप नदिने

■ गोपाल खनाल ०५६.५.६. का.पु

काठमाडौं, ५ भदौ– तराईका जिल्लाहरूमा वर्षेनि फैलने प्राणघातक सरुवा रोग इन्सेफलाइटिसको प्रकोप यो वर्ष पनि सुरु भएको छ। त्यसमाथि इन्सेफलाइटिसबाट जनतालाई जोगाउन दिइने खोपसमेत यो वर्ष नेपालले पाउन नसक्दा स्वास्थ्य क्षेत्र छट्पटाउन थालेको छ।

गत वर्ष परीक्षणका रूपमा कोरियाको यान्सो विश्वविद्यालय र बोरन फर्मास्युटिकलसको सहयोगमा उपलब्ध उक्त खोप यसपटक भने अनुदान स्वरूप उपलब्ध गराउन ती संस्थाहरू सहमत नभएको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका निर्देशक डा. महेन्द्रबहादुर बिष्टले जानकारी दिनुभयो।

गत वर्ष परीक्षणका रूपमा तराईका बर्दिया, कैलाली र बाँकेमा खोप प्रयोग गरिएकोमा शत प्रतिशत प्रभावकारी देखिएको थियो।

डा. बिष्टका अनुसार सरकारले इन्सेफलाइटिसविरुद्धको खोप उपलब्ध गराउन सम्बन्धित कम्पनी-हरूसँग अनुरोध गर्दा पनि ती कम्पनीले सहयोग गर्न नसक्ने बताएका छन्। अहिले खोप नभएका कारण उक्त रोगविरुद्ध सहायक उपचारबाहेक कुनै पनि उपाय अपनाउन सकिँदैन।

'यसका खोपहरू अत्यन्तै महँगा भएकाले सरकारले किन्न सक्दैन' उहाँले सोमबार कान्तिपुरसँग भन्नुभयो- 'अहिले यो रोग दातृ-संस्थाहरूको प्राथमिकतामा पनि परेको छैन।'

बोरन फर्मास्युटिकल्सद्वारा पहिलोपल्ट उपलब्ध गराइएका खोपहरू गत वर्ष साउनको पहिलो साता १ लाख ७० हजार थान बर्दियामा पुर्‍याइएका थिए। त्यसपछि उक्त खोप कैलाली र बाँकेमा पनि प्रयोग गरिएको थियो।

'यस वर्ष हामीले अनुदान पाएनौं' निर्देशक बिष्टले गत वर्ष अनुदान उपलब्ध गराउने कम्पनीहरूले यसपटक सरकाले खोप किन्नुपर्ने तर्क राखेको जानकारी गराउनुभयो।

हाल उक्त खोप एउटाको करिब ५ सय पर्छ। नेपालमा इन्सेफलाइटिसबाट प्रभावित २६ जिल्लामा उक्त खोप पुर्‍याउने हो भने करिब २ अरब रुपैयाँ लाग्न सक्ने सरकारी अनुमान छ। 'कसरी सरकारले यत्रो रकम लगानी गर्न सक्छ?' डा. प्रश्न गर्दै भन्नुहुन्छ- 'सरकारले यसका लागि पैसा पनि खोज्यो, तर पाएन।'

यो वर्ष सरकारले पोलियो, बीसीजी खोपबाहेक अन्य खोपका लागि ४ करोड रुपैयाँ छुट्याएको छ। खोप शाखाका अनुसार पोलियोका लागि दातृ-संस्थाले सम्पूर्ण सहयोग उपलब्ध गराउँदै आएको छ भने बीसीजीका लागि तीनचौथाइ रकम लगानी गर्दै आएको छ।

सन् १९७८ मा पहिलोपटक नवलपरासीमा इन्सेफलाइटिस देखा परेको थियो। यसले वर्षेनि नेपालमा करिब ५ सयको मृत्यु हुने गरेको छ। गत वर्षमात्रै यो रोगबाट ४ सय ३४ जनाको मृत्यु भएको तथ्यांक महाशाखासँग छ, तर स्थानीय अस्पतालले उपलब्ध गराएका कतिपय तथ्यांकहरू हेर्दा बढीको मृत्यु भएको देखिन्छ।

'क्षयरोग, टिटानस, हेपाटाइटिस आदि अहिले दातृ-संस्थाहरूका प्राथमिकतामा पर्छन्' डा. बिष्टले भन्नुभयो- 'हाम्रो प्राथमिकता इन्सेफलाइटिस हो, तर उनीहरू जानी-जानी कसरी किरा मार्ने औषधिमा लगानी गर्छन्!'

अहिले महाशाखाले इन्सेफलाइटिसका बिरामी-लाई वर्षेनि निःशुल्क उपलब्ध गराउँदै आएका औषधिमात्रै पुर्‍याउँदै आएको छ। 'अहिले हामीले आइभीफ्लुइड र एन्टिबायोटिकमात्रै दिँदै आएका छौं' उहाँले यसबाट बच्न राम्रो स्वास्थ्य हेरचाह उचित विकल्प भएको पनि बताउनुभयो।

बोरन फर्मास्युटिकल्ससँग उक्त खोपको मूल्य कम गर्न अनुरोध गरिएको दाबीसमेत बिष्टको थियो। 'हामीले किन्दा ५ सय पर्ने उक्त खोप तीन-चार सयमा उपलब्ध गराउनसम्म उक्त कम्पनी राजी भएको छ' उहाँले भन्नुभयो।

यस वर्ष खोप उपलब्ध हुन नसके पनि अर्को वर्ष आउने उहाँलाई विश्वास छ। पाँच वर्ष अघिसम्म दातृ-संस्थाहरूले बालबालिकाका लागि चाहिने शत प्रतिशत खोप उपलब्ध गराउँदै आएकामा त्यसपछि भने क्रमशः अनुदान सहयोग हटाउँदै गएको खोप शाखाका डा. बालकृष्ण सुवेदीले बताउनुभयो।

## चार महिनामा त्रिपन्नको मृत्यु

तराईका जिल्लाहरूमा फैलिएको प्राणघातक सरुवा रोग इन्सेफलाइटिसबाट गत वैशाखदेखि आइतबारसम्ममा ५३ जनाको मृत्यु भएको छ।

इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका अनुसार उक्त अवधिमा अस्पताल भर्ना भएका ५ सय ५५ इन्सेफलाइटिसका बिरामीमध्ये २ सय ६७ जना उपचारपछि फर्केका छन्।

गत वर्षहरूमा जस्तै यस वर्ष पनि वैशाखबाट सुरु भएको जापानी इन्सेफलाइटिसबाट २ सयको मृत्यु हुन सक्ने अनुमान महाशाखाका निर्देशक डा. महेन्द्रबहादुर बिष्टको छ। विगत वर्षको तुलनामा यस रोगबाट प्रभावित हुने र मर्नेको संख्या कम हुने दाबी गर्दै बिष्टले सोमबार भन्नुभयो- यस वर्ष १२ सयसम्म इन्सेफलाइटिसका बिरामी हुन सक्छन्, त्यसमध्ये २ सयसम्मको मृत्यु हुन सक्छ।'

खासगरी बंगुरलाई टोकेको लामखुट्टेले मान्छेलाई टोकेमा यो रोग छिटो फैलने खतरा रहन्छ, भने सुँगुर, हाँसलगायतका अन्य पशुपक्षीबाट पनि यो रोग सर्छ। डा. बिष्टका अनुसार आइतबारसम्म महाशाखामा प्राप्त तथ्यांकअनुसार मर्नेहरूमध्येमा सबैभन्दा बढी भेरी अञ्चल अस्पताल, नेपालगञ्जमा भर्ना भएका बिरामी छन्। उक्त अस्पतालमा भर्ना भएका १ सय १७ जना बिरामीमध्ये १६ को मृत्यु भइसकेको छ। त्यसैगरी मेची अञ्चल अस्पताल, झापामा भर्ना भएका २६ जनामध्ये ८ को मृत्यु भएको छ। तर, सेती अञ्चल अस्पताल धनगढीमा भर्ना भएका उक्त रोगका बिरामीमध्ये सोमबारसम्म १२ जनाको मृत्यु भएको उक्त अस्पतालले कान्तिपुरलाई जानकारी गराएको छ।

तराईका २६ जिल्लामा फैलिएको उक्त रोगबाट आम्दा अस्पताल दमक र कोशी अञ्चल अस्पताल बिराटनगरमा १-१ जनाको मृत्यु भएको छ।

कान्तिपुर २०५७.५.६

# इन्सेफ्लाइटिसबाट स्कुले उमेरका बच्चा बढी प्रभावित

का.पु. ०५७.५.६

नेपालगन्ज, ५ भदौ (कास)- प्रत्येक वर्षातमा तराईका केही जिल्लामा महामारीका रुपमा फैलिने गरेको इन्सेफ्लाइटिसबाट स्कुल जाने उमेरका बालबालिका सबैभन्दा धेरै प्रभावित हुने गरेका छन् ।

भेरी अञ्चल अस्पतालमा यो वर्ष इन्सेफ्लाइटिसबाट आक्रान्त भई आएका १ सय २५ जनामध्ये ४१ जना १५ वर्षमुनिका बालबालिका रहेको अस्पतालले जनाएको छ । अस्पतालका मेडिकल सुपरिटेन्टेन्डेन्ट डा. अरुण कोइरालका अनुसार यो रोगले मर्ने बालबालिकाको संख्या पनि निकै धेरै छ ।

हालसम्म भेरी अञ्चल अस्पतालमा इन्सेफ्लाइटिसबाट मृत्यु भएका १६ जनामध्ये झण्डै ६९ प्रतिशत अर्थात् ११ जना १५ वर्षमुनिका बालबालिका रहेका छन् । गत वर्ष पनि इन्सेफ्लाइटिसबाट मर्ने १ सय ४९ जनामध्ये करिब ४३ प्रतिशत अर्थात् ६४ जना १५ वर्षमुनिका बालबालिका थिए ।

बालबालिकालाई रोगका जीवाणु बोकेका भाइरसले बढी रोक्ने र उनीहरुको प्रतिरोधात्मक क्षमता पनि कमजोर हुने भएकाले इन्सेफ्लाइटिस बालबालिकामा बढी खतरनाक देखिएको चिकित्सकहरुको राय छ । भेरी अञ्चल अस्पताल बालरोग विशेषज्ञ डा. दुर्गा प्रधान भन्नुहुन्छ- ५ वर्षमुनिका बालबालिकामा आमाबाट प्राप्त रोग प्रतिरोधात्मक क्षमता बढी हुन्छ तर ५ वर्षदेखि १५ वर्षभित्रका बालबालिकामा प्रतिरोधात्मक क्षमता कम हुनुका साथै उनीहरु खुला ठाउँमा (स्कुलमा) घुम्ने हुनाले लामखुट्टेको टोकाइबाट पनि बच्न नसक्ने हुँदा रोगले बढी सताउँछ ।

इन्सेफ्लाइटिसबाट सबैभन्दा बढी प्रभावित हुने उमेर [illegible] समूहमा बालबालिकालाई खोप लगाउनु नै रोकथामको सबभन्दा प्रभावकारी उपाय हुने भए पनि त्यतातिर सम्बद्ध निकायको ध्यान गएको छैन ।

गत वर्ष नेपालमै पहिलो पटक तर रोगको प्रकोप उत्कर्षमा पुगिसकेपछि बर्दियामा १ लाख ७ हजार र बाँकेमा ५५ हजार १५ वर्षमुनिका बालबालिकालाई खोप लगाइएको थियो ।

२०४९ सालयता भेरी अञ्चल अस्तपालमा उपचारार्थ आएका ३ हजार ४ सय ३६ जना इन्सेफ्लाइटिसका बिरामीमध्ये ६ सय ५० जनाको मृत्यु भइसकेको छ ।

## इन्सेफ्लाइटिसबाट बाह्रको मृत्यु, नियमित स्वास्थ्य सेवामा कटौती

धनगढी, ५ भदौ (कास)- सेती अञ्चल अस्पताल धनगढी र टीकापुर प्राथमिक स्वास्थ्य केन्द्रमा सोमबार थप दुई जनाको इन्सेफ्लाटिस रोगबाट मृत्यु भएपछि कैलालीमा उक्त रोगबाट मर्नेहरुको संख्या १२ पुगेको छ ।

उक्त रोगबाट सोमबार साडेपानी-५ का ९ वर्षीय बालक प्रकाश शाहीको सेती अञ्चल अस्पतालमा र ६ वर्षीया पूजा तिमिल्सिनाको टीकापुर स्वास्थ्य केन्द्रमा मृत्यु भएको छ ।

सेती अञ्चल अस्पतालका मेडिकल रेकर्डर दीलिप श्रेष्ठका अनुसार साउन २ गतेदेखि फैलिएको उक्त रोगबाट ८ जनाको मृत्यु भएको छ भने ७९ जनाको हाल उपचार भइरहेको छ । उता टीकापुरबाट डा. होमनाथ पौडेलले दिनुभएको जानकारीअनुसार सोमवारसम्म उक्त रोगबाट चार जनाको मृत्यु भइसकेको छ । बेड, औषधि र स्वास्थ्यकर्मीको निकै अभाव भएको छ र दुई दिनभित्र थप औषधि तथा चिकित्सक नपुगेमा स्थिति निकै जटिल बन्नेछ', डा. पौडेल बताउनुहुन्छ । यता सेती अञ्चल अस्पतालमा इन्सेफ्लाइटिसका रोगीहरुको चाप निकै बढेपछि अन्य नियमित स्वास्थ्य सेवा कटौती गरिएको छ ।

ठाउँको अभावमा अहिले सेती अञ्चल अस्पतालको ओपिडी सेवा अघिल्तिरको खाली बरण्डामा करिब ३० जना बिरामी सुताइएको छ ।

## Encephalitis

R.N. Nepalgunj (RSS): 22 Aug 2000

Taking into consideration the increasing pressure of encephalitis patients in Bheri Zonal Hospital Nepalgunj, a meeting held under the chairmanship of CDO Shyam Prasad Mainali made various decisions towards helping control and manage the killer disease.

Raising Nepal

22 Aug 2000

Kathmandu Post 23 Aug 2000

# Encephalitis toll hits 23 in far west

23 Aug 2000 K.P.

By a Post Reporter

DHANGADHI, Aug 22- With five more deaths reported in Kailali and six deaths in Kanchanpur district yesterday, the death toll from encephalitis reached 23 in the far western region, hospital officials said.

The mosquito-borne epidemic has already killed 17 people in Kailali over the last fortnight. Ten people died in Seti Zonal Hospital while seven died in Tikapur Primary Health Centre.

According to Assistant Health Worker of Seti Zonal Hospital Bhakta Bahadur Bista, out of the 191 indoor patients, 95 patients returned home after treatment while another 84 are still undergoing treatment at the hospital.

Bista also informed that two patients left the hospital on their volition while undergoing treatment.

Similarly in Tikapur Primary Health Centre, of the 83 patients admitted to the hospital, 24 have returned home after recovery while 46 patients are undergoing treatment, Dr Hom Nath Poudel said. Poudel also informed that three patients have been referred elsewhere while three patients have left the Health Centre.

According to Assistant Health Worker Bista, some 17-18 encephalitis patients come to the hospital each day for treatment.

Meanwhile, in Mahakali Zonal Hospital, of the 44 admitted to the hospital, six have succumbed to the disease until Tuesday afternoon.

Nineteen patients here have returned home after getting well while 18 others are being treated in the hospital, said Medical Superintendent Dr Dil Bahadur KC.

# मध्यपश्चिमाञ्चलका केही जिल्लामा इन्सेफलाइटिस्‌को प्रकोप

०५६-५-६ गो.प

नेपालगञ्ज, भदौ ६ गते । जापानीज इन्सेफलाइटिस् अर्थात् मस्तिष्क ज्वरो केही वर्ष यतादेखि पश्चिम क्षेत्रका तराई तथा मध्य पहाडी जिल्लाका प्रमुख स्वास्थ्य समस्या बनेको छ ।

सन् १९०४ मा योशीवारा (जापानीज नाम) ज्वरोकोरूपमा प्रकट भएको इन्सेफलाइटिस् रोग सन् १९२४, १९२५ र १९४८ मा जापानमा महामारीका रूपमा फैलिएपछि अन्य मुलुक हुँदै नेपालमा पनि प्रवेश गरेको स्थानीय चिकित्सकहरू बताउँछन् ।

क्युलेक्स जातको पोथी लामखुट्टेले टोकेपछि मस्तिष्कमा "अर्बो भाइरस" को संक्रमण बढ्नुलाई नै इन्सेफलाइटिस अर्थात मस्तिष्क ज्वरो भनिन्छ । यो रोग मानिसबाट मानिसमा भने सर्दैन ।

ज्वरो आउनु, हात खुट्टा र शरीर कम्नु बान्ता हुनु, टाउको दुख्नु, बेहोस हुनु सो रोगका लक्षण भएको भेरी अन्चल अस्पतालका प्रमुख डा. अरूण कोइराला बताउनुहुन्छ ।

उहाँ भन्नुहुन्छ- सो रोगको औषधि नभए तापनि बिरामीमा देखापर्ने रोगका लक्षणहरूलाई समयमै औषधोपचार गर्न सकिएमा रोग निको हुन्छ ।

इन्सेफलाइटिसबाट बच्न लामखुट्टेको टोकाईबाट जोगिनुएकमात्र उपाय हो र गर्मी एवं वर्षायाममा ज्वरो आउनासाथ उपचार गराउन सकिएमा पनि सो रोग लाग्नबाट बच्न सकिने स्वास्थ्यकर्मीहरू बताउछन् ।

मध्य तथा सुदूरपश्चिमाञ्चल क्षेत्रका बाँके, बर्दिया, सुर्खेत, दाङ, कैलाली र सल्यान जिल्ला अधिक प्रभावित भएको भाइरल इन्सेफलाइटिस् रोगले सबै उमेरका मानिसलाई आक्रमण गरे तापनि १५ वर्षसम्मका बालबालिका बढी प्रभावित हुने कुरा अस्पतालले जनाएको छ ।

गत २०४९ देखि २०५६ सालसम्म ती जिल्लाहरूबाट अस्पतालमा उपचारार्थ आएका तीनहजार २८७ बिरामीमध्ये छसयजनाको मृत्युभएको रेडक्रस, बाँकेले प्रकाशित गरेको तथ्याँकमा उल्लेख छ ।

यस क्षेत्रमा वर्षेनी बढ्दै गएको इन्सेफलाईटिस् रोगबाट सर्वसाधारणलाई बचाउन श्री ५ को सरकारद्वारा गतवर्ष बर्दिया, बाँके र कैलाली जिल्लामा जन्मेदेखि १५ वर्षसम्मका बालबालिकाहरूलाई इन्सेफलाइटिस् विरुद्धको खोप निःशुल्क लगाइएको थियो ।

यसवर्ष पनि श्री ५ को सरकार, अस्पताल विभागले इन्सेफलाईटिस् रोग लागी उपचारार्थ आएका बिरामीहरूमध्ये गरीब परिवारका बिरामीहरूलाई निःशुल्क औषधि उपलब्ध गराउन भेरी अन्चल अस्पताललाई रु. दुईलाख बराबरको औषधि प्रदान गरिएको अस्पताल प्रमुख डा. कोइरालाले बताउनुभयो ।

भेरी अन्चल अस्पताल, नेपालगञ्जमा इन्सेफलाईटिस्‌का बिरामीहरूको बढ्दो चापलाई दृष्टिगत गरी रोगको नियन्त्रण र व्यवस्थापन गर्ने सम्बन्धमा प्रमुख जिल्ला अधिकारी श्यामप्रसाद मैनालीको अध्यक्षतामा यहाँ बसेको बैठकले विभिन्न निर्णय गरेको छ ।

बैठकद्वारा गरिएका निर्णयहरूमा इन्सेफलाइटिस् रोगबाट पीडित बिरामीहरूलाई निःशुल्क औषधि उपचार गर्नुपर्ने अवस्थालाई मध्यनजर गरी यस सेवाका लागि बाँके जिल्लाका प्रतिनिधिसभा र राष्ट्रिय सभाका सदस्यहरू गरी प्रतिसासदसँग रु. ५० हजार सहयोग माग गर्ने र रोगबाट पीडित व्यक्तिहरूको निःशुल्क उपचारका लागि शिक्षा सेवा, स्वास्थ्य सेवा जिल्ला आकस्मिक कोषबाट रु. तीनलाख उपलब्ध गराउन सम्बन्धित समितिमा अनुरोध गर्नेछन् ।

यसैगरी, करीब तीनसय बिरामीको निःशुल्क उपचारका लागि आवश्यक पर्ने सम्पूर्ण औषधि भेरी अन्चल अस्पतालले अविलम्ब माग गर्ने, नेपाल रेडक्रस सोसाइटी बाँके शाखाको संयोजकत्वमा इन्सेफलाइटिस् रोग उपचार सेवा कार्यान्वयन गर्ने र सो सेवा छिटो शुरू गर्ने, भेरी अन्चल अस्पतालका मेडिकल सुपरिण्टेण्डेण्टद्वारा तयार पारिएका सूचीअनुरूप मात्र रेडक्रसले औषधि उपलब्ध गराउने पनि बैठकले निर्णय गरेको छ ।

साथै भेरी अन्चल अस्पतालमा बर्दिया, कैलाली र दाङ जिल्लाबाट पनि बिरामीहरू आउने र तिनीहरूको पनि निःशुल्क उपचार भइरहेको हुनाले ती जिल्लाहरूबाट पनि इन्सेफलाइटिस् रोगको उपचारका लागि सहयोगको माग गर्ने तथा निःशुल्क उपचार सेवालाई आवश्यक औषधि र नगद सहयोग उपलब्ध गराउन विभिन्न सरकारी एवं गैरसरकारी संघसंस्थालाई अनुरोध गर्ने निर्णय गरिएको जिल्ला जनस्वास्थ्य कार्यालय, बाँकेले जनाएको छ । — रासस

Rising Nepal 23 Aug 2000

# Encephalitis toll up

R.N 23 Aug 2000

Dhangadhi, Aug. 22 (RSS): The epidemic of encephalitis which spread in Kailali and Kanchanpur districts from the third week of July has claimed twelve more lives increasing the death toll to 23.

Ten patients suffering from the disease undergoing treatment died at the Seti Zonal Hospital, seven at Tikapur Health Centre and six at the Mahakali Zonal Hospital, Mahendranagar, according to the concerned sources.

Of the 191 patients suffering from the disease hospitalised at Seti Zonal Hospital so far, 95 have recovered, two persons ran away during the treatment and 84 are undergoing treatment.

Likewise, of the 44 encephalitis patients admitted at the Mahakali Zonal Hospital, 19 have returned home after recovery, one has been referred to another hospital and 18 are still undergoing treatment, according to medical superintendent of the hospital Dr. Dil Bahadur KC.

Most of the patients dying from the disease spread by a kind of mosquito are from the rural areas. The patients are provided medical treatment at the hospitals and the health centre free of cost, it is learnt.

गोरखापत्र २०५६.५.६

# इन्सेफलाइटिसबाट १९ को मृत्यु

०५६.५.६. गो.प

कैलाली समाचारदाता

कैलाली (धनगढी), भदौ ६ गते। साउनको शुरूको साताबाट देखिएको इन्सेफलाइटिस रोगको प्रकोपले कैलाली जिल्लामा १३ जना र कञ्चनपुर जिल्लामा छजनाको मृत्यु भइसकेको थाहा भएको छ।

धनगढीस्थित सेती अञ्चल अस्पतालले जनाए अनुसार इन्सेफलाइटिस रोगबाट नौजनाको मृत्यु भइसकेको छ भने तीनसयभन्दा बढी मानिस प्रभावित भएका छन्। धनगढीस्थित अञ्चल अस्पतालमा हालसम्म १९० जना उपचार गर्न आएका छन्, जसमध्ये ८७ जना बिरामी उपचार गरी घर फर्केका छन् भने बाँकी ८९ जना उपचारको क्रममा रहेका छन्।

त्यसैगरी, प्राथमिक स्वास्थ्य केन्द्र टीकापुरले दिएको पछिल्लो जानकारी अनुसार हालसम्म ७८ जना बिरामी अस्पतालमा भर्ना भएकोमा ४२ जनाको उपचार भइरहेको र बाँकी उपचार भई घर फर्किसकेका छन् भने चारजना बिरामीको मृत्यु भइसकेको छ।

महाकाली अञ्चल अस्पतालले दिएको जानकारी अनुसार, अस्पतालमा भर्ना भएका बिरामीहरूमध्ये छजनाको मृत्यु भइसकेको छ भने ३० जनाको उपचार भइरहेको र १२ जना उपचारपश्चात् घर फर्किसकेका छन्।

कैलाली जिल्लाका बिभिन्न स्वास्थ्य उपचार केन्द्र टीकापुर स्वास्थ्य केन्द्र तथा अञ्चल अस्पताल धनगढीमा बिरामीहरू भर्ना हुने क्रम जारी रहेको छ।

सेती अञ्चल अस्पतालका अनुसार, बिरामीहरूको भर्ना हुने चाप यही अनुपातमा बढ्ने हो भने अस्पतालमा बिरामीहरूलाई राख्ने ठाउँको अभाव, स्वास्थ्यकर्मीहरूको कमी, नर्सिङ स्टाफहरूको कमीले ठूलो समस्या उत्पन्न हुनेछ।

(बाँकी एघारौं पृष्ठको पाँचौं महलमा)

## इन्सेफलाइटिसबाट

अञ्चल अस्पताल, धनगढीमा बिरामीहरूको चाप बढ्दै गएपश्चात् हाल रेडक्रस, र अन्य सामाजिक संघसंस्थाहरूले सहयोग गरिरहेका छन्। अञ्चल अस्पतालमा जिल्ला जनस्वास्थ्य कार्यालय, नेदरल्याण्ड लेप्रोसी रिलिफ धनगढीबाट छजना स्वास्थ्यकर्मीहरू थप गरिएको बताइएको छ।

स्मरणीय छ, गत साल कैलालीमा मात्र १० जनाभन्दा बढी मानिसको यस रोगबाट मृत्युभएको थियो।

Aug 24 2000

# Fight the encephalitis scourge

Aug 24.2000

The recent outbreak of encephalitis, which has already claimed more than one hundred lives in the country's mid and far western regions within a span of one month, is indeed a cause for alarm. Even though the incidence of encephalitis occurs every year, the Ministry of Health does nothing to contain the disease. As a result, hundreds of people lose their lives every year either due to lack of medicines or medical personnel to treat them in time. This state of unpreparedness is indeed disconcerting especially because many areas of the country, particularly the terai, suffers from seasonal diseases during every post-monsoon period.

Like last year, this epidemic has badly affected Kailali, Bardiya, Morang and Nepalgunj. The disease is caused when people are bitten by a particular type of gnat. Usually, gnats appear during the rainy season and increase in numbers because of unhygienic conditions, or squalid poverty in the locality. A patient initially gets fever which, subsequently, blackens the face of the patient and finally kills. It has claimed 17 lives of mostly children and women in Kailali district alone. Three out of ten admitted at Bardiya district hospital died of the disease while undergoing treatment. Similarly, over 25 people succumbed to it in Morang district. In Seti Zonal Hospital, eight patients died and there are over 290 people who are suffering from encephalitis in Nepalgunj and its surrounding districts.

Despite proper infrastructure in many hospitals, there is a scarcity of medicines and health personnel. Most doctors practise at their private clinics and remain absent throughout the year. In some primary health posts, there are free medicines but there is neither any health assistant to deliver them nor is there any doctor to diagnose and treat patients. This apart, the government sends medical personnel to bring any disease that breaks out under control only when there is danger of epidemic. Had the government acted with the knowledge that such diseases occur every year, the disease would have certainly been well under control and many lives would have been saved. Unfortunately, the government is given to dispatching medicines to major hospitals only after the disease hits the area. This time around, the encephalitis vaccine has become hard to come by, especially because the donors who were testing the vaccine in the past years have refused to provide them free of cost. Apparently, the cost is forbidding. It however does not mean that the government can use this as a pretext to shun its responsibility. There must be alternative sources for the medicine and the government must lose no time to explore them.

कान्तिपुर ०५६.५.८

## टीकापुर स्वास्थ्य केन्द्रमा औषधिको अभाव

# महामारीबाट मर्नेहरूको संख्या सत्चालीस नाघ्यो

कान्तिपुर संवाददाता ०५६.५.८

काठमाडौं, ७ भदौ- मध्यपश्चिमाञ्चल र सुदूरपश्चिमाञ्चलका केही जिल्लामा गत साउनको पहिलो साताबाट फैलिएको इन्सेफलाइटिसको महामारीबाट मृत्यु हुनेहरुको संख्या बुधबारसम्ममा सत्चालीस पुगेको छ। मंगलबार राति सेती अञ्चल अस्पतालमा थप तीनको मृत्यु भएपछि कैलालीमा उक्त महामारीबाट मर्नेहरुको संख्या बीस पुगेको छ। त्यसैगरी भेरी अञ्चल अस्पतालमा भर्ना भएका बाँके र बर्दियाका बिरामीहरुमध्ये २१ को मृत्यु भएको छ। कञ्चनपुरमा फैलिएको इन्सेफलाइटिसबाट बुधबारसम्ममा ६ जनाको मृत्यु भइसकेको छ।

धनगढीस्थित *कान्तिपुर* समाचारदाता लेख्छन् जिल्लामा गत साउनको पहिलो हप्ताबाट फैलिएको इन्सेफ्लाइटिसको महामारीबाट बुधबारसम्म २० जनाको मृत्यु भइसकेको छ।

मंगलबार राति दरख गाविसकी ६ वर्षीया अनिता कुमारी, मसुरिया-४ का आठ वर्षीय ठगेन्द्र आचार्य र रामशिखरझाला गाविस-४ का गणेश सावद (६ वर्ष) को सेती अञ्चल अस्पतालमा उक्त रोगबाट मृत्यु भएपछि मर्नेहरुको संख्या कैलालीमा २० पुगेको छ।

यस वर्ष यो प्रकोपबाट मर्नेहरुको संख्या (मृत्युदर) बढ्ने सम्भावनाले हामी निकै चिन्तित छौं' सेती अञ्चल अस्पतालमा डेढ दशकभन्दा लामो समयदेखि कार्यरत मेट्रोन रक्षा राईले भन्नुभयो।

मंगलबारसम्म सेती अञ्चल अस्पतालमा मर्नेहरुको संख्या १० थियो। रातभरि र दिउँसो थप २५ जना उपचारार्थ भर्ना भएपछि ठाउँको अभावमा खाली ठाउँमा त्रिपालले घेरेर बिरामीहरु राखिएको छ।

## इन्सेफलाइटिस

सेती अञ्चल अस्पतालमा बुधबार दिउँसोसम्म यसवर्ष इन्सेफ्लाइटिसबाट ग्रस्त भई २ सय २१ जना भर्ना भएकोमा १३ जनाको मृत्यु भएको थियो भने ७ जनाको टीकापुरस्थित स्वास्थ्य केन्द्रमा उपचारको क्रममा मृत्यु भएको थियो।

सेती अञ्चल अस्पतालका मेडिकल रेकर्डर दिलीप श्रेष्ठका अनुसार हाल ९८ जनाको उपचार भइरहेको, २ जना उपचारकै क्रममा भागेका र १ सय ८ जना निको भई घर फर्किएका छन्।

उता टीकापुर स्वास्थ्य केन्द्रमा अहिले ५१ जनाको उपचार भइरहेको डा. होमनाथ पौडेलले बताउनुभयो।

कैलालीमा गत साल करिब ९ सय जना उक्त रोगबाट प्रभावित भएकोमा १ सय ७ जनाको मृत्यु भएको थियो।

यस वर्ष इन्सेफ्लाइटिसबाट मृत्यु हुनेमा (सेती अञ्चल अस्पतालमा) ४ वर्षदेखि ४२ वर्षसम्मका रहेका छन्। तर रोगीहरुमध्ये अधिकांश बालबच्चा रहेका छन्।

मेट्रोन राई यो प्रकोपबाट मर्नेहरुमा करिब ७५ प्रतिशत पुरुष रहेको बताउनुभयो।

यसैबीच यो रोगको प्रकोप दिन प्रतिदिन भयावहरुपमा बढ्दै गएपछि बुधबार प्रजिअ नरेन्द्रराज पौडेलको अध्यक्षतामा एक सर्वदलीय/सर्वपक्षीय आपत्कालीन बैठक बसेको थियो।

उता टीकापुर प्राथमिक स्वास्थ्य केन्द्रमा औषधि र जनशक्तिको ठूलो अभावले थप संकट निम्त्याएको छ।

'विभागबाट पठाइएको भनिएको औषधि पनि बाटो बिग्रेकाले यहाँ पुग्न सकेको छैन, थप चिकित्सकको माग गरिएकोमा कुनै कारबाही हुन सकेको छैन' डा. पौडेलले भन्नुभयो।

यसैबीच जिल्ला रेडक्रस सोसाइटीले सेती अञ्चल अस्पतालका लागि थप २ र टीकापुरका लागि थप एक नर्सिङ स्टाफ खटाएको छ।

यसैबीच महेन्द्रनगरस्थित *कान्तिपुर* समाचारदाता लेख्छन्- कञ्चनपुर जिल्लामा फैलिएको इन्सेफ्लाइटिसबाट बुधबारसम्म ६ जनाको मृत्यु भएको छ।

स्थानीय महाकाली अञ्चल अस्पतालमा बुधबारसम्म उक्त रोगबाट पीडित ४५ जना बिरामीहरु उपचारार्थ आएकोमा ६ जनाको मृत्यु, १९ जनाको उपचार भइरहेको, १ जना भारततर्फ पठाइएको तथा १९ जना सन्चो भई घर फर्केका छन्।

नेपालगञ्जस्थित *कान्तिपुर* संवाददाता लेख्छन् गत वैशाख १ गतेदेखि बुधबारसम्म भेरी अञ्चल अस्पताल नेपालगञ्जमा उपचारार्थ आएका १ सय ५० जना इन्सेफ्लाइटिसका बिरामीमध्ये २१ जनाको मृत्यु भएको छ। ५० जना बिरामीको अस्पतालमा उपचार भइरहेको छ भने ७९ जना उपचारपछि घर फर्किसकेका छन्।

त्यसैगरी नेपालगञ्ज मेडिकल कलेजको शिक्षण अस्पतालमा पनि १०/१२ जना इन्सेफ्लाइटिसका बिरामी आएको तर कसैको पनि मृत्यु नभएको उक्त अस्पतालले जनाएको छ।

उक्त रोगबाट यो वर्ष हालसम्म १४ प्रतिशत बिरामीको मृत्यु भएको छ भने यही अवधिमा गत वर्ष १८ प्रतिशतभन्दा बढी इन्सेफ्लाइटिसका बिरामीको मृत्यु भएको थियो।

जापानी इन्सेफ्लाइटिसका लक्षण लिएर अस्पताल आउने बिरामीलाई अनुमानका भरमा उपचार सुरु गर्नुपर्ने बाध्यता रहेको चिकित्सकहरु बताउँछन्।

गोरखापत्र २०४६.५.८

# इन्सेफलाइटिसबाट २३ को मृत्यु

गो. प. ०४६.५.८

धनगढी, भदौ ७ गते । कैलाली र कञ्चनपुर जिल्लामा गत साउनको शुरुदेखि फैलिएको इन्सेफलाइटिस रोगबाट थप १२ जनाको मृत्यु भई हिजोसम्म सो रोगबाट मृत्यु हुनेहरूको संख्या २३ पुगेको छ ।

इन्सेफलाइटिस रोगबाट पीडित भई अस्पतालमा उपचार हुँदाहुँदै मृत्यु हुने ती बिरामीमा सेती अञ्चल अस्पताल धनगढीमा १०, टीकापुर स्वास्थ्य केन्द्रमा सात र महेन्द्रनगरस्थित महाकाली अञ्चल अस्पतालमा छजना रहेको सम्वन्धित अस्पतालले जनाएको छ ।

सो रोगबाट पीडित भई उपचारका लागि सेती अञ्चल अस्पतालमा हालसम्म कुल १११ जना भर्ना भएकोमा १५ जना निको भएका, दुईजना उपचारको क्रममा भागेका र ८४ जनाको हाल उपचार भइरहेको सो अस्पतालले जनाएको छ ।

यसैगरी टीकापुरस्थित स्वास्थ्य केन्द्रमा हालसम्म सो रोगका ८३ जना बिरामी उपचारार्थ भर्ना भएकोमा २७ जना उपचारपछि घरफर्किएका, तीनजना उपचारको क्रममा भागेका र ४६ जनाको हाल उपचार भइरहेको छ ।

त्यस्तै, महेन्द्रनगरस्थित महाकाली अञ्चल अस्पतालमा इन्सेफलाइटिस रोगबाट पीडित भई उपचारका लागि हालसम्म ४४ जना भर्नाभएकोमा १९ जना उपचारपछि घरफर्किएका, एक जनालाई रिफर गरिएको र १८ जनाको हालसम्म उपचार भइरहेको सो अस्पतालका मेडिकल सुपरिनटेन्डेन्ट डा. दिलबहादुर केसीले बताउनुभयो ।

कैलालीमा सो रोग शुरुका दिनमा फाटफुट रूपमा देखा परेपनि गत एक डेढ हप्तादेखि एका-एक प्रकोपको रूपमा देखापरेको कारण सेती अञ्चल अस्पताल तथा टीकापुर स्वास्थ्य केन्द्रमा बिरामीको चाप बढेको छ ।

सेती अञ्चल अस्पतालमा सो रोगका १३-१४ जना बिरामी हाल दैनिक भर्ना हुनथालेपछि अस्पतालमा शय्याको अभाव हुन गई बिरामीहरूलाई बरण्डामा सुताइएको छ । सो अस्पतालमा बिरामी राख्ने ठाउँ नपुगेपछि अस्थायी शिविर बनाउन आवश्यक तयारी भइरहेको छ ।

टीकापुर स्वास्थ्य केन्द्रमा पनि दैनिक पाँच छजना सो रोगका बिरामी भर्ना भइरहेका छन् । यही क्रमले बिरामी भर्ना भइरहेमा सेती अञ्चल अस्पताल र टीकापुर स्वास्थ्य केन्द्रमा औषधि तथा स्वास्थ्यकर्मीको अभाव हुनसक्ने बताइएको छ ।

सेती अञ्चल अस्पतालमा भर्ना भएका सो रोगका बिरामीको उपचार कार्यमा सघाउ पुऱ्याउन जिल्ला जनस्वास्थ्य कार्यालय र नेदरल्याण्ड लेप्रोसी रिलिफ एसोसिएसनबाट छजना नर्स खटाइएकोछ ।

एक प्रकारको लामखुट्टेको टोकाइबाट हुने सो रोगबाट मर्नेहरूमा अधिकांश ग्रामीण क्षेत्रका व्यक्ति रहेका छन् । अस्पताल तथा स्वास्थ्य केन्द्रहरूमा ती रोगीहरूको निःशुल्क उपचार भइरहेको छ ।

यसैबीच, सेती अञ्चल अस्पतालमा इन्सेफलाइटिसका बिरामीको चाप बढन गई बेडको अभाव देखिएपछि धनगढी जेसिजले इन्सेफलाइटिसका रोगी शय्याको प्रयोजनका लागि आज नौहजार मूल्य बराबरका २० थान फोम बेड अस्पताललाई निःशुल्क उपलब्ध गराएको छ ।

धनगढी जेसिजका अध्यक्ष केशवदत्त भट्टले सो अस्पतालका मेडिकल सुपरिनटेन्डेन्ट डा. कृष्णकुमार राईलाई उक्त फोम बेड हस्तान्तरण गर्नुभएको थियो । रासस

२०५६.५.६

# इन्सेफ्लाइटिसबाट २५ मरे

धनगढी । गत साउन महिनाको पहिलो सातादेखि फैलिएको इन्सेफ्लाइटिस रोगको प्रकोपबाट सुदूरपश्चिम तथा मध्यपश्चिम क्षेत्रका केही जिल्लाहरूमा सो रोगको प्रकोपबाट सोमबार साँझसम्म २५ जनाको मृत्यु भइसकेको छ भने २ सय ९० जना मानिस प्रभावित बन्न पुगेका छन् ।

कैलाली जिल्लाको सेती अञ्चल अस्पताल, टीकापुर अस्पताल र जोशीपुर स्वास्थ्य केन्द्रमा गरी १ सय ६० जना बिरामी भर्ना भएकामध्ये ७ जनाको मृत्यु भएको छ भने १०० जनाको उपचार भइरहेको र ५३ जना उपचारपश्चात् निको भई घर फर्केका छन् ।

यसैगरी महाकाली अञ्चल अस्पताल महेन्द्रनगरमा हालसम्म २८ जना इन्सेफ्लाइटिसका बिरामी भर्ना भएकामध्ये ४ जनाको मृत्यु भएको छ भने १४ जनाको उपचार भइरहेको र १० जना उपचारपछि घर फर्केको कुरा अस्पताल सूत्रले बताएको छ ।

भेरी अञ्चल अस्पताल नेपालगंजमा भर्ना भएका १०० जना इन्सेफ्लाइटिसका रोगीमध्ये १४ जनाको मृत्यु भएको छ भने ३३ जनाको उपचार भइरहेको र ५३ जना उपचारपछि घर फर्केको कुरा भेरी अञ्चल अस्पतालले जनाएको छ । गत वर्ष भदौ मसान्तसम्म यो रोगको प्रकोपबाट १२८ जनाको मृत्यु भएको थियो भने ९५० जना मानिस रोगबाट प्रभावित बन्न पुगेका थिए । विगतको तुलनामा मृत्यु हुनेहरूको संख्यामा कमी भए पनि पानी नपरेर घाम लागिरहने हो भने मृत्यु हुनेको संख्यामा वृद्धि हुन सक्ने कुरा चिकित्सकहरू बताउँछन् । २० वर्ष पहिले यी जिल्लाहरूमा औलो रोगबाट हजारौंको मृत्यु हुने गर्दथ्यो । औलो नियन्त्रण भएपछि विगतका वर्षदेखि इन्सेफ्लाइटिसको प्रकोपबाट सयौं मानिसको ज्यान गइसकेको छ । इन्सेफ्लाइटिस रोगको प्रकोपबाट मर्नेहरूमा अधिकांशतया ग्रामीण क्षेत्रमा

बाँकी पृष्ठ ८ मा

## इन्सेफ्लाटिसबाट...

बसोबास गर्ने मानिसहरू रहेको कुरा थाहा भएको छ । इन्सेफ्लाइटिस रोग लामखुट्टेको टोकाइबाट सर्ने हुँदा यसबाट बच्ने उपायसम्बन्धी जानकारी तथा जनचेतना जगाउनुपर्ने आवश्यकता भएको कुरा स्वास्थ्यकर्मीहरू बताउँछन् ।

# इन्सेफलाइटिसबाट ज्यान गुमाउनेहरुको संख्या छब्बीस पुग्यो

का.पु. ०५६.५.१०

धनगढी, ९ भदौ (कास)- बिहीबार राति र शुक्रबार दिउँसो चार बजेसम्म सेती अञ्चल अस्पतालमा थप दुई जना र टीकापुर प्राथमिक स्वास्थ्य केन्द्रमा थप तीन जनाको इन्सेफलाइटिसबाट मृत्यु भएपछि यस वर्ष कैलालीमा अहिलेसम्म यस रोगबाट ज्यान गुमाउनेहरुको संख्या २६ पुगेको छ ।

पछिल्लो पटक शुक्रबार सेती अञ्चल अस्पतालमा मृत्यु हुनेमा मसुरीया-४ का सुनील चौधरी रहेका छन् भने टीकापुरमा शुक्रबार मृत्यु हुनेमा थापापुर गाविस-६ की ४० वर्षीया चेची चौधरी र टीकापुर-६ कटानपुरका २४ वर्षीय रामु विक रहेका छन् । यसका साथै सेती अञ्चल अस्पतालमा साउन २ गतेदेखि शुक्रबारसम्म इन्सेफलाइटिसबाट प्रभावित भई भर्ना भएकाहरुको संख्या २ सय २५ पुगेको छ । जसमध्ये बिहीबार र शुक्रबारमात्रै थप १५ जना रोगी अस्पतालमा भर्ना भएका थिए ।

यस वर्ष सेती अञ्चल अस्पतालमा शुक्रबारसम्म मृत्यु भएका १६ जनामध्ये ९ जना १६ वर्षमुनिका बालक रहेका छन् ।

उक्त अस्पतालका मेडिकल रेकर्डर दिलीप श्रेष्ठका अनुसार अहिले ७४ जनाको अस्पतालमा उपचार भइरहेको र १ सय ५९ जना निको भई घर फर्किसकेका छन् ।

यता सेती अञ्चल अस्पतालमा उपचार गराई निको हुनेको संख्या बढे पनि बिहीबार ८४ जना बेडमा थिए भने शुक्रबार ७४ जनामात्र छन् । उता टीकापुरमा भने निको हुने क्रम बढ्न सकेको छैन ।

बिहीबार उक्त अस्पतालमा ४८ जना उपचार गराई रहेकोमा शुक्रबार यो संख्या ५२ पुगेको छ ।

उक्त केन्द्रका प्राविधिक मोहनसिंह सावदका अनुसार शुक्रबारसम्म १ सय ८ जना इन्सेफलाइटिसका रोगीहरु उपचारका लागि भर्ना भएकोमा १० जनाको मृत्यु भइसकेको, ३९ जना निको भई घर फर्किएको, ४ जना अन्यत्र पठाएको र ३ जना उपचारकै क्रममा भागेका थिए ।

शय्या, औषधि र स्वास्थ्यकर्मीको अभावले दुई दिनअघिसम्म निकै कठिनाइ उत्पन्न भएकोमा अहिले स्वास्थ्य विभाग, क्षेत्रीय मेडिकल स्टोर धनगढी जिल्ला जनस्वास्थ्यबाट थप स्वास्थ्यकर्मी र औषधि पठाइएको उक्त केन्द्रले जनाएको छ ।

सावदले अहिले टीकापुर जेसिज, नारायणपुर लायन्स क्लब, रेडक्रस, सन्तनिरंकारी मण्डललगायतका संघ-संस्थाले औषधि, लत्ता, गद्दा, त्रिपाल आदि सहयोग प्रदान गरिराखेको बताउनुभयो ।

यसैबीच धनगढी जेसिजले बोर्डिङ स्कूलहरुमार्फत् ६ वर्षमुनिका विद्यार्थीहरुलाई १ सय ५० रुपैयाँ शुल्क लिई इन्सेफलाइटिसविरुद्धको सुई (भ्याक्सिन) वितरण कार्य सुरु गरेको छ ।

---

# इन्सेफ्लाइटिसबाट मर्नेको संख्या ३२

गो.प ०५६.५.११

**कैलाली समाचारदाता**

धनगढी (श्रीनगर), भदौ १० गते । इन्सेफ्लाइटिसको प्रकोपले दिन प्रतिदिन बढ्दै गएपछि कैलाली कंचनपुरका विभिन्न गाविसहरूमा मर्नेहरूको संख्या ३२ जना पुगेको छ ।

सेती अञ्चल अस्पताल शुत्रले दिएको जानकारी अनुसार शुक्रबारसम्म १६ जनाको मृत्यु भइसकेको छ । यस जिल्लाका विभिन्न गाविसहरूबाट अञ्चल अस्पतालमा भर्ना हुनेको जम्मा संख्या दुईसय ५१ जना मध्ये एकसय ५९ जना बिरामी उपचार गरी घर फर्केका छन् भने उपचार गराइरहेका ७४ जना र डाक्टरको सल्लाह बिना लामा कहाँ गएको संख्या दुई जना रहेको छ ।

हिजो बिहिवारसम्म मर्नेहरूको संख्या १४ रहेको थियो भने आज मसुरिया गाविसका छ वर्षीय सुनील चौधरी लगायतका दुई जनाको थप मृत्यु भएको छ ।

सेती अञ्चल अस्पतालका अहेव भक्तबहादुर बिष्टका अनुसार जम्मा १६ जना मर्नेहरू मध्य १२ जना पुरुष रहेका छन् भने चार जना स्त्री रहेका छन् । जसमध्य नौ जना बालकहरू रहेको कुरा बताइएको छ ।

मर्ने बालकहरूमा १२ वर्षीया बीरबहादुर, थापापुर- पाँच का पाँच वर्षीय बसन्ता चौधरी, रामशिखरझाला गाविसका पाँच वर्षीय तिलक चौधरी, साडेपानी गाविस-पाँच का नौ वर्षीय प्रकाश शाही, चौमालका चार वर्षीय तिलक थापा दरख गाविसका छ वर्षीया अनीताकुमारी चौधरी, मसुरिया गाविस- चार का आठ वर्षीय उगेन्द्र आचार्य रहेका छन् ।

त्यसैगरी रामशिखर झाला- चार का छ वर्षीय गणेश साउद, मुसुरिया गाविसका छ वर्षीय सुनिल चौधरी मृत्यु हुने बालबालिकाहरूमा परेका छन् ।

हाल सेति अञ्चल अस्पतालमा भर्ना हुने क्रम जारी रहेको छ । अस्पताल बाहिर यत्रतत्र त्रिपालको व्यवस्था गरेका बिरामीहरूको उपचार भइरहेको छ ।

त्यसैगरी प्राथमिक स्वास्थ्य चौकी टिकापुरमा मर्नेहरूको संख्या दश जना पुगेका छन् । उक्त चौकीमा भर्ना हुनेको जम्मा संख्या एकसय आठ हरेको छ भने उपचार गराइरहेका ५२ जना उपचार गरी घर फर्केका ३९ जना रहेका छन् । डाक्टरको सल्लाह बिना लामा कहाँ गएका तीन जना रहेको कुरा स्वास्थ्य चौकीले जनाएको छ ।

फूलबारी गाविसमा उपचार नगरेर मर्नेको संख्या दुई जना रहेका बताइएतापनि अस्पताल शुत्रले पुष्टि गर्न बाँकी रहेको छ ।

महाकाली अञ्चल अस्पताल महेन्द्रनगरले आज दिएको जानकारी अनुसार अहिलेसम्म छ जनाको मृत्यु भइसकेको छ ।

हाल सेती अञ्चल अस्पताल र प्राथमिक स्वास्थ्य चौकी टीकापुरको लागि औषधि उपचारको लागि आर्थिक सहयोग एवं स्वास्थ्य कर्मिहरूको सहयोग विभिन्न संघ । संस्थाहरूबाट भइरहेको कुरा अञ्चल अस्पतालका मे. सु. डा. के. के. राइले गोरखापत्रसंग बताउनुभएको छ ।

५०

# द.एसियाली राष्ट्रका स्वास्थ्य मन्त्रीहरूको तीनदिने बैठक सम्पन्न

गो.प. २०५६।५।१०

काठमाडौं, भदौ ९ गते। स्वास्थ्य मन्त्रालय र विश्व स्वास्थ्य संगठनको संयुक्त तत्वावधानमा यहाँ आयोजित विश्व स्वास्थ्य संगठन दक्षिणपूर्वी एसियाली क्षेत्रका स्वास्थ्यमन्त्रीहरूको तीनदिने अठारौं बैठक आज सकियो।

दक्षिण पूर्वी एसियाली क्षेत्रका सदस्य राष्ट्रहरूमा नेपाल लगायत बंगलादेश, भूटान, प्रजातान्त्रिक जनगणतन्त्र कोरिया, भारत, इण्डोनेसिया, माल्दिभ्स, म्यान्मा, श्रीलङ्का र थाइल्याण्ड छन्।

बैठकमा श्रीलङ्काबाहेक सबै सदस्य राष्ट्रका स्वास्थ्यमन्त्रीहरूको सहभागिता थियो। श्रीलङ्काको प्रतिनिधित्व त्यहाँका अतिरिक्त स्वास्थ्य सचिवले गर्नुभएको थियो।

बैठकमा विश्व स्वास्थ्य संगठनको संशोधनमा अन्तरदेशीय सहकार्य सुदृढीकरण, स्वास्थ्य सेवा क्षेत्रको सुधार समस्या र अवसरहरू तथा एच.आई.भी. एड्स र निदानका उपायहरूबारे छलफल भएको थियो।

समापन समारोहमा स्वास्थ्यमन्त्री डा. रामबरण यादवले हाम्रा देशहरूबीचका स्वास्थ्य समस्याहरू समान रहेको बताउँदै यी समस्याहरूको समाधानार्थ हामीहरूसँग भएको अनुभव, क्षमता र स्रोत साधनहरूलाई एक आपसमा आदानप्रदान गर्ने प्रतिबद्धता बैठकमा व्यक्त भएको बताउनुभयो।

उहाँले बैठकमा कालाजार, एचआईभी एड्स, मलेरिया, जापानीज इन्सेफलाइटिस, डेङ्गु जस्ता जल्दाबल्दा स्वास्थ्य क्षेत्रका समस्या समाधानका लागि एक कार्ययोजना तयार गर्ने काममा मद्दत गर्न विश्व स्वास्थ्य संगठन सहमत भएको उल्लेख गर्नुभयो।

बैठकमा विश्व स्वास्थ्य संगठनका दक्षिणपूर्वी एसियाली क्षेत्रका क्षेत्रीय निर्देशक डा. उटोन मुक्तार रफिको पनि सहभागिता थियो। रासस

गोरखापत्र १० भाद्र २०५६

# ...र्वी र पश्चिमी तराईमा इन्सेफ्लाइटिसबाट बाइस जनाको मृत्यु

...तन्त्र समाचारदाता ०५६·५·१०

...नेपालगञ्ज, भदौ ९ गते । भेरी ...ल अस्पतालमा उपचारार्थ भर्ना ...क भाइरल इन्सेफ्लाइटिस (मस्तिष्क ...) का सबै बिरामीहरूलाई नेपाल ...क्रस सोसाइटी बाँके शाखामार्फत ...ल्क औषधि वितरण गरिने भएको ...।

...साथै त्यस्ता बिरामीहरूको ...का लागि स्थानीय सरकारी तथा ...सरकारी निकाय र उद्योगी ...हरूबाट सहायता संकलन गरिने ...एको छ ।

...यसैबीच इन्सेफ्लाइटिसका ...हरूको चाप बढ्दै गएकोले ...गञ्ज मेडिकल कलेजले भेरी ...ल अस्पताललाई ४१ वटा शय्या ...ब्ध गराएको छ ।

...सो अस्पतालमा आजसम्म ...चारार्थ आएका त्यस्ता १६० ...मीमध्ये २२ जनाको मृत्युभएको ...ले जनाएको छ ।

...मध्ये ८३ जना निको भई घर ...केका छन् भने हाल २५ जनाको ...चार भइरहेको छ ।

...बाँके, बर्दिया, दाङ, सुर्खेत, सल्यान ...का जिल्लाबाट उपचारार्थ आएका ...मीमध्ये सबैभन्दा बढी ६७ जना ...का र सबैभन्दा कम एकजना ...को भएको बताइएको छ ।

...प्रत्येक दिन सो अस्पतालमा उक्त ...का सरदर छ जना बिरामी ...रार्थ आउने गरेको अस्पताल ...डा. अरुण कोइरालाले बताएको ...सले जनाएको छ ।

...यस्तै, बुटवल समाचारदाताका ...सार रुपन्देही जिल्लामा ...लाइटिसको रोगका कारण यस ...जनाको मृत्युभएको छ ।

...५ जना इन्सेफ्लाइटिसका ...मीहरू उपचारार्थ आएकोमा ...दशजनाको मृत्युभएको हो । ...लुम्बिनी अञ्चल अस्पताल बुटवल ...अस्पताल भैरहवामा आएकामध्ये ...नी अञ्चल अस्पतालमा चारजना ...अस्पतालमा तीनजनाको ...एको थियो ।

...गत वर्षभन्दा यो वर्ष इन्सेफ्लाइटिस ...प्रकोप कम रहेको पनि जिल्ला ...स्वास्थ्य कार्यालय रुपन्देहीले ...को छ । १०९ जना बिरामी गत ...र्ना भएकामा तीमध्ये २० जनाको ...एको थियो ।

... अस्पतालहरूमा ...लाइटिसका बिरामीहरूको तथ्याङ्क ...मा नराखिएका कारण सो ...मर्नेहरूको संख्या बढी हुनसक्ने ...गरिएको छ ।

...जिल्ला जनस्वास्थ्य कार्यालयले ...लाइटिसको प्रकोप तराईका क्षेत्र ...मा बढी देखिएको बताउँदै ...को तथ्याङ्क अझै पूरा आइ... ...बताएको छ ।

...यस्तै, दाङ समाचारदाताका अनुसार, इन्सेफ्लाइटिस रोगको प्रकोप अब दाङ जिल्लामा पनि देखापरेको छ ।

जिल्लाको सीमित क्षेत्रमा देखा परेको सो रोगको प्रकोपबाट पीडित भएका बिरामीहरू अहिले महेन्द्र अस्पताल, दाङमा उपचारका लागि आउन थालेका छन् ।

गत साउन महिनाको अन्त्यसम्म सो रोगको कुनै संकेत नदेखिएको दाङ जिल्लाभित्र एक्कासी देखापरेको यो रोगबाट करिब १४/१५ जना बिरामी उपचारका लागि अहिले अस्पतालमा भर्ना भएका र तीमध्ये दुईजनाको मृत्यु भएको जिल्ला जनस्वास्थ्य प्रमुख एवं महेन्द्र अस्पतालका मेडिकल सुपरिटेन्डेण्ट डा. श्रवणकुमार चौधरी बताउनुहुन्छ ।

यसभन्दा अघिका वर्षमा दुई अढाइसयको संख्यामा उक्त रोगका बिरामीहरू उपचारका लागी आउने गरेको सो अस्पतालमा यस वर्ष आएका बिरामीहरूको संख्याले जिल्लामा इन्सेफ्लाइटिस रोग अहिले धेरै हदसम्म नियन्त्रण भएको प्रमुख चौधरीले बताउनुभयो ।

अहिले अस्पतालमा आएका सबै बिरामीहरूको अवस्था ठीक रहेको जानकारी उहाँले दिनुभएको छ ।

प्रमुख चौधरीले समयमै अस्पताल ल्याउन नसकेको कारण दुईजना व्यक्तिको मृत्यु हुन गएको बताउनुभयो यथेष्ट औषधिसहित जिल्लामा स्वास्थ्य कार्यकर्ताहरू सचेत रही बसेको कारण सो रोग फैलन सक्ने सम्भावना कम रहेको दावीसमेत उहाँले गर्नुभएको छ ।

यस्तै, विराटनगरबाट प्राप्त समाचारदाताका अनुसार, तराईका जिल्लाहरू मोरङ, झापा, सुनसरी र सप्तरीमा इन्सेफ्लाइटिस रोगको प्रकोप बढेर गएको छ ।

कोशी अञ्चल अस्पतालमा सो रोग लागेर उपचारका लागि भर्ना हुनेहरूको संख्या बढेर गएको अस्पताल तथ्याङ्क शाखाले जनाएको छ ।

गएको असार अन्तिमदेखि आजसम्म ९८ जना इन्सेफ्लाइटिसका रोगीहरू अस्पतालमा उपचारका लागि भर्ना भएका र तीमध्ये तीनजनाको हालै मृत्युभएको बताइएको छ ।

अस्पताल तथ्याङ्क शाखाका खगेन्द्र भण्डारीले दिएको जानकारी अनुसार हाल १६ जना सो रोग लागेका बिरामीको उपचार भइरहेको छ । बाँकी स्वास्थ्य लाभ गरी घर फर्केका छन् ।

इन्सेफ्लाइटिस रोगको उपचार गर्दा गर्दै मृत्यु हुनेहरूमा मोरङ थलाहा गाउँ विकास समितिका दुई वर्षीय पारस थापा, विराटनगर- २२ का पाँच वर्षीय मोहमद सफर्ती र सप्तरीका १७ वर्षीय श्याम चौधरी रहेका छन् ।

अस्पतालमा उपचार गराइरहेका रोगीको स्थिति सामान्य रहेको छ । प्राप्त जानकारी अनुसार, भदौ महिनाभरि इन्सेफ्लाइटिसका बिरामीहरूको चाप बढ्ने देखिएको छ । अस्पतालमा साउनको अन्तिमसम्ममा जम्मा ६० जनाले सो रोगको उपचार गएकोमा यही भदौको पहिलो साताभै रोगीको संख्या निकै बढेर गएको बताइन्छ ।

उता जिल्ला जनस्वास्थ्य कार्यालय मोरङले पनि जिल्लामा इन्सेफ्लाइटिसको प्रकोप देखा पर्न थालेकोले साउन १० गतेदेखि रोग देखापरेका गाउँमा 'के अथराइन' नामक औषधि छर्कन थालेको जनाएको छ ।

विशेष गरेर मोरङका गाउँहरूमा रोगको प्रकोप देखापरेको बताइएको छ । मोरङका इन्द्रपुर, थलाहा, कटहरी, बबिया, ठर्बेशामा सो रोग देखापरेको छ ।

जिल्ला जनस्वास्थ्य कार्यालय मोरङका अंकित गोविन्द श्रेष्ठले दिएको जानकारी अनुसार नगर क्षेत्रमा जनस्वास्थ्य कार्यालयको सहयोगमा विराटनगर उपमहानगरपालिकाले औषधि छर्कने कार्य शुरु गरेको छ ।

गोरखापत्र ०५६·५·१०

KP

# Encephalitis death toll 26

August 26, 2000

DHANGADI, Aug 25 (PR)- The death toll of encephalities victims has climbed to 26, after five patients succumbed to the mosquito-borne disease in Kailali in the last two days.

Health officials said two patients suffering from encephalities died at Seti Zonal Hospital (SZH), while three others died at Tikapur Primary Health Post.

Altogether 225 patients sufferring from the disease were been admitted at the hospital after the disease made a comeback this monsoon. Of them, 74 are undergoing treatment while 159 patients have returned home after recovery, said Dilip Shrestha, an official at the hospital.

In an attempt to help the health centres cope with the outbreak of encephalities, various non-governmental organisations, including Red Cross Society and the Lions Club, have donated medicines, beddings and other necessary materials, added Mohan Singh Sawad, a technician.

Kathmandu Post
26 Aug 2000

82

Rising Nepal 26 Aug 2000

R.N. August 26, 2000

# Free medicines to encephalitis patients

Nepalgunj, Aug. 25 (RSS):

Nepal Red Cross Society Banke district unit is to provide free medicines to the patients admitted to Bheri Zonal Hospital for treatment of viral encephalitis.

According to the senior administrative officer of the Nepal Red Cross Society Iswori Regmi, the medicines will be purchased with Rs 110,000 arrears of last year and Rs 300,000 received from the district health, education and emergency fund and distributed to the needy patients. The District Red Cross Society has also called on the public offices, non-governmental offices, industrialist and businessmen to extend cooperation to the patients.

Nepalgunj Medical College has provided Bheri Zonal Hospital 40 beds taking into consideration the growing number of patients visiting the hospital. Of the total 160 viral encephalitis patients visting the Bheri Zonal Hospital for treatment, 22 patients have died, 83 patients have returned home while 25 patients are still undergoing treatment, according to the hospital.

Encephaitis patients from Banke, Bardiya, Dang, Salyan, Surkhet and Parbat districts visit the hospital for treatment. An average of about six patients suffering from viral encephalitis visit the hospital daily, according to chief of the hospital Dr. Arun Koirala.

# Medicines to patients

NEPALGUNJ, Aug. 25(1RSS)- Nepal Red Cross Society Banke district unit is to provide free medicines to the patients admitted to Bheri zonal hospital for treatment of viral encephalitis. R.P. 26 August, 2000

According to the senior administrative officer of the Nepal Red Cross Society Iswori Regmi, the medicines will be purchased with Rs 110.000 arrears of last year and Rs amount received from the District Health. Education and Emergency Fund and distributed to the needy patients.

The District Red Cross Society has also called on the public offices. non- governmental offices, industrialist and businessmen to extend cooperation to the patients.

Nepalgunj Medical College has provided Bheri Zonal Hospital 40 beds taking into consideration the growing number of patients visiting the hospital.

Of the total 160 viral encephalitis patients visting the Bheri Zonal Hospital for treatment, 22 patients have died. 83 patients have returned home while 25 patients are still undergoing treatment. according to the hospital.

Encephaitis patients from Banke. Bardiya. Dang. Salyan. Surkhet and Parbat districts visit the hospital for treatment.

An average of about six patients suffering from viral encephalitis visit the hospital daily, according to chief of the hospital Dr Arun Koirala.

Kathmandu Post 26 Aug 2000

कान्तिपुर ०५६.५.१२

का.पु. ०५६.५.१३

# एक सातामा १३ जना इन्सेफ्लाइटिस बिरामी थपिए

नेपालगन्ज, १२ भदौ (कास)- भेरी अञ्चल अस्पतालमा मात्र गत एक साताभित्र १३ जना इन्सेफ्लाइटिसका बिरामी थपिएका छन् ।

अस्पतालमा मेडिकल सुपरिटेन्डेन्ट डा. अरुण कोइरालाका अनुसार एक साताअघि अस्पतालमा १ सय २५ जना बिरामी उपचारका लागि आएकोमा अहिले त्यो संख्या बढेर २ सय १८ पुगेको छ ।

गत वैशाखयता उक्त अस्पतालमा उपचारार्थ आएका इन्सेफ्लाइटिसका बिरामीमध्ये सोमबारसम्म २४ जनाको मृत्यु भइसकेको छ भने १ सय २६ जना उपचारपछि घर फर्केका छन् । हाल अस्पतालमा ६८ जनाको उपचार भइरहेको छ ।

यसैबीच आइतबारदेखि भेरी अञ्चल अस्पतालमा आउने इन्सेफ्लाइटिसका बिरामीलाई जिल्ला स्वास्थ्य, शिक्षा तथा सामाजिक सेवा कोषले प्रदान गरेको ३ लाख रुपैयाँबाट रेडक्रसले औषधी उपलब्ध गराउन थालेको छ ।

**महेन्द्रनगरमा ६७ बिरामी**

महेन्द्रनगरस्थित कान्तिपुर समाचारदाताका अनुसार कन्चनपुर जिल्लामा केही दिनदेखि फैलिएको इन्सेफ्लाइटिसबाट सोमबारसम्म ६ जनाको मृत्यु भएको छ ।

स्थानीय महाकाली अञ्चल अस्पतालमा सोमबारसम्म इन्सेफ्लाइटिसबाट पीडित भई जिल्लाको विभिन्न भागबाट उपचार गराउन आएका बिरामीहरुको संख्या ६७ पुगेको छ । जसमध्ये ६ जनाको मृत्यु भएको, एकलाई भारत पठाइएको, ४२ जना उपचारपछि सन्चो भई घर फर्केका र १८ जनाको उपचार भइरहेको छ ।

Raising Nepal 29 Aug 2000

# BRIEFS

## Encephalitis cases in Bardiya

2000

Bardiya (RSS): R. N 29 Aug

Four out of twenty encephalitis patients admitted to Bardiya district hospital have died while undergoing treatment thus far, according to the hospital sources.

Three encephalitis patients have already been discharged from the hospital after recovery, while thirteen are still undergoing treatment at the hospital.

## Encephalitis

K. P. 29 Aug 2000

NEPALGUNJ, Aug 28 (RSS) - Thirty-seven of the encephalitis patients hospitalised for treatment at the various hospitals of Banke district have died so far.

At present eighty-three patients are undergoing treatment at the hospitals. On the average, ten patients are admitted to the zonal hospital and 1 to 2 at the hospitals of the district, it is learnt.

Kathmandu Post

20 Aug 2000

गोरखापत्र २०५७-५-१३.

## इन्सेफ्लाइटिसबाट ३७ जनाको मृत्यु

गो.प. २०५७-५-१३.

नेपालगञ्ज, भदौ १२ गते। बाँके जिल्लाका विभिन्न अस्पतालमा आजसम्म उपचारार्थ भर्ना भएका भाइरल इन्सेफ्लाइटीस (मस्तिष्क ज्वर) का ३७ रोगीको मृत्युभएको छ।

भेरी अञ्चल अस्पतालमा उपचारार्थ आएका ती रोगका २१८ बिरामीमध्ये २४, नेपालगञ्ज शिक्षण अस्पतालमा उपचारार्थ आएका ४२ मध्ये १२ र कोहलपुर शिक्षण अस्पतालमा उपचारार्थ आएका ६ मध्ये एक रोगीको मृत्युभएको सम्बन्धित अस्पतालले जनाएको छ।

ती अस्पतालहरूमा हाल उक्त रोगका ८३ बिरामीको उपचार भइरहेको छ।

भेरी अञ्चल अस्पतालमा सरदर १०

(बाँकी एघारौं पृष्ठको सातौं लहरमा)

## इन्सेफ्लाइटिसबाट

र अन्य अस्पतालमा एक/दुई जना प्रत्येक दिन सो रोगका बिरामी उपचारार्थ भर्ना हुने गरेको बताइएको छ।

भेरी अञ्चल अस्पतालमा सबैभन्दा बढी बाँके जिल्लाका ९१ र सबैभन्दा कम पर्वत जिल्लाका एक बिरामी उपचारार्थ आएको थाहाभएको छ।

भेरी अञ्चल अस्पतालमा भर्ना भएका सो रोगका सबै बिरामीहरूलाई रेडक्रस बाँकेमार्फत् निःशुल्क औषधि वितरण भइरहेको छ। रासस

गोरखापत्र २०५६.५.१४

# इन्सेफ्लाइटिसबाट ४१ जनाको मृत्यु

गो.प. ०५६.५.१४

कैलाली समाचारदाता

कैलाली, भदौ १३ गते । गत साउन महिनादेखि शुरुभएको इन्सेफ्लाइटिस रोगको प्रकोपबाट हालसम्म कैलाली र कञ्चनपुर जिल्लामा ४१ जनाको मृत्यु भइसकेको छ ।

सो रोगको प्रकोपबाट सेती अञ्चल अस्पताल धनगढीमा मंगलवार साँझसम्म २० जनाको मृत्यु भइसकेको कुरा अञ्चल अस्पताका मेडिकल रिपोर्टर दिलीप श्रेष्ठले गोरखापत्रलाई बताउनुभयो । हालसम्म यहाँ भर्ना भएका तीनसय २४ बिरामीहरूमध्ये दुईसय २५ जनाको उपचार भई घर फर्केका छन् भने अस्पतालमा उपचार गराइरहेको संख्या ७७ रहेको छ ।

यसैगरी, प्राथमिक स्वास्थ्य उपचार केन्द्र टीकापुरले आज दिएको जानकारी अनुसार १३ जनाको मृत्युभएको छ । हालसम्म भर्ना भएका एकसय १३ जना बिरामीहरूमध्ये ३३ जनाले हाल उपचार गराइरहेका छन् भने उपचार गरी घर फर्कनेको संख्या ६६ छ ।

महाकाली अञ्चल अस्पताल महेन्द्रनगरले गोरखापत्रलाई दिएको जानकारी अनुसार हालसम्म भर्ना भएका ७३ जना बिरामीहरूमध्ये छजनाको मृत्यु भइसकेको छ र उपचार गरी फर्केका ४७ जना र उपचार गराइरहेका बिरामीहरू १८ जनारहेका छन् भने यस क्षेत्रमा डाक्टरको सल्लाह विना लामा कहाँ उपचारार्थ जानेहरूको संख्या पनि बढ्दै गएको छ ।

त्यसैगरी, कनरी नदीमा आएको बाढीका कारण कैलाली जिल्लाको फूलबारी गाविसका दुईजना बिरामीलाई धनगढीस्थित अस्पतालमा ल्याउन नसकी मृत्युभएको कुरा बताइएको छ ।

टीकापुर स्वास्थ्य केन्द्रका प्राविधिक मोहनसिंह साउदका अनुसार विभिन्न संघसंस्थाहरूबाट एकलाख रुपियाँ राहत संकलन भएको छ । जनस्वास्थ्य कार्यालय एवं क्षेत्रीय मेडिकल स्टोर धनगढीबाट औषधि उपलब्ध भइरहेको छ ।

धनगढीस्थित अञ्चल अस्पतालका बिरामीहरूलाई राहतस्वरूप विभिन्न संघसस्थाहरू रेडक्रस, नगरपालिका, जिल्ला विकास समिति, उद्योग वाणिज्य संघ, बस व्यवसायी, निर्माण व्यवसायी समितिले नगद तथा जिन्सी सहयोग गरेको कुरा डा. कृष्णकुमार राईले बताउनुभएको छ ।

हाल यस जिल्लास्थित स्वास्थ्य उपचार केन्द्रमा बिरामीहरू भर्ना हुने क्रम अलि कम भएको र औषधि उपचारमा विभिन्न संघसंस्थाहरूको सहयोग गरेकाले तत्काल नराम्रो स्थिति भने नहुने सम्भावना रहेको छ ।

तर धनगढीस्थित कमैया शिविरमा फोहोर, खानेपानी, शौचालय तथा अन्य कारणले जुनसुकै बेला पनि हैजा, इन्सेफ्लाइटिस हुनसक्ने सम्भावना देखिएकोमा सम्बन्धित निकायले समयमा नै ध्यान दिनुपर्ने कुरा स्थानीय बासिन्दाहरू बताउँछन् ।

# इन्सेफ्लाइटिसका बिरामीको संख्यामा पुन: वृद्धि

कान्तिपुर भाद्र १४, २०५६

धनगढी, १३ भदौ (कास)- जिल्लामा गत बिहीबारदेखि इन्सेफ्लाइटिसको प्रकोप घट्न थालेकोमा पुनः सोमबारदेखि सेती अञ्चल अस्पतालमा नयाँ रोगी थपिने क्रममा एकाएक वृद्धि आएको छ ।

गत आइतबारदेखि अहिलेसम्म करिब ३० जना नयाँ रोगी थपिएपछि यस वर्ष उक्त रोगबाट ग्रस्त भई सेती अञ्चल अस्पतालमा उपचारका लागि भर्ना हुनेहरुको संख्या मंगलबारसम्म ३ सय १३ पुगेको छ । सोमबार २ बजेदेखि मंगलबार ३ बजेसम्म १० जना नयाँ रोगी थपिएका छन् । मेडिकल रेकर्डर दिलीप श्रेष्ठका अनुसार गत साउन २ गतेदेखि मंगलबारसम्म सेती अञ्चल अस्पतालमा इन्सेफ्लाइटिसबाट मर्नेको संख्या २० पुगेको छ भने टीकापुर प्राथमिक स्वास्थ्य केन्द्रमा मर्नेहरुको संख्या १२ पुगेको छ ।

कान्तिपुर २०५६.५.१४

गोरखा पत्र २०४६.५.१५

# बाइस वर्षमा इन्सेफ्लाइटिसबाट करिब पाँचहजार नेपालीको मृत्यु

गो.प. २०४६.५.१५

काठमाडौं, भदौ १३ गते । नेपालमा गत २२ वर्षमा इन्सेफ्लाइटिस रोगका कारण हालसम्म चारहजार सातसयभन्दा बढी व्यक्तिको मृत्यु भइसकेको छ ।

नेपालमा पहिलो पटक सन् १९७८ मा नवलपरासी जिल्लामा उक्त रोग देखिएको थियो । सो रोगका कारण सोही वर्ष ११९ जनाको मृत्यु भएको थियो । यस वर्ष जम्मा ४४२ जना बिरामी अस्पताल भर्ना भएका थिए ।

रोग नियन्त्रण महाशाखा, टेकुका अनुसार त्यसै वर्षपछि तराईमा यो रोग फैलिने डरले स्वास्थ्य मन्त्रालयद्वारा गरिएको विशेष व्यवस्थाका कारण सन् १९७९ मा भने जम्मा ४९ जनाको मृत्यु भएको थियो भने १८२ जना प्रभावित भएका थिए । त्यस्तै सन् १९८० मा २३१ जना तथा सन् १९८१ मा १६ जनाको मृत्यु भएको थियो ।

त्यस पछि अहिलेसम्म तराईका विभिन्न जिल्लामा प्रत्येक वर्षायाममा शुरू हुने इन्सेफ्लाइटिस रोगका कारण अस्पताल भर्ना हुनेको संख्या २१ हजार आठसयभन्दा बढी पुगेको कुरा इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा टेकुद्वारा प्राप्त एक तथ्यांकमा जनाइएको छ ।

तराईका विशेषगरी बाँके, बर्दिया, दाङ, कैलाली, कञ्चनपुर, झापा तथा मोरङ जिल्लाहरूमा गर्मी मौसममा फैलिने उक्त रोग देशका २६ जिल्लामा हुनसक्ने संभावना रहेको कुरा उक्त महाशाखाका निर्देशक डा. महेन्द्रबहादुर बिष्ट बताउनुहुन्छ ।

तथ्यांकमा जनाइएअनुसार सो रोगबाट गत २२ वर्षमा सबैभन्दा बढी गतवर्ष ४३४ जना तथा सन् १९८६ मा ४१५ जना र १९८७ मा ४०७ जनाको मृत्यु भएको थियो ।

त्यस्तै, सो अवधिमा सबैभन्दा कम सन् १९८१ मा १६ जना, १९८३ मा ३६ जना तथा १९८४ मा जम्मा ४५ जनाको मृत्यु भएको थियो ।

यस अवधिमा सबैभन्दा बढी गतवर्ष यो रोगबाट तराईको जनजीवन निकै अस्तव्यस्त भयो । यस रोगबाट गतवर्ष जम्मा दुईहजार ९२४ जना प्रभावित भएकोमा ४३४ जनाको मृत्यु भएको थियो । जुन समग्र प्रभावित संख्याको १५ प्रतिशत हुन आउँछ । सो संख्यामध्ये एकहजार २७५ जना अर्थात् समग्र संख्याको ४४ प्रतिशत अस्पतालहरूमा र एकहजार १७९ जना अर्थात् ४० प्रतिशतको मध्यपश्चिमाञ्चल तथा सुदूरपश्चिमाञ्चल विकास क्षेत्रका विभिन्न स्वास्थ्य संस्थाहरूमा उपचार भएको थियो ।

त्यस्तै, पूर्वाञ्चलबाट २६३ जना अर्थात नौ प्रतिशत तथा मध्यमाञ्चल र पश्चिमाञ्चलबाट समग्र बिरामीको पाँच प्रतिशत र दुई प्रतिशत बिरामीहरूको संख्या थियो ।

गतवर्ष यस रोगबाट सबैभन्दा बढी प्रभावित जिल्ला बाँके थियो । यस जिल्लामा मात्र गतवर्ष १८८ जनाको मृत्यु भएको थियो भने एकहजार ०४२ जना प्रभावित भएका थिए । जुन समग्र प्रभावित संख्याको १८ प्रतिशत थियो ।

त्यस्तै अर्को बढी प्रभावित जिल्ला कैलालीमा ११८ जनाको मृत्यु भएको थियो । समग्र प्रभावित संख्या एकहजार ०४१ जना मध्येको यो ११ प्रतिशत हुन आउँछ । यसका अतिरिक्त गतवर्ष १८ जिल्लामा यो रोगले प्रभावित बनाएको थियो । सबभन्दा बढी प्रभावित पारेको बाँके र कैलालीमा समग्र संख्याको मृत्यु ७१ प्रतिशत थियो ।

गत वर्षको तथ्यांकअनुसार सबैभन्दा बढी पाँचदेखि १४ वर्ष उमेरसम्मका केटाकेटीलाई प्रभावित पारेको थियो । समग्र तथ्यांकको यस उमेरका केटाकेटीलाई ४५ प्रतिशत रहेको थियो । त्यस्तै सबैभन्दा कम एकदेखि चारवर्ष सम्मकालाई जम्मा १६ प्रतिशत र १३ वर्षभन्दा बढी उमेरकालाई ३८ प्रतिशत औसतमा यस रोगले आक्रमण गरेको थियो । एकवर्ष नपुगेका बच्चा भने यो रोगबाट जम्मा एक प्रतिशतको मृत्यु भएको थियो । तथ्यांकअनुसार यो रोगले जम्मा ४६ प्रतिशत महिला तथा ५४ प्रतिशत पुरुषलाई आक्रमण गरेको पाइएको छ ।

यसरी परिमाणात्मक रूपले प्रतिवर्ष यो रोग बढ्दै गएकोले पनि नेपालमा जापानिज इन्सेफ्लाइटिस रोगको नियन्त्रणकालागि श्री ५ को सरकार तथा विभिन्न सहयोगी संस्थाहरूले प्रयास गरिरहेको पाइन्छ । गतवर्ष मात्र बर्दियामा एकलाख २१ हजार, बाँकेमा ५६ हजार तथा कैलालीमा ४६ हजार भ्याक्सिन स्वास्थ्य मन्त्रालय मार्फत उपलब्ध गराइएको थियो ।

अहिले यी जिल्लाहरूमा गतवर्षको तुलनामा निकै न्यून संख्यामा मात्र यो रोगले आक्रमण गरिरहेको पाइएको छ । त्यस्तै विभिन्न संघसंस्था तथा स्थानीय गैरसरकारी संस्थाहरूले पनि यस रोगबाट बच्नकालागि विभिन्न चेतनामूलक प्रशिक्षण सञ्चालन गर्दै आइरहेका छन् ।

यसवर्ष पनि यो रोगबाट मर्नेहरूको संख्या बढिरहेको छ । यसवर्ष भेरी अञ्चल अस्पताल, नेपालगञ्जमा यस रोगबाट प्रभावित भएका धेरै बिरामीहरूले उपचार गराइरहेका र अहिलेसम्म २० जनाभन्दा बढीको मृत्यु भइसकेको बताइएको छ ।

धनगढी, महेन्द्रनगर, धरान, दमक तथा बुटवलका अस्पतालहरूमा अहिले ठूलो संख्यामा बिरामीहरू भर्ना भइरहेका र मर्नेहरूको संख्या प्रतिदिन बढिरहेको छ । एक तथ्यांकअनुसार सो रोगबाट यही भदौ ४ गतेसम्ममा ५३ जनाको मृत्यु भइसकेको, ५५५ जना प्रभावित भएका छन् भने १९२ जनाको उपचार भइरहेको छ ।

खासगरी लामखुट्टेको टोकाइबाट सर्ने यस रोगको प्रमुख कारण भने बंगुर पालन हो भन्दै इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका निर्देशक डा.बिष्ट रोग निदानको सबैभन्दा महत्वपूर्ण पक्ष मानिसमा चेतना हुनुपर्ने बताउनुहुन्छ । उहाँ थप्नुहुन्छ-आफू बस्ने वातावरण आफैले सफा र स्वच्छ राख्न सकेमा कुनै पनि रोगले आक्रमण गर्ने अवसर नै पाउँदैन ।

तराईका अधिकांश व्यक्तिहरूले बंगुर पाल्ने गरेको भए तापनि बस्तीदेखि टाढा बंगुर पाल्ने गरेमा केही हदसम्म यो रोगबाट बच्न सकिन्छ ।

डा. बिष्ट यस्तो महामारी रोगलाई रोक्न श्री ५ को सरकार प्रयत्नरत हुँदाहुँदै पनि त्यस्ता ठाउँको वातावरणीय सरसफाइ नभएमा सरकारी प्रयासले मात्र रोक्न कठिनाई पर्ने हुनाले स्थानीय विभिन्न समुदाय तथा सामाजिक संघ संस्थाहरूले पनि त्यस क्षेत्रका जनतामा सरसफाइका लागि सचेत गराउनुपर्ने धारणा व्यक्त गर्नुहुन्छ ।

उहाँ यो रोग लाग्ने मौसम थाहा भइसकेपछि रोग लाग्नु भन्दा पहिले नै त्यस क्षेत्रका बासिन्दाहरूले घर वरिपरीका खाल्डाखुल्टी पुर्ने, झुलभित्र सुत्ने, लामो बाहुला सहितका लुगाहरू लगाउने जस्ता प्राथमिक उपायहरू अपनाउनु पर्ने बताउनुहुन्छ ।

श्री ५ को सरकारले हाल यस रोगको औषधि निःशुल्क गर्ने गरेको छ भने अन्य विदेशी दातृ संस्थाहरू तथा लायन्स क्लबले पनि त्यस क्षेत्रमा औषधि उपचारमा सहयोग पुऱ्याइरहेको छ ।

प्रत्येक वर्ष यही मौसममा आक्रमण गरिरहने यस रोगको पूर्णनिदानकालागि अहिलेसम्म कुनै ठोस र विशेष प्रविधिको प्रयोग हुन नसकेको भए तापनि यो मौसममा सरसफाइप्रति गम्भीर रूपमा ध्यान दिनु नै प्राथमिक उपचारको प्रमुख उपाय बन्न सक्नेछ । रासस

Kathmandu Post 30 Aug 2000

# Encephalitis toll hits 69

K.P. 30 Aug. 2000

By a Post Reporter

KATHMANDU, Aug 29 - The nationwide death toll from encephalitis epidemic this monsoon has climbed to 69, with 46 killed in the far western Terai alone.

The worst hit districts are Kailali, Kanchanpur, Banke, Bardiya and Dang, according to data made available by Ministry of Health, Epidemiology and Disease Control Division (EDCD).

The maximum number of deaths has been recorded in Bheri Zonal Hospital where 22 out of the total 160 persons admitted have succumbed to the disease. Similarly, out of 25 patients admitted in Mechi Zonal Hospital, Jhapa, 8 have died. Five persons each have died at BP Koirala Institute of Health Sciences, Dharan and Lumbini Zonal Hospital, Butwal so far. One person each has died at Amda Hospital, Jhapa and Koshi Zonal Hospital, Biratnagar.

Dr Mahendra Bahadur Bista, Director of EDCD last week had said that the death toll would be around 200 this year. The total number of deaths caused by encephalitis during the outbreak season stood at 434 last year, according to EDCD records.

Out of 661 encephalitis cases reported throughout the country this year, 334 have already been discharged and 245 are undergoing treatment at various centres, said EDCD.

According to Dr Bista, the patients are in back-up treatment since the government could not provide for anti-encephalitis vaccine this year. "The government is unable to buy this vaccine since it is too expensive," Dr Bista said.

Yanso University and Warren Pharmaceutical of Korea had made 170,000 vaccines available for trial last year. But, they declined from donating the vaccine this year instead asking the government to buy it.

According to Dr Bista, each vaccine costs almost Rs 500 and if it is to be provided in all the 26 affected districts, the total budget would cross two billion rupees.

The first encephalitis case was recorded in Nawalparasi district in 1978. The disease claims hundreds of lives each year especially in the Terai belt of the country.

Meanwhile, according to our Dhangadhi based reporter, 20 patients admitted in Seti Zonal Hospital (SZH) and 12 patients admitted in Tikapur Primary Health Centre (TPHC) have died from encephalitis till today. Currently, 65 patients are undergoing treatment in SZH and 33 in TPHC.

# Encephalitis kills 37 in Nepalgunj

Rising Nepal 29 Aug 2000

Nepalgunj, Aug. 28 (RSS): Thirty seven of the encephalitis hospitalised for treatment at the various hospitals of Banke district have died so far.

At present eighty-three patients are undergoing treatment at the hospitals.

On the average, ten patients are admitted to the Zonal Hospital and 1 to 2 at the hospitals of the district, it is learnt.

Ninety-one patients from Banke district and one from Parbat district had visited the Bheri Zonal Hospital for treatment.

All the patients hospitalised at the Bheri Zonal Hospital were given free medicines through Banke district branch of the Nepal Red Cross Society.

कान्तिपुर २०५६.५.१५

# इन्सेफलाइटिसबाट एक सातामा २१ को मृत्यु

कान्तिपुर समाचारदाता ०५६.५.१५

काठमाडौं, १४ भदौ- वर्सेनि तराईका जिल्लाहरूमा फैलने प्राणघातक सरुवा रोग इन्सेफलाइटिसबाट गत सातामा २१ जनाको मृत्यु भएको छ ।

गत वैशाखदेखि तराईका जिल्लामा सुरु भएको इन्सेफलाइटिसबाट हालसम्ममा ७४ जनाको मृत्यु भएको इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाले जनाएको छ ।

इन्सेफलाइटिसबाट गत वर्षभन्दा कमको मृत्यु हुने दाबी सम्बन्धित अधिकृतहरूको भए पनि सरकारले निःशुल्क उपलब्ध गराउँदै आएको औषधि पर्याप्त मात्रामा नपुगेका कारण उक्त प्रकोपबाट अनुमान गरेभन्दा बढीको मृत्यु हुन सक्ने अनुमान उपचारमा संलग्न चिकित्सकहरूले गरेका छन् ।

सरकारले बिरामीको संख्या हेरेर औषधि पठाउने र त्यो पनि भनेको बेलामा नपुग्ने कारणले नयाँ बिरामीहरूका लागि औषधिको अभाव हुने गरेको छ । इन्सेफलाइटिसको खोप यस वर्षबाट दातृ-संस्थाहरूबाट नआएपछि सहायक उपचारबाहेक अन्य कुनै विकल्प नभएको महाशाखाका निर्देशक डा. महेन्द्र विष्ट बताउनुहुन्छ ।

हाल स्वास्थ्य मन्त्रालयले इन्सेफलाइटिसबाट प्रभावित जिल्लाहरूमा औषधि पठाउँदै आएको छ, तर कति औषधि पठाइयो, यसको तथ्यांक सम्बन्धित निकायसँग छैन । 'मन्त्रालयले पठाउने हो, तर कति पठाइयो, कति खर्च भयो, त्यसको तथ्यांक हामीसँग छैन' डा. विष्ट भन्नुहुन्छ ।

उहाँका अनुसार उक्त प्रकोपबाट बढी प्रभावित जिल्लाहरू कैलाली र बाँकेमा औषधि बढी पठाइएको छ । गत वर्ष सबैभन्दा बढी प्रभावित भएको बर्दियामा कोरियाको यान्सो विश्वविद्यालय र बोरन फर्मास्युटिकल्सले अनुदान स्वरूप उपलब्ध गराएपछि खोप १ देखि १५ वर्षसम्मका बच्चाहरूलाई दिएपछि उक्त जिल्लामा भने गत वर्षको तुलनामा कम बिरामी देखा परेका छन् ।

गोरखा पत्र २०५६.५.१५

# एकै परिवारका ११ जना इन्सेफ्लाइटिसबाट पीडित

गो.प.

कैलाली समाचारदाता ०५६.५.१५

धनगढी (कैलाली), भदौ १४ गते । यस जिल्लामा फैलिएको इन्सेफ्लाटिसको प्रकोपबाट मालाखेती गाविस वडा नं. ९ बासकोटाका बलराम चौधरीको परिवारका एघार जना सदस्यहरू सेती अञ्चल अस्पताल धनगढीमा भर्ना भएका छन् ।

कुल एघार जना परिवार सदस्य संख्या रहेको निज चौधरीका घरमा यही भदौ ६ गते तीन जना शुरूमा इन्सेफलाइटिसबाट प्रभावित भएका थिए । गाउँमा नै घरेलु औषधि गर्दागर्दै परिवारका अरू सदस्यहरू पनि रोगले पीडित भए पश्चात् अञ्चल अस्पतालमा भर्ना भएको बलराम चौधरीले गोरखापत्रलाई बताएका छन् ।

हाल बुढा बुवा रुपलाल चौधरी बिरामी भएर पनि अस्पतालमा ल्याउन नसकेको, घरमा कोही नहुँदा घरको हेरविचार गर्न 'घर कुरुवा' राखेकोले गम्भीर समस्या आइपरेको बलराम चौधरीले बताएका छन् ।

निज बलराम चौधरीका अनुसार तीन जना बालबच्चा, एक गर्भवती आईमाईसहित दश जनाको उपचार भइरहेको र घरमा बिरामी भएका बुढा बुवा रुपलालको भने अवस्था चिन्ताजनक रहेको छ ।

कान्तिपुर २०५६.५.१५.

# ...वासीजनाको परीक्षणमा बत्तीस जनामा जापनिज् इन्सेफ्लाइटिस

...पुर संवाददाता ०५६.५.१५

हेटौंडा, १४ भदौ- कीटजन्य रोग ...न्धान तथा तालिम केन्द्र हेटौंडाले ... बर्दिया, दाङ र कञ्चनपुरका ज्वरो ...का ८८ जना रोगीहरुको रक्त परीक्षण ... ३२ जनामा जापानिज ...फ्लाइटिसका किटाणु फेला परेका ...।

नेपालमा जापानिज ...फ्लाइटिससम्बन्धी रक्त परीक्षण गर्ने ... मात्र प्रयोगशाला रहेको उक्त ...न्धान तथा तालिम केन्द्रमा भेरी ... अस्पतालका ७३ जना बिरामी, ...ली अञ्चलबाट १० जना र दाङ ...लबाट २ जना रोगीहरुको रक्त ...ण गर्दा ३७ प्रतिशत रोगीहरु फेला ...को कीटजन्य रोग अनुसन्धान तथा ...म केन्द्र हेटौंडाका निर्देशक डा. जिडि ...ले कान्तिपुरलाई बताउनुभयो।

अस्पतालमा भर्ना भएका ...हरुमध्ये केहीको मात्र रगत लिएर ... परीक्षण गर्दा उक्त रोगीहरु फेला ...को केन्द्रका कीट प्राविधिकहरु बताउँछन्।

बैशाख, जेठ र असारमा संकलन गरेको रगतहरुको परीक्षण गर्दा एकदम कम जापानिज इन्सेफ्लाइटिसका रोगीहरु फेला परेको र साउनदेखि अस्पतालमा आएका रोगीहरुको संकलन गरेको रक्त परीक्षण गर्दा ४० प्रतिशतसम्म इन्सेफ्लाइटिसका रोगीहरु फेला परेको केन्द्रका प्रयोगशाला प्राविधिक शम्भुनाथ झाले *कान्तिपुरलाई* बताउनुभयो।

कैलाली, कञ्चनपुर, बाँके, बर्दिया, दाङ, झापा र मोरङ गरी ६ जिल्ला नेपालको जापानिज इन्सेफ्लाइटिस प्रभावित जिल्लाको रुपमा रहेका छन्। गत वर्ष युएसआईडीको सहयोगमा स्थापना गरिएको उक्त प्रयोगशालामा रक्त परीक्षण गर्नका लागि प्रभावित जिल्लाका अस्पतालका प्रमुखहरुलाई रोगीहरुको रक्त संकलन गरी पठाउन बारम्बार ताकेता गर्दा पनि धनगढी अस्पतालले अहिलेसम्म नपठाएका कारणले कैलाली जिल्लामा जापानिज इन्सेफ्लाइटिस रोगको अवस्थाबारे एकिन हुन नसकेको केन्द्रका प्राविधिकहरु बताउँछन्।

उक्त जिल्लामा पनि उक्त रोगको कारणले एक दर्जनभन्दा बढी रोगीहरुको मृत्यु भइसकेको छ।

हेटौंडामा उक्त प्रयोगशाला स्थापना हुनुभन्दा अगाडि जापानिज इन्सेफ्लाइटिस रोगी हो कि होइन भनेर थाहा पाउनका लागि रोगीहरुको रगत संकलन गरेर दिल्ली र बैंकक पठाउनुपर्ने बाध्यता थियो। महिनौं दिनसम्म रक्त परीक्षणको रिपोर्ट लिन प्रतीक्षा गर्नुपर्ने अवस्था थियो तर अहिले तीन दिनभित्रमा रक्त परीक्षण गरेर सम्बन्धित अस्पतालमा रिपोर्ट दिने व्यवस्था गरिएको केन्द्रका निर्देशक डा. ठाकुरले बताउनुहुन्छ।

जापानिज इन्सेफ्लाइटिस रोगको कारण भदौ महिनाको दोस्रो सातासम्म एक सय १० जनाको मृत्यु भइसकेको स्वास्थ्य मन्त्रालयले जनाएको छ।

जापानिज इन्सेफ्लाइटिस रोगबाट रोगीको संख्याको आधारमा सबैभन्दा बढी सन् १९७८ मा १ सय ९९ जना अर्थात् ४७ दशमलव २ प्रतिशतको मृत्यु भएको थियो। उक्त वर्ष ४ सय २२ जना उक्त रोगका रोगीहरु फेला परेका थिए।

सन् १९८२ मा ८ सय ४३ जना रोगीमध्ये ३ सय ९० जना अर्थात् अर्थात् ४७ प्रतिशत रोगीहरुको निधन भएको स्वास्थ्य विभागको तथ्यांकले जनाएको छ।

जब उक्त रोगको नियन्त्रण एवं औषधि उपचारमा प्रशस्त ध्यान दिन थालेपछि क्रमश: रोगीहरुको तुलनामा मृत्युको प्रतिशतमा ह्रास आउन थालेको कीट विशेषज्ञ श्रीधर प्रधानले *कान्तिपुरलाई* बताउनुभयो।

सन् १९९७-९८ मा रोगीमध्ये १२ प्रतिशतको मात्र मृत्यु भएको थियो भने १९९९ मा २ हजार ९ सय २४ जना रोगीहरुमध्ये ४ सय ३४ जनाको अर्थात् १४ दशमलव ८ प्रतिशतको मृत्यु भएको थियो।

सन् १९७८ देखि १९९९ सम्म बिगत २२ वर्षमा १९ हजार १ सय ४५ जना जापानिज इन्सेफ्लाइटिस रोगीहरु फेला परेकोमध्ये ४ हजार १ सय ४६ जनाको मृत्यु भइसकेको कीटजन्य रोग अनुसन्धान तालिम केन्द्रका निर्देशक डा. ठाकुरले *कान्तिपुरलाई* बताउनुहुन्छ।

Kathmandu Post 31 Aug 2000

# 37 pc mosquito-borne diseases are encephalitis

K.P. 31 Aug. 2000

By a Post Reporter

HETAUDA, Aug 30 - A medical test of blood samples collected from the most encephalitis-hit districts in the country has revealed that about 37 per cent of the people suffering from mosquito-borne diseases have been diagnosed as encephalitis cases.

According to Vector-borne Disease Control and Training Division (VDCTD), Hetauda, the only centre of this kind in the country, some 32 blood samples out of the total 85 brought for tests from the most encephalitis-hit Terai districts have been found to have been infected with Japanese encephalitis.

A total of 73 samples of blood from Bheri Zonal Hospital, 10 from Mahakali Zonal Hospital and two from Dang Hospital were collected at VDCTD for vector-borne investigations on July from the six Terai districts -- Kailali, Kanchanpur, Banke, Bardiya, Dang, Jhapa and Morang.

Similar blood tests conducted by VDCTD from the same region in April, May and June, however, had detected a very little percentage of the vector-borne disease that causes Japanese encephalitis.

The division, however, was not sure about the actual situation in Kailali district because Dhangadhi Hospital did not provide any blood-samples here for test despite frequent requests, Lab Technician Shambhu Nath Jha said. In Kailalai district alone, more than a dozen of people have already lost their lives owing to encephalitis during this year's monsoon.

Encephalitis has already claimed 110 lives across the country during this year's monsoon, Director of VDCTD Doctor GD Thakur said. The Ministry of Health (MoH), confirmed the encephalitis toll.

Rising Nepal 31 Aug 2000

# Encephalitis death toll reaches 38 in Kailali and Kanchanpur

R.N. 31 Aug 2000

Dhanagadhi, Aug. 30 (RSS): The death toll of encephalitis have mounted to 38 in the two districts of Kailali and Kanchanpur till August 29.

The disease has broke out in the two districts since from-mid-July. 20 encephalitis patients died at the zonal hospital at Dhanagadhi, 12 others at Tikapur health centre and six at Mahakali Zonal Hospital at Mahendranagar, according to the hospital sources.

In all 313 encephalitis patients were admitted to Seti Zonal Hospital, 217 of whom have already been discharge after recovery, two ran away while still under treatment. Sixty-five patients are still undergoing treatment for encephalitis.

Likewise, 112 out of 165 encephalitis patients admitted to Tikapur Health Centre have been discharged after recovery, four others ran away while still under treatment, and four more have been referred elsewhere. At present thirty-three encephalitis patients are still undergoing treatment there.

Forty- three encephalitis patients have already been discharged from Mahakali Zonal Hospital after recovery, one more was referred to other health institution, while 19 others are still undergoing treatment.

The number of encephalitis patients brought to Seti Zonal Hospital is increasing this week, though it dropped to some extent some time back.

Meanwhile, various association and institutions of Kailali have extended assistance in cash and kind in aid of the encephalitis patients under treatment at Kailali hospital and health centres.

Nepal Red Cross Society, Kailali branch has provided Rs 8,000, 25 bed-sheets and 10 pieces of foam beds to Seti Zonal Hospital, besides sending three health workers to serve on duty at the hospital.

It also provided Rs 4,000 to Tikapur health centre.

Similarly, Dhanagadhi Jaycees has provided Rs 9,000 worth of foam beds, while C.C.N. Dhanagadhi provided 9 fans worth Rs 10,000 to Seti Zonal Hospital. Lions Club of Dhanagadhi has also provided pillows, bed sheets and medicines to it.

Santanirankari Mandal of Tikapur, Red Cross Sub-branch and local clubs and institution have also provided assistance an cash and kind to Tikapur health centre.

Dhanagadhi Municipality, the Netherlands Leprosy Relief Association, FPAN and Kailali Chamber of Commerce and Industry have also extended assistance to it.

Meanwhile in Parasi, at least four persons have died of snake bite in Nawalparasi district over the last one week.

According to the Prithvi Chandra Hospital, a total of 158 persons bitten by venomous snakes are undergoing treatment there and none of those admitted to the hospital has died.

Cases of death occuring on the way to hospital after being bit by snakes have been on the rise though stocks of anti-snake venom at the hospital are adequate.

Gita Lamichhane of Swasthi VDC who was studying in grade 6 died of snake bite Sunday morning due to lack of treatment on time. She was working in a kitchen garden that day.

In Khotang, Sukbir Bhattarai and his uncle Shamsher Bahadur Bhattarai of Khalne VDC Ward No 7 have died of diarrhoea with vomiting.

The mother and wife of the deceased Sukbir are also said to be suffering from the malady.

According to the district public health office, Khotang, some 25 persons belonging to Khalne VDC Ward No 4,5,6,7 and 8 are suffering from the malady and a medical team with necessary medicines has been sent to the area to prevent a possible outbreak.

Patients suffering from the malady first vomit and then pass blood with the stool. They meet with death if they fail to get treatment on time.

कान्तिपुर २०५७.५.१६

## इन्सेफ्लाइटिस नियन्त्रण हुन सकेन

# थप दुईको मृत्यु, मर्नेको संख्या चालीसभन्दा बढी

कान्तिपुर संवाददाता २०५७.५.१६.

काठमाडौं, १५ भदौ- साउनको पहिलो साताबाट सुरु भएको इन्सेफ्लाइटिसको महामारीबाट कैलालीमा बिहीबार थप दुईसहित चालीसको मृत्यु भइसकेको छ। महामारीका कारण जिल्ला अस्पताल र स्वास्थ्य केन्द्रमा उपचार गराउन आउने बिरामीहरुको संख्यामा कमी आएको छैन। गत एक हप्तामा मात्र जिल्ला अस्पताल र टीकापुर स्वास्थ्य केन्द्रमा एक सय पचासभन्दा बढी नयाँ बिरामी थपिएका छन्।

धनगढीस्थित कान्तिपुर समाचारदाता लेख्छन् इन्सेफ्लाइटिसबाट सेती अञ्चल अस्पतालमा मालाखेती-४ का ११ वर्षीय मीनबहादुर र टीकापुर प्राथमिक स्वास्थ्य चौकीमा टीकापुर नपा-४ बागमाराका ११ वर्षीय रोकेन्द्र नेपालीको इन्सेफ्लाइटिसबाट बिहीबार मृत्यु भएपछि हालसम्म कैलालीमा यो रोगबाट मर्नेहरुको संख्या ४० पुगेको छ।

गत हप्ता प्रकोप बिस्तारै घट्ने क्रम सुरु भएको भए पनि आइतबारदेखि इन्सेफ्लाइटिसको प्रकोप पुनः बढ्न थालेको छ।

सेती अञ्चल अस्पतालमा गत बिहीबार ४८ जनामात्र उपचार गराइरहेकोमा बिहीबारसम्म यो संख्या ८१ पुगिसकेको छ। बुधबार दिउँसो २ बजेदेखि बिहीबार दिउँसो २ बजेसम्म सेती अञ्चल अस्पतालमा १९ नयाँ रोगी थपिएको अस्पतालद्वारा प्रकाशित सूचनामा जनाइएको छ।

यो एक हप्तामा सेती अञ्चल अस्पतालमा मात्रै करिब एक सय पचासभन्दा बढी नयाँ रोगी थपिएको मेडिकल रेकर्डर दीलिप श्रेष्ठले बताउनुभयो।

गत साउन २ गतेदेखि फैलिएको यो प्रकोपबाट पीडित ३ सय ५७ जना बिरामीहरु सेती अञ्चल अस्पतालमा भर्ना भएकोमा बिहीबारसम्म २३ जनाको मृत्यु भएको छ भने टीकापुर स्वास्थ्य केन्द्रमा १७ जनाले यो रोगका कारण ज्यान गुमाइसकेका छन्।

### इन्सेफ्लाइटिस उपचारका लागि सहयोग

*नेपालगन्ज, १५ भदौ (कास)- इन्सेफ्लाइटिसका बिरामीहरुको उपचारका लागि बाँके जिल्लाका सांसदहरु सुशील कोइराला, ज्ञानु केसी र कैलाशनाथ गुप्ताले जिल्ला दैवी प्रकोप उद्धार समितिलाई २५/२५ हजार रुपैयाँ प्रदान गर्नुभएको छ।*

*नेपाली कांग्रेस बाँकेका अध्यक्ष कृष्णमान श्रेष्ठद्वारा मंगलबार जारी विज्ञप्तिमा उक्त जानकारी गराइएको हो।*

Kathmandu Post 1 Sep 2000

# Encephalitis toll hits 71

K.P. By a Post Reporter 1 Sep 2000

DHANGADI, Aug 31 - The nationwide toll from encephalitis epidemic this monsoon has climbed to 71, with reports of two more deaths from local health centres here.

With the reports of two latest deaths from the disease, at least 48 patients have succumbed to the epidemic in this far western Terai region alone since the yearly menace showed up in mid-June.

Min Bahadur, 11, of Malakheti VDC died at Seti Zonal hospital while Rokendra Nepali, 11, of Tikapur municipality-4 died while undergoing treatment at Tikapur primary health post Thursday, according to officials.

Hospital sources said the disease is taking an epidemic proportion this week, with more and more patients being rushed to hospitals and health posts.

The number of encephalitis patients admitted to the zonal hospital has climbed to 81 Thursday. Only 48 patients were receiving treatment there a week ago.

According to Health Ministry officials, the worst hit districts are - Kailali, Kanchanpur, Banke, Bardiya and Dang, according to data made available by Ministry of Health, Epidemiology and Disease Control Division (EDCD).

Dr Mahendra Bahadur Bista, Director of Epidemiology and Disease Control Division in Kathmandu says the death toll could settle at around 200 this year. Last year, a total of 434 succumbed to encephalitis.

According to Dr Bista, the patients are in back-up treatment since the government could not make anti-encephalitis vaccine available this year.

"The government is unable to buy this vaccine since it is too expensive," Dr Bista said early this week. "And donor agencies also have not taken this disease under their priority."

### भारतमा इन्सेफ्लाइटिस

२०५७.५.१६. का.पु.

लखनऊ,१५ भदौ (एपी)- भारतको उत्तर प्रदेशमा फैलिएको इन्सेफलाइटिस रोगबाट गत १० दिनमा कम्तीमा ३४ जनाको मृत्यु भएको त्यहाँका सरकारी अधिकारीहरूले बिहीबार जनाएका छन्। लामखुट्टेको टोकाइबाट सर्ने उक्त रोगबाट मर्नेहरूमध्ये २३ जना बालबालिका परेको उल्लेख गरिएको छ।

जापानबाट सरुवा भएर आएको 'नाइतो जात'को लामखुट्टे धानखेतीमा रहेको पानी र उखु खेतीभित्र फुल पारी बथान बढाउने गर्छ। उक्त लामखुट्टेले टोकेमा इन्सेफलाइटिस हुने जानकारी पनि दिइएको छ।

कान्तिपुर २०५७.५.१६

कान्तिपुर २०५८.४.१६



सेती अञ्चल अस्पतालमा गत भौ दिनदेखि इन्सेफलाइटिसबाट प्रभावित आफ्ना करिब ३० वर्षीय पति मन्नलाई भुइँमा सुताएर बिताउँदै उनकी पत्नी । तस्वीर खिचेको ६ घन्टापछि मन्नको देहान्त भएको थियो । एक महिना अघिदेखि फैलिएको महामारीबाट करिब ३ सय ६० बिरामी हाल उपचार गराइरहेका छन्, बिरामीमध्ये २३ जनाको मृत्यु भइसकेको छ ।

तस्वीर : [illegible]

Kathmandu Post 3 Sep 2000

# Encephalitis atop starvation, rickshaw pulling tougher for freed Kamaiyas

K.P. 3 Sep 2000

**By Madhavi Bhatt / Manmohan Swar**

DHANGADI, Sept 2 - The recently liberated bonded labours-Kamaiyas who have flocked to the district headquarters neither have a job nor foods to sustain themselves.

Their new daily rountine is: they assemble in front of the District Development Committee's office everyday and ask for food. "Our children have been starving since 4-5 days," says Bhojiya Chaudhary, a former Kamaiya who is one of members of the group of Kamaiyas staging a sit-in at the office. "If we do not get a job or something to eat, all we can do is go hang ourselves."

These former Kamaiyas have not been able to adjust to their "new job" of pulling rickshaws, having worked as agriculture labours all their lives. One could witness a number of them learning to pull rickshaws around their new settlement camp near the old airport. "I tried to learn cycling since there was no other alternate job, but it is a tough thing," says Mangal Chaudhary. "It is easier to work in the fields than pull a rickshaw." But in the limited market of Dhangadi, these new rickshawallas do not really earn much.

**Meanwhile, there are widespread speculations that the Kamaiyas will join the Maoists since their unemployment could very well be exploited by the insurgents.**
**According to locals, youths associated with All Nepal National Free Student's Union (Revolutionary)-- a student wing of the underground Maoists--are instructing the former Kamaiyas to stage a sit-in at the offices and demand food. These "Revolutionary" students are also telling the Kamaiyas that they would themselves support the ex-Kamaiyas if the district administration fails to do so.**
**The ex-Kamaiyas also concede that they are being lured by some "external people" and have shown their sympathy.**

On July 17, the government made a landmark decision to outlaw the practice of bonded labour or Kamaiya, which in fact has turned burdensome to them.

The government estimates that there are at least 16,000 bonded labourers in the country. Whereas human rights groups say that the figure of these people in Banke, Bardia, Kailali, Kanchanpur and Dang districts could be as high as 40,000 who for generations have been working as bonded labours trying to pay off debts drawn by their fathers or grandfathers.

The Central Evaluation and Coordination Committee established by the government to settle these recently-liberated Kamaiyas has asked the World Food Organisation for 700 tonnes of foodgrains.

(See *Encephalitis* page 8)

# Encephalitis: Kamaiyas

K.P. 3 Sep 2000

*(Contd from page 1)*

The district currently has 15 tonnes of foodgrains with it, which will be distributed under the programme "Food for Work".

The district committee dismisses that the Kamaiyas have been starving. "They have been continuously getting foodstuff," says an official at the DDC.

"We need the food for only this month," says Sonu Chaudhary who is currently living at the camp. "After we are settled we will go back to work as agriculture labours. We cannot sustain our families if we start working for anything else."

With the encephalitis spreading, around five of the ex-Kamaiyas have already been admitted to Seti Zonal Hospital. And, looking at the environment around their camps, it seems like an epidemic can catch up any moment.

Kathmandu Post 2 Sep 2000

# Encephalitis claims 3 more

K. P. 2 SEP 2000

**By a Post Reporter**

DANG, Sept 1 - Japanese encephalitis that has become widespread in the mid- and far-western Terai of the country has claimed three more lives in this district since the end of August, according to Mahendra Hospital, Ghorahi.

Chief Doctor at the hospital Bikas Devkota said three persons died of the fatal disease within a couple of weeks and other nine persons are undergoing treatment. Doctor Devkota said the condition of three of the nine is very critical and two patients have been referred to bigger hospitals.

Jagat Ram Chowdhari, 17, of Laxmipur Village Development Committee and a plus two student of Bharatpur Rita Chowdhari, and 50 years old woman Gaisari Budha from Tribhuvan municipality died of encephalitis Friday while undergoing treatment at the hospital.

Last year, a total of 38 persons had succumbed to encephalitis, according to Doctor Devkota.

District Development Committee Chairperson Bharat KC said a fund is being raised to combat the epidemic. According to the hospital, encephalitis is on the rise in both Tribhuvan and Tulsipur municipalities of the district , and in Laxmipur, Saudiyar, Sishaniya, Manpur, Hekuli and Dhikpur VDCs.

## लखनउमा इन्सेफ्लाइटिसको प्रकोप

लखनउ (भारत), भदौ १६ गत । भारतको उत्तर प्रदेशमा फैलिएको इन्सेफ्लाइटिस रोगबाट गत १० दिनमा कम्तिमा ३४ जनाको मृत्यु भएको कुरा त्यहाँका सरकारी अधिकारीहरूले आज जनाएका छन् । लामखुट्टेको टोकाइबाट सरेको सो रोगबाट मर्नेहरूमध्ये २३ जना बालबालिका परेको उल्लेख गरिएको छ ।

हालसम्म इन्सेफ्लाइटिस रोगबाट कम्तिमा १५० जना प्रभावित भएको र उनीहरूमध्ये धेरैलाई उपचारार्थ अस्पतालहरूमा राखिएको उत्तर प्रदेश राज्यका स्वास्थ्य सचिवले जनाएका छन् ।

बिरामीहरूलाई ठूलो ज्वरो आउने, घाँटी अरल्लिने र नचल्ने तथा लामो समयसम्म बेहोस हुने गरेको र सो रोग शुरुमै पत्ता लगाउन नसकेको भए बिरामीमध्ये ९७ प्रतिशतको आजसम्ममा मृत्यु भइसक्ने कुरा अधिकारीहरूले उल्लेख गरेका छन् ।

जापानबाट सरुवा भएर आएको "नाइतो जात" को लामखुट्टे धानखेतीमा रहेको पानी र उखु खेतीभित्र फूल पारी वथान बढाउने गर्छ । सो लामखुट्टेले टोकेमा इन्सेफ्लाइटिस हुने कुराको जानकारी पनि दिइएको छ ।

सो रोग थाहा भएपछि जापानबाट त्यसको उपचारका लागि अत्यन्तै महँगो सुई (औषधि) मगाई उपचारमा प्रयोग गरिएको उल्लेख गर्दै तर त्यो सुई लगाए पनि परिणाम दिन असफल भएको बताइएको छ ।

उक्त रोगको उपचारका लागि निश्चित औषधि हालसम्म पत्ता लागेको छैन । रोकथामका लागि मात्र सो सुईको प्रयोग गरिन्छ ।

भारतमा उक्त रोगले बर्षेनी सयौं जनाको ज्यान जाने गर्दछ । एपी

## इन्सेफ्लाइटिसको गम्भीर प्रकोप

बिराटनगर । इन्सेफ्लाइटीस रोगबाट पीडित भई स्थानीय कोशी अञ्चल अस्पतालमा उपचारार्थ आएकामध्ये पाँचजनाको मृत्यु भएको सो अस्पतालले जनाएको छ ।

इन्सेफ्लाइटीस रोगबाट पीडित भई हिजोसम्ममा सो अस्पतालमा उपचारार्थ आएका कूल ९३ जनामध्ये ८१ जना उपचारपछि घर फर्किसकेका, दुई जनालाई उपचारार्थ बाहिर पठाइएको र हाल अस्पतालमा ५ जनाको उपचार भइरहेको छ ।

सो रोगबाट पीडित भई उपचारार्थ आउनेहरूमा उदयपुर, सुनसरी र मोरंगबाट बढी हुने गरेको बताइएको छ ।

## इन्सेफ्लाइटिसबाट पाँचको मृत्यु

मोरङ, १८ भदौ- जिल्लामा गत साउनदेखि फैलिएको इन्सेफ्लाइटिसको महामारीबाट हालसम्म मृत्यु हुनेहरुको संख्या पाँच पुगेको छ।

उक्त रोगको उपचार गराउन कोशी अञ्चल अस्पतालमा आएका ९३ जना रोगीहरुमध्ये गत बिहीबारसम्ममा ५ जनाको मृत्यु भइसकेको कोशी अञ्चल अस्पतालले जनाएको छ।

उक्त अस्पतालका अनुसार साउन मसान्तसम्ममा उक्त रोगका उपचारका लागि ६० बिरामीहरु आएकोमा ३ जनाको मृत्यु भएको थियो। उक्त रोगको उपचारका लागि भदौको दोस्रो हप्तासम्म थप ३३ जना बिरामीहरु आएकोमा थप २ जनाको मृत्यु भएको छ।

उक्त अस्पतालका अनुसार भदौ महिनाको प्रारम्भदेखि इन्सेफ्लाइटिस रोगका बिरामीहरुको चाप बढेको छ। अस्पतालमा दैनिक ३-४ जनाको दरले बिरामीहरु उपचारका लागि आइरहेका छन्। हालसम्म अस्पतालबाट ८१ जना बिरामी उपचारपछि घर फर्किएका ५ जनाको उपचार भइरहेको तथा २ जनाको उपचारका लागि अन्यत्र लगिएको छ।

कान्तिपुर २०५६.५.१६

# कैलालीमा इन्सेफलाइटिसबाट बयालीसको मृत्यु, अस्पताल आफैं रोगी

का.पु.०५६.५.१६

■ माधवी भट्ट मनमोहन स्वाँर

धनगढी, १६ भदौ- साउन दुई गतेदेखि देखापरेको इन्सेफलाइटिसका कारण शुक्रबारसम्म कैलालीमा ४२ जनाको मृत्यु भइसकेको छ भने उपचारका लागि सेती अञ्चल अस्पताल र टीकापुर प्राथमिक स्वास्थ्य केन्द्रमा ५ सय जना भर्ना भइसकेका छन्।

अञ्चल अस्पतालमा दिनहुँ १५ देखि २० जना नयाँ बिरामी थपिने गरेका छन्। गत दुई दिनयता महामारी अझ फैलिएकाले बिरामीको संख्या बढ्ने अनुमान चिकित्सकहरूले गरेका छन्। इन्सेफलाइटिसबाट अति प्रभावित बिरामी ल्याउने र मृतक थपिने क्रम जारी रहे पनि यस अस्पतालमा बिरामी र तिनका कुरुवाका लागि पर्याप्त सुविधा छैन। अशिक्षित र विपन्न थारू तथा अन्य जनजातिलाई आवश्यक परामर्शका लागि भाषा अर्को ठूलो समस्या बन्न पुगेको छ। फोहोरमैला र हाँस तथा बंगुरलाई टोकेको लामखुट्टेबाट जोगिन सकेमा यस रोगबाट सजिलै बच्न सकिने भए पनि जनचेतनाको अभावमा वर्सेनि सयौंलाई यस दुर्भाग्यले पछ्याइरहेको छ।

जम्मा ५० शय्या क्षमताको यस अस्पतालमा सम्पूर्ण बेड, आकस्मिक कक्ष र बरन्डाको भुइँसमेत बिरामी र तिनका आफन्तले भरिएका छन्। डाक्टरहरूका अनुसार बिरामीको अवस्था चुनौतीपूर्ण हुने हुनाले कुरुवा अनिवार्य छ, जसका कारण अस्पताल भरिभराउ भएको छ।

वर्सेनि महामारीको सामना गर्नुपर्ने अञ्चल अस्पतालको कतिपय उपचार कक्षमा पानी चुहिन्छ, कुरुवा घर अत्यन्त सानो र साँघुरो हुनाले होटलमा खर्च गर्न नसक्ने बिरामीका आफन्तले वर्षाको समयमा अस्पतालको बाहिर खाली ठाउँमा खाना पकाएर खानुपर्ने बाध्यता छ। आवश्यक मात्रामा शौचालयको अभावले अस्पताल वरिपरि दिसा पिसाब थुप्रिएको देखिन्छ।

अस्पतालमा बिरामीको अनुपातमा डाक्टर र नर्सको पनि अभाव छ। १९ जनाको दरबन्दी रहेकामा हाल जम्मा ८ जना चिकित्सकमात्र उपलब्ध छन्। हालको महामारीमा सेवा पुर्‍याउन कम्तीमा ३० जना नर्सको आवश्यकता पर्ने भए पनि विभिन्न संघसंस्थाको सहयोगसमेत गरी पुगनपुग २० जनामात्र सेवारत छन्।

बिरामीको चापका कारण बहिरंग सेवा समेत बन्द गरेर इन्सेफलाइटिसकै बिरामीको उपचारमा हरसम्भव प्रयास गरिएको अस्पतालले जनाएको छ।

'हामीले इन्सेफलाइटिसको प्रकोपलाई नै ध्यान दिएर केही वर्षअघि छुट्टै अस्थायी क्याम्प बनाउने प्रयास गरेका थियौं', आर्थिक र अन्य कारणहरूले गत वर्षतिर उक्त योजना पूरा हुन नसकेको बताउँदै डा. कृष्णकुमार राईले सन्तुष्टि-भवन बनाउन थालिसकेका छौं। कैलालीका मालाखेती, दुग्ध, फूलबारी, भजनी तथा कञ्चनपुरका कालोका, कृष्णपुर र बाइसेबिचवा लगायतका विभिन्न थारू तथा अन्य दलित तथा जनजातिको बाहुल्य रहेका गाविसमा करिब एक डेढ दशकदेखि हरेक वर्ष यस रोगबाट सयौं परिवार प्रभावित हुँदै आएका छन्।

# दाङमा इन्सेफ्लाइटिसबाट तीन जनाको मृत्यु

०५६.५.१६

का.पु.

देउखुरी (लमही), १६ भदौ (कास)- दाङ जिल्लामा इन्सेफ्लाइटिस रोगको प्रकोप तीव्र रूपले बढेको छ। लक्ष्मीपुर गाउँ विकास समिति २ मैसकुराका १७ वर्षीय जगतराम चौधरीको शुक्रबार बिहान उपचार गर्दागर्दै महेन्द्र अस्पताल घोराहीमा मृत्यु भएको महेन्द्र अस्पताल दाङका निमित्त प्रमुख डा. विकास देवकोटाले *कान्तिपुर*लाई बताउनुभयो।

जापानी इन्सेफ्लाइटिस रोगबाट मृत्यु भएका चौधरीले कक्षा नौमा उच्च माधि भरतपुर, दाङमा अध्ययन गरिरहेका थिए।

त्यसैगरी साउन महिनाको अन्त्यतिर हेकुली गाविसकी ११ वर्षीया रीता चौधरी र त्रिपुरा घोराहीका ५० वर्षीय गौसरी बुढाको उक्त रोगबाट मृत्यु भइसकेको मेडिकल रेकर्डर अरविन्द कर्णले *कान्तिपुर*सँग बताए। हाल दाङ जिल्लाको महेन्द्र अस्पताल घोराहीमा ९ जना त्यस्ता बिरामीहरूको उपचार भइरहेको डाक्टर हिमकर ज्ञवालीले बताउनुभयो।

तीन जनाको स्थिति चिन्ताजनक रहेको र बाँकी २ जनालाई अन्यत्र उपचारका लागि पठाइएको पनि ज्ञवालीले जानकारी दिनुभयो। गत वर्ष दाङ जिल्लामा इन्सेफ्लाइटिस र मेनिन्जाइटिस रोगबाट ३८ जनाको मृत्यु भएको उहाँ बताउनुहुन्छ।

जिल्ला विकास समितिका सभापति एवं महेन्द्र अस्पताल विकास समितिका अध्यक्ष भरत केसीका अनुसार रोगीहरूलाई निःशुल्क औषधि उपलब्ध गराउन तथा महामारी नियन्त्रण गर्न जिविस दाङमा महामारी नियन्त्रण कोष खडा गरिएको छ।

उक्त कोषमा 'घ' श्रेणीका निर्माण व्यवसायीको इजाजतपत्र नवीकरणमा केही सहयोग शुल्क लिने गरेको पनि उहाँले बताउनुभयो।

अहिले लक्ष्मीपुर, सौडियार, सिसहनिया, भानपुर, हेकुली, डिकपुर, दुवै नगरपालिका, धर्ना र डिकपुर गाविसमा उक्त रोग फैलिएको छ।

कान्तिपुर २०५६.५.१६

गोरखापत्र २०५८।५।२८

## स्वास्थ्यमन्त्रीद्वारा अञ्चल अस्पताल निरीक्षण

# इन्सेफ्लाइटिस प्रभावित रोगीलाई राहत

गो.प. ०५८।५।२०

नेपालगञ्ज समाचारदाता

नेपालगञ्ज, भदौ १९ गते । स्वास्थ्यमन्त्री डा. रामबरण यादवले आज यहाँ इन्सेफ्लाइटिसबाट प्रभावित बिरामीहरूलाई भेटी उपचारसम्बन्धी भएका कामकारबाहीको बारेमा जानकारी लिनुभयो ।

बिरामीहरूको निरीक्षणपछि मन्त्री यादवले गोरखापत्रसँग कुरा गर्दै भन्नुभयो- " इन्सेफ्लाइटिसका बिरामीहरूको उपचारका लागि करिब पाँच लाखको औषधि आएको र आपत्कालीन उपचारका लागि डेढलाख रुपियाँ पनि अस्पताललाई उपलब्ध गराइएको छ ।"

उहाँले इन्सेफ्लाइटिसका बिरामीहरूको बारेमा बुझ्न आफूले स्थलगत अवलोकन गरेकोले त्यस विषयमा आफूलाई सहयोग गर्नका लागि याद भइरहने उल्लेख गर्नुभयो ।

इन्सेफ्लाइटिसका लागि कहाँ र कसरी सहयोग गर्नुपर्छ भन्ने कुरा आफूलाई जानकारी भएकाले त्यसतर्फ आफू संवेदनशील भएको विचार मन्त्री यादवले व्यक्त गर्नुभयो ।

उहाँले भेरी अञ्चल अस्पतालमा बिरामीहरूको चाप बिगतभन्दा अहिले कम भएको र मृत्युदर पनि कम भएको उल्लेख गर्दै इन्सेफ्लाइटिसको नियन्त्रणका लागि २० करोड रुपियाँ बराबरको एस.ए. फोर्टिन टु नामक भ्याक्सिन भगाइएको र उक्त भ्याक्सिन आगामी दिनमा लगाइने जानकारी गराउनुभयो ।

मन्त्री यादवले भेरी अञ्चल अस्पतालका चिकित्सकहरूलाई निर्देशन दिँदै भन्नुभयो-"अस्पतालका समस्याका बारेमा मन्त्रालयमा समन्वय गर्नुहोस्, हामी सहयोग गर्न तत्पर छौं ।"

भेरी अञ्चल अस्पतालमा बिरामीहरूको चापलाई हेर्दा क्षेत्रीय अस्पतालको रूपमा बिकसित गर्नुपर्ने विषयमा मन्त्री यादवले भन्नुभयो- "भेरी अञ्चल अस्पतालले राप्ती, भेरी, कर्णालीलगायतका अन्य अञ्चलहरूका बिरामीहरू हेर्ने हुँदा यस अस्पताललाई क्षेत्रीय अस्पतालको रूपमा विकसित गर्ने सोच श्री ५ को सरकारले राखेको जानकारी पनि गराउनुभयो ।

इन्सेफ्लाइटिसका बिरामीहरूको स्थलगत अध्ययनका लागि आउनुभएका नेपाली कांग्रेसका महामन्त्री सुशील कोइरालाले बिरामीहरूको उपचारका लागि श्री ५ को सरकारले उदारताका साथ आर्थिक सहयोग गर्नुपर्ने कुरा बताउनुभयो ।

उहाँले भेरी अञ्चल अस्पतालको व्यस्तता र बिरामीको चाप हेर्दा भेरी अञ्चल अस्पताललाई क्षेत्रीय अस्पतालको रूपमा विकसित गर्नेपर्छ भन्नुभयो ।

भेरी अञ्चल अस्पतालमा हालसम्म २७९ बिरामीहरू आएकोमा ३२ जनाको मृत्यु भएको र उपचारमा संलग्न ६७ जना रहेको जानकारी अस्पताल प्रमुख डा. अरुण कोइरालाले गराउनुभयो ।

अस्पतालमा रहेको १६८ बिरामीहरू उपचारपछि घर फर्केको, तीनजनालाई रिफर गरिएको र आठजना उपचार गर्दागर्दै भागेको उल्लेख पनि उहाँले गर्नुभयो ।

यसैगरी, राससका अनुसार, डा. यादवका साथ इन्सेफ्लाइटिसका बिरामीको निरीक्षण गर्न सांसदहरू रामजनम चौधरी, सुशिला स्वाँर र काशी पौडेल, सुनिलकुमार भण्डारी, नेपाली कांग्रेसका केन्द्रीय सदस्य चन्द्रसिंह भट्टराई र स्वास्थ्य सेवा विभाग इपिडिमियोलोजी महाशाखाका निर्देशक डा. महेन्द्रबहादुर विष्ट आजै काठमाडौंबाट त्यसतर्फ प्रस्थान गर्नुभएको हो ।

Kathmandu Post 5 Sep 2000

# Tharus go to Gurubas as encephalitis takes its toll

K.P. 5 Sep. 2000

By Madhavi Bhatta & Manmohan Swar

DHANGADHI, Sept 4 - Aswari Rana and his wife from Manehara village, lying some three km south-west of here, are looking for a *Guruba* (shaman) to cure their four kids who are suffering from high fever and cough.

Aswari's family is not the only one in the orgy of suffering. There is not any family of this Tharu community whose member has not caught the mosquito borne disease -- Japanese encephalitis.

Unfortunately, people of the community live in filthy environment sharing their living space among ducks and pigs. They do not take a patient to hospital until he reaches the last stage of illness.

"Everybody has fallen sick in the village but nobody has gone to the hospital," says Aswari's wife, sitting beside her bed-ridden children.

She said she gave her children locally available medicine but it did not improve their health. She is now thinking of taking her children to a local shaman. "Even the patients examined by the big doctors have also died of the fever, so we want to take our children to a *Guruba* and give them home-made medicines," she said.

She does not believe that a bandage put on by a doctor to her daughter will do her good. "My daughter felt more pain after the doctor put a bandage on her hand. After we threw it she felt better,"she said showing her daughter's finger that had reached a stage of severe gangrene.

Though the locals have strong faith upon the *Gurubas*, the *Gurubas*, however, do not claim that they can cure the illness caused by mosquitoes.

"We can only cure headache and minor fever," Pitaram Rana, a *Guruba* at Dhangadhi says, "but it is beyond my means to cure the mosquito-borne disease."

The local *Gurubas* look after a patient at early stages of encephalitis but refer to hospitals and health posts after the patient falls unconscious, which is the last stage of encephalitis.

The neighbouring areas of Dhangadhi town is so filthy that one cannot enter Tharu settlement without walking through mud and filth. Ducks and hens are seen roaming even in the kitchen in search of food.

Locals said that villages such as Chaumala, Kalika, Malakheti, Krishnapur, Masuriya, Fulbari and Dododhara which are some of the Tharu settlements in Kailali district are hard-hit by the viral encephalitis.

According to doctors, it is the mosquitoes that transmit the virus that causes encephalitis to humans from the already encephalitis-hit ducks and pigs.

The encephalitis infected person gets high fever, sever headache and vomits and finally falls unconscious within a week.

"Many of the encephalitis patients of the Tharu community come to hospital in the last stage of the disease," says Medical Superintendent of Seti Zonal Hospital Dr Krishna Kumar Rai. "It is very difficult to save them. Even if his life is saved, there is big chance that the patient will be paralysed."

Doctors at the hospital fear that the cases of encephalitis might go up soon after the end of this year's monsoon.

Another reason of outbreak of the viral encephalitis, specially among the Tharu communities, is that they keep most parts of their bodies open and their children play naked. They hardly use mosquito nets while sleeping.

It does not mean that all the Tharus are poor. Some of the affluent families possess a TV set and radio and have heard that ducks and pigs can transmit encephalitis. But they cannot even imagine that they can live without keeping ducks and pigs at their homes.

Traditionally, most of the pigs and ducks are the personal property of the Tharu women who are usually given them during their wedding as dowry gift.

Deputy Mayor of Dhangadhi Municipality Narad Muni Rana, himself a Tharu, says, "A Tharu will be looked down if he does not throw a party with the meat of pigs and ducks during the 'Maghi', most celebrated festival of the Tharus."

Two major challenges ahead in the Tharu community are to keep their ducks and pigs systematically and to develop a habit of attending hospital at the early stages of any disease.

Mayor of Dhangadhi Municipality Khem Raj Pande says that the municipality has also conducted dissemination campaign through loud speakers in all Tharu communities but its impact to them is almost nil.

"We are now looking for an alternative way so that dissemination campaign can be made more effective and result oriented," says Mayor Pande.

कान्तिपुर ०५७ ५.२१

# इन्सेफलाइटिसबाट मर्नेको संख्या ४९ पुग्यो

का.पु. ०५७.५.२१

धनगढी, २० भदौ (कास)- साउन २ गतेदेखि प्रारम्भ भएको इन्सेफलाइटिसको प्रकोपबाट कैलालीमा मंगलबार दिउँसोसम्म मर्नेहरूको संख्या ४९ पुगिसकेको छ।

मंगलबार सेती अन्चल अस्पतालमा ६३ जनाको उपचार भइरहेको छ। उक्त अस्पतालमा मात्र ३० जनाको मृत्यु भइसकेको मेडिकल रेकर्डर दिलीप श्रेष्ठले बताए।

उता प्राथमिक स्वास्थ्य केन्द्र टीकापुरमा अहिले ३० जनाको उपचार भइरहेको र १९ जनाको मृत्यु भएको छ।

यसैबीच स्वास्थ्यमन्त्री डा. रामवरण यादवले इन्सेफलाइटिस प्रभावित जिल्ला र क्षेत्रको स्थलगत भ्रमण गर्नेक्रममा मंगलबार दिउँसो प्राथमिक स्वास्थ्य चौकी टीकापुर पुग्नुभएको थियो।

**एक सातामा दशको मृत्यु**

यसैगरी नेपालगन्जस्थित कान्तिपुर समाचारदाताका अनुसार भेरी अन्चल अस्पतालमा उपचारार्थ आएकामध्ये गत एक साताभित्र मात्र थप १० जना इन्सेफलाइटिसका बिरामीको मृत्यु भएको अस्पतालका प्रमुख डा. अरुण कोइरालाले बताउनुभएको छ।

---

# 12 more die of encephalitis

6 Sep 2000

**By a Post Reporter**

NEPALGANJ, Sept 5 - Twelve more people have succumbed to the encephalitis epidemic in the western Terai districts, reports said today.

Ten people died of the disease in Bheri Zonal Hospital this week, while two succumbed while undergoing treatment at Seti Zonal Hospital, according to our reporters there.

Kathmandu Post 6.Sep.2000

गोरखापत्र २०५६ ५ २५

# जापानिज इन्सेफ्लाइटिस : उत्पत्ति-उपचार

गो.प. ०५६.५.२९

**भुवन पौडेल**

नेपालमा प्रत्येक वर्ष वर्षायाममा विभिन्न रोगहरूको रोग फैलने गर्छ। वर्तमान परिप्रेक्ष्यमा तराईका जिल्लाहरूमा महामारीको रूपमा नै फैलिएको रोग जापानीज इन्सेफ्लाइटिस। जापानिज इन्सेफ्लाइटिस एशियाका विभिन्न भू-भाग जस्तै पूर्वी साइवेरीया, चीन, कोरिया, ताइवान, जापान, मलाया, भियतनाम, थाइल्याण्ड, सिङ्गापुर, फिलिपिन्स, बंगलादेश, भारत र नेपालमा व्याप्त भएको पाइन्छ। केही वर्षअघिको तथ्याङ्कमा प्रतिवर्ष एसियाका पचास हजार जनसङ्ख्या यस रोगबाट पीडित हुने गरेको अनुमान छ भने करिब १० हजार जनसङ्ख्याको यही रोगबाट मृत्यु हुने गरेको बताइन्छ।

अहिले नेपालका तराई जिल्लाहरूमा बढ्दै गएको जापानिज इन्सेफ्लाइटिसको प्रकोपले स्थानीय बासिन्दालाई भयभीत बनाएको छ। अधिकांश तराईका जिल्लामा यो रोग देखिए पनि मुख्य रूपमा पश्चिमी तराईका जिल्लामा ठूलो भयावह स्थिति उत्पन्न भएको छ। बाँके, बर्दिया, कैलाली, कञ्चनपुर, दाङ, डोटी जस्ता जिल्लाका अतिरिक्त कतिपय पहाडी जिल्लामा यो रोग देखिएको छ। आधिकारिक तथ्याङ्क पाउन नसकिए पनि यस रोगबाट सयौं व्यक्तिहरू प्रभावित भएका छन्, एक सय जति बिरामीको मृत्यु भइसकेको छ, तराईका अस्पतालका अतिरिक्त, काठमाडौं उपत्यकाका अस्पतालमा समेत उल्लेख्य बिरामीहरू मृत्युसँग सङ्घर्ष गरिरहेका छन्। बिरामीहरूको यो अवस्था देख्दा लाग्छ- नेपालमा कुनै ठूलो दैवी आपत्ति आएको होस्।

जापानिज इन्सेफ्लाइटिसको इतिहास केलाउँदै जाँदा यो इस्वी सम्वत् १९०४ मा जापानमा "यशोबारा" ज्वरोको रूपमा उत्पत्ति भएको पाइन्छ। सन् १९३५ मा जापानमा यस रोगबारे व्यापक खोज एवं अनुसन्धान भयो, त्यसपछि यस सम्बन्धी तथ्यहरू प्रकाशमा आउन थाले। दोस्रो विश्वयुद्धताका जापानको ओकिनावा र यस वरपर पुगेका सैन्यबललाई यस रोगले प्रभावित पारेको तथ्य इतिहासमा पाउन सकिन्छ। सन् १९६० पूर्व जापानमा यस रोगको गम्भीर प्रकोप देखिइरहन्थ्यो। जापानी सरकारको ठूलो अभिरुचि एवं जनतामा बढ्दै गएको जनचेतनाको फलस्वरूप जापानमा यो रोग अहिले समस्याभन्दा बाहिर छ। यस रोगबाट अहिले पूर्णतया जापानी जनता चिन्तामुक्त छन्।

जापानिज इन्सेफ्लाइटिस 'फ्लाभि वी' भाइरसले [illegible] लाग्छ। त्यसैले पहिले यसलाई जापानिज बी इन्सेफ्लाइटिस पनि भनिन्थ्यो। क्युलेक्स प्रजाति (ट्राइटेरिहिंकस) का लामखुट्टेले यस रोग सार्ने गर्छन्। स्तनधारी पशु जस्तै: सुंगुर, बङ्गुर, चराचुरुङ्गी, हाँस एवं विभिन्न सरीसृप वर्गका जनावरबाट लामखुट्टेले ओसार-पसार गर्ने गर्छ। विकट जिल्लाका पनि विकट ठाउँका गरीब परिवारका सदस्यहरू यस रोगबाट बढी प्रभावित हुने गर्छन्। त्यस्ता परिवारहरू खोलानालाको छेउछाउ, सीमक्षेत्रको वरपर बस्ने र झुलको व्यवस्था गर्न नसक्ने हुनाले लामखुट्टेको टोकाइबाट बच्न नसक्दा रोग फैलिने सम्भावना बढिरहेको छ।

जापानिज इन्सेफ्लाटिस उच्च पहाडी भेग जहाँ शीतल हावापानी छ, त्यस्ता ठाउँमा यो रोग वैशाखदेखि असोज जुनसुकै महिनामा देखिन सक्छ भने गर्मी प्रदेशमा प्रायजसो मनसुनको सँगसँगै अथवा मनसुन सिद्धिनासाथ देखापर्छ। यो रोग सार्ने लामखुट्टेले मुख्यतया धानखेतीमा फूल पार्ने हुनाले प्रशस्त धान खेती हुने ठाउँमा यसको प्रकोप पाइन्छ। यी ठाउँहरूमा यो रोग सम्बन्धी व्यापक जनचेतना हुनु आवश्यक देखिन्छ। यो रोगको सधैं प्रकोप हुने स्थानमा (इन्डेभिक एरिया) केवल १५ वर्षमुनिका बच्चाहरू प्रभावित हुन्छन् भने एक्कासि रोग देखापर्ने स्थानमा जुनसुकै उमेरका व्यक्तिहरू पनि प्रभावित हुन सक्छन्। हरेक वर्षको तुलनात्मक अध्ययन गर्दा नेपालमा प्रत्येक वर्ष जापानिज इन्सेफ्लाइटिसको प्रकोप देखिए पनि एक वर्ष बिराएर यो रोग खतरनाक हुने गरेको पाइन्छ।

**लक्षणहरू**

क्युलेक्स लामखुट्टेबाट फ्लाभि भाइरस शरीरमा प्रवेश गरेको ५ देखि १५ दिनभित्रमा शरीरमा लक्षणहरू देखिन थाल्छन्। बच्चामा प्रायःजसो कम्पन आउन सक्छ भने वयस्क व्यक्तिमा कम्पन नआउन पनि सक्छ। ज्वरो १०३ डिग्रीसम्म आउँछ। टाउको दुख्ने, अङ्गहरू शिथिल हुँदै जाने, खान मन नलाग्ने समस्या देखिन्छन्। बिरामीलाई अत्यधिक अल्छी लाग्छ, वाक्वाक् हुन खोज्छ। यो रोगको अर्को लक्षण भनेको शरीरमा स्नायु (नाडीगत) विकार उत्पन्न हुनु हो। यस अन्तर्गत रोगीको घाँटी नचल्ने हुन्छ, रोग बल्भिदै गएपछि पक्षाघात हुन्छ। रोगीले मानसिक सन्तुलन गुमाउँछ, स्मरणशक्ति नाश हुन्छ। रोगीलाई भ्रम हुन्छ, रोगी बहिरो एवं अचेत हुन सक्छ। करिब ७० प्रतिशत जापानिज इन्सेफ्लाइटिसका रोगीमा स्नायुगत विकार देखिन्छ। त्यसैले उपरोक्त लक्षण एवं विकारहरू देखिएको बिरामीलाई चाँडोभन्दा चाँडो अस्पताल वा स्वास्थ्य केन्द्रमा वा नजिकको कुनै स्वास्थ्य संस्थामा लैजानु पर्छ।

**उपचार** जापानिज इन्सेफ्लाइटिसको पूर्ण उपचारको औषधि आजसम्म पत्ता लागेको छैन। यसको उपचारको लागि केवल सामान्य उपचार मात्र निर्देश गरिएको पाइन्छ। मुख्यतया: यो रोगमा लक्षणअनुसार रोगको चिकित्सा गरिन्छ। बिरामीलाई एकदमै निगरानी राख्नुपर्छ एवं त्यत्तिकै हेरचाहको आवश्यकता पनि चाहिन्छ। शरीरमा जलीय पदार्थको असन्तुलन हुन दिनु हुँदैन। रोगीलाई प्रारम्भिक अवस्थामा स्वास्थ्य संस्थामा पुऱ्याइएमा बिरामीलाई बचाउन त्यति गाह्रो पर्दैन, तर गम्भीर अवस्थामा बिरामीलाई बचाउन असाध्यै गाह्रो हुन्छ। यो रोग लामखुट्टेले सार्ने हुँदा सबैभन्दा उत्तम लामखुट्टेको टोकाइबाट बच्नु हो। घरपरिवार एवं सामाजिक सरसफाइका अतिरिक्त झुलको प्रयोग गरी लामखुट्टेको टोकाइबाट बच्न सकिन्छ। यसबारे जनचेतना अभिवृद्धि गर्न सक्नुपर्छ। यस अतिरिक्त वर्तमान अवस्थामा जापानिज इन्सेफ्लाटिसविरुद्ध विभिन्न खोपहरू बनाइसकिएको छ। ती खोपहरू जापानिज इन्सेफ्लाइटिसबाट पीडित हुनसक्ने बिरामीमा दिलाउन सके यस रोगको समस्या न्यून हुन सक्ने देखिन्छ। खोप कार्यक्रम नियमित रूपमा सञ्चालन गर्न सके शरीरमा रोग प्रतिरोधात्मक शक्तिको विकास हुने थियो र आगामी वर्षहरूमा रोग लाग्ने सम्भावना घट्न जान्छ।

अन्त्यमा, "रोग लागेर उपचार गर्नुभन्दा रोग लाग्न नदिनु नै वेश" भनेझैं हामीले अब संवेदनशील भएर सोच्नु पर्छ। वर्तमान अवस्थामा हामी एउटा त्रासद स्थितिमा छौं। समयमै विचार गरी आवश्यक व्यवस्थापन गर्न सके भोलि हामीकहाँ पक्कै पनि जापानिज इन्सेफ्लाइटिस नियन्त्रणभित्र रहनेछ।

**जापानिज इन्सेफ्लाइटिसको इतिहास केलाउँदै जाँदा यो इस्वी सम्वत् १९०४ मा जापानमा "यशोवारा" ज्वरोको रूपमा उत्पत्ति भएको पाइन्छ। सन् १९३५ मा जापानमा यस रोगबारे व्यापक खोज एवं अनुसन्धान भयो, त्यसपछि यस सम्वन्धी तथ्यहरू प्रकाशमा आउन थाले। दोस्रो विश्वयुद्धताका जापानको ओकिनावा र यस वरपर पुगेका सैन्यबललाई यस रोगले प्रभावित पारेको तथ्य इतिहासमा पाउन सकिन्छ।**

# Encephalitis claims 52 in Bheri

K.P. Sep. 7. 2000

Kathmandu Post 7 Sep. 2000

NEPALGUNJ, Sept 6 (PR)- Mosquito-borne Japanese encephalitis that broke as an epidemic in the mid and far-western Terai region during this monsoon has claimed 52 lives here at three hospitals of the district so far, according to a hospital source.

Out of the total 411 patients of the disease admitted at three hospitals in Nepalgunj, 35 patients died at Bheri Zonal Hospital, 14 at a nursing home of Nepalgunj Medical College and three at its Teaching Hospital.

Meanwhile, Health Minister Ram Baran Yadav who was on an inspection visit of the encephalitis-hit districts -- Banke, Bardiya, Kailali and Kanchanpur -- claimed that "there was no shortage of medicine and human resources on Wednesday."

Talking to pressmen, Minister Yadav said the government has already received an assistance of 5,00,000 pieces of vaccines from China to combat with the disease. He, however, realised that those vaccines had to be inoculated before the outbreak of the disease.

Precautionary measures shall be undertaken for the coming year before the outbreak of encephalitis, Minister Yadav said.

# Govt. supplies drugs to encephalitis-hit areas

R.N. 8 SEP 2000

Nepalgunj, Sept. 7 (RSS):

Minister for Health Dr. Rambaran Yadav said that HMG has made provision for the supply of drugs in time in the districts hit by encephalitis and other infectious diseases.

In a chat with journalists after a visit of Banke, Baridya, Kailali and Kanchanpur districts affected by encephalitis, he said that HMG, Ministry of Health, was alert on seeing to it that there was no dearth of drugs in these areas.

On the occasion, Minister Yadav said that 500,000 encephalitis vaccines worth Rs 200,000,000 had been received from the People's Republic of China. Stating that illiteracy, poverty and ignorance were the root cause of encephalitis and other contagious diseases, he said that emphasis should be laid on health education and generation of awareness to combat diseases.

Health Minister Dr. Yadav said that HMG was thinking of making the Bheri Zonal Hospital well-equipped and convert it into a regional hospital.

HMG Ministry of Health, Epidemiology and disease prevention division had provided Rs 175,000 to Banke district, Rs 25,000 to Bardiya district, Rs 50,000 to Tikapur and some amount to Kailali district to provide treatment to the encephalitis patients, it is learnt. Director of the Division Dr. Mahendra Bahadur Bishta informed that 100 of the 1000 persons affected by encephalitis had died this year.

In Myangiung, Nepal Student Union, Tehrathum district committee held a day-long symposium on "democratic socialism and the personality B. P. Koirala" here Wednesday to mark the 87th anniversary of the socialist leader B.P. Koirala.

On the occasion Nepali Congress Mahasamiti member and the landless people's problem resolution commission central vice chairman Tejprasad Sitaula said the socialism envisage by B.P. Koirala would be unattainable so long as economic inequality was not ensured in the country.

Ex-MP Tejman Tumbahamphe, Nepali Congress Tehrathum district chairman Lekh Dhoj Tumbahamphe, Nepali Congress Mahasamiti member Ramnarayan Dhungana, Nepal Peasant Association central member Jaya Prasad Dhungana, NSU district unit ex-chairmen Mahendra Kafle and Lek Bahadur Khatri shed light on the personality of B.P Koirala.

Nepal Student Union Tehrathum unit chairman Bal Kumar Gurung presided over the programme.

Rising Nepal 8 Sep. 2000

# इन्सेफलाइटिसविरुद्धका खोप अनुदान दुई साता पुग्दा पनि आएन

का.पु. ०५६.५.२२

गोपाल खनाल

काठमाडौं, २१ भदौ– तराईका जिल्लाहरूमा फैलिएको प्राणघातक सरुवा रोग इन्सेफलाइटिसविरुद्धका खोपहरू अनुदान स्वरूप उपलब्ध गराउन चिनियाँ सरकार सहमत भएको दुई साता बितिसक्दा पनि ती खोपहरू नेपालले पाउन सकेको छैन ।

इन्सेफलाइटिस लाग्नबाट बचाउने खोप सरकारसँग नभएपछि हाल बिरामीहरूको सहायक उपचारमात्र भइरहेको छ । हाल सरकारले एमोक्सिलिन, क्लोरोम्फेनिकल, डेक्सामेथाजोन, जेन्ट्रामाइसाइन, स्लाइनलगायतका औषधिहरू प्रकोपग्रस्त क्षेत्रहरूमा पठाउने गरिरहेको छ । गत भदौ ५ गते अर्थ सचिव विमल कोइराला र नेपालका लागि चिनियाँ राजदूतबीच अर्थ मन्त्रालयमा जापानी इन्सेफलाइटिसविरुद्धका ५ लाख डोज खोपहरू उपलब्ध गराउन लिखित सहमति भएको थियो ।

चीन सरकारले उक्त खोप अनुदान जतिसक्दो चाँडो आफ्नै खर्चमा काठमाडौंसम्म ल्याइदिने र प्रकोपग्रस्त जिल्लाहरूमा नेपाल सरकारले पुर्‍याउने लिखित सहमति भएको थियो । 'हामीले जतिसक्दो चाँडो खोपहरू उपलब्ध गराउन अनुरोध गरेबमोजिम छिटै पाउने आश्वासन पाएका थियौं' स्वास्थ्य मन्त्रालयका वरिष्ठ जनस्वास्थ्य प्रशासक अर्जुनबहादुर सिंहले कान्तिपुरसँग भन्नुभयो- 'तर अहिलेसम्म किन आएन, कारण थाहा हुन सकेको छैन ।'

सन् १९७८ मा पहिलोपटक नवलपरासीमा देखा परेको इन्सेफलाइटिसका कारण बर्सेनि नेपालमा करिब ५ सयको मृत्यु हुने गरेको छ । गत वर्षमात्र यसका कारण ४ सय ३४ जनाको मृत्यु भएको तथ्याङ्क इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखासँग छ । महाशाखा तथा प्रकोप फैलिएका जिल्लाहरूबाट प्राप्त विवरणलाई आधार मान्दा पनि यस वर्षमात्रै हालसम्म इन्सेफलाइटिसबाट लगभग १ सयको मृत्यु भइसकेको छ ।

सिंहका अनुसार सम्झौताका अवसरमा इन्सेफलाइटिसको प्रकोपका सम्बन्धमा सम्पूर्ण जानकारी चिनियाँ राजदूतलाई दिइएको थियो । 'हामीले यो पिक सिजन हो, यसै बेला हामीलाई खोपको बढी आवश्यकता छ भनेका थियौं, तर अहिलेसम्म आएन... खोप आइदै होला ।' स्वास्थ्य मन्त्रालयका एक वरिष्ठ अधिकृतका अनुसार सहमतियमोजिम अर्थ मन्त्रालयले खोपहरू छिटो उपलब्ध गराउन पहल गर्नुपर्ने हो, तर त्यति पहल भएको देखिँदैन । सिंहले मन्त्रालयको तर्फबाट चिनियाँ इकोनोमिक काउन्सिलरसँग बारम्बार कुरा गरिरहेको दाबी गर्दै भन्नुभयो- 'उहाँले चाँडै पठाउने भन्नुभएको छ, तर अहिलेसम्म आइपुगेको छैन ।'

तीन महिनाअघि जेनभामा सम्पन्न विश्व स्वास्थ्य सम्मेलनका भाग लिन त्यहाँ पुगेका स्वास्थ्य मन्त्री डा. रामबरण यादवको अनुरोधमा चीनका स्वास्थ्य मन्त्रीले उक्त खोपहरू नेपाललाई उपलब्ध गराउने प्रतिबद्धता जनाउनुभएको थियो । गत वर्ष खोप परीक्षण गरिएको बर्दिया जिल्लामा यसपटक इन्सेफलाइटिसका बिरामीहरूको संख्या न्यून देखिएको छ भने त्यसको तुलनामा कैलाली र बाँकेमा बढी देखिएको छ । नेपालमा इन्सेफलाइटिसबाट प्रभावित २६ जिल्लामा उक्त खोपहरू पुर्‍याउने हो भने करिब २ अरब रुपैयाँ लाग्न सक्ने सरकारी अनुमान छ ।

# तीन अस्पतालमा बाउन्नको मृत्यु

का.पु. ०५६.५.२२

नेपालगञ्ज, २१ भदौ (कास)- महामारीको रुपमा साउनको सुरुदेखि फैलिएको इन्सेफ्लाइटिसबाट जिल्लाभित्रका ३ वटा अस्पतालमा मात्र बुधबारसम्म ५२ जनाको मृत्यु भइसकेको छ ।

यहाँस्थित भेरी अञ्चल अस्पतालमा मात्र ३५ जना इन्सेफ्लाइटिसका बिरामीको मृत्यु भएको छ भने नेपालगञ्ज मेडिकल कलेजको नर्सिङ होममा चौध र शिक्षण अस्पतालमा तीनको मृत्यु भएको छ । ती तीन वटै अस्पतालमा हालसम्म ४ सय ११ जना इन्सेफ्लाइटिसका बिरामी उपचारार्थ आएका थिए ।

**इन्सेफ्लाइटिस**

यसैबीच स्वास्थ्यमन्त्री डा. रामबरण यादवले बाँके, बर्दिया, कैलाली र कञ्चनपुरका सरकारी अस्पतालहरुको निरीक्षण भ्रमण गरी इन्सेफ्लाइटिसको महामारीबारे जानकारी लिनुभएको छ । राजधानी फर्किनुअघि बुधबार नेपालगञ्ज विमानस्थलमा पत्रकारहरुसित कुरा गर्दै उहाँले भन्नुभयो- 'मैले स्थितिको अध्ययन गरें तर कतै पनि जनशक्ति र औषधिको कमी छैन ।'

उहाँले अर्को वर्ष महामारी फैलिनुअघि नै खोप र जनचेतना विस्तारका लागि पहल गरिने आश्वासन पनि उक्त अवसरमा दिनुभयो । चीनबाट २० करोड रुपैयाँ बराबरको ५ लाख थान भ्याक्सिन सरकारलाई प्राप्त भएको जानकारी पनि उहाँले उक्त अवसरमा दिनुभयो ।

# इन्सेफ्लाइटिसका बिरामीबारे जानकारी

कान्तिपुर समाचारदाता ०५६.५.२२

महेन्द्रनगर, २१ भदौ- स्वास्थ्यमन्त्री डा. रामबरण यादवले महाकाली अञ्चल अस्पतालको मंगलबार निरीक्षण गरी उपचार गराइरहेका इन्सेफ्लाइटिसका बिरामीको अवस्थाबारे जानकारी लिनुभयो ।

इन्सेफ्लाइटिसबाट प्रभावित मध्यपश्चिम र सुदूर पश्चिमका तराई जिल्लाहरुको भ्रमणमा रहनुभएका मन्त्री यादवले उपचारमा आवश्यक पर्ने सम्पूर्ण औषधि सम्बन्धित जिल्ला अस्पतालमा उपलब्ध गराइएको र आवश्यक परेमा थप औषधि पठाउने जानकारी दिनुभयो ।

यादवले तत्काल आकस्मिक रुपमा औषधि खरिद गर्न इपिडिमियोलजी तथा रोग नियन्त्रण महाशाखाका तर्फबाट महाकाली अञ्चल अस्पताललाई ५० हजार प्रदान गर्नुभयो ।

उहाँका साथ सांसदहरु सुशील स्वार, रामजनम चौधरी र काशी गौतम तथा इपिडिमियोलजी महाशाखाका प्रमुख डा. महेन्द्रबहादुर बिष्ट पनि हुनुहुन्थ्यो ।

मंगलबार नै नेपाली कांग्रेसका कार्यकर्ताहरुसँगको भेटघाटका अवसरमा मन्त्री यादवले इन्सेफ्लाइटिसको रोकथामका लागि चीन सरकारबाट प्राप्त ५ लाख भ्याक्सिन प्रभावित क्षेत्रमा पठाइने बताउनुभयो ।

यसवर्ष महाकाली अञ्चल अस्पतालमा हालसम्म इन्सेफ्लाइटिसबाट पीडित भई उपचार गराउन आएका ९२ जना बिरामीहरुमध्ये ६ जनाको मृत्यु भएको, ६७ जना सन्चो भई घर फर्केका र १७ जनाको उपचार भइरहेको छ ।

कान्तिपुर २०५६ ५.२२

कान्तिपुर २०५६ ५ २९



# इन्सेफ्लाइटिस प्रकोप



— लेख तथा तस्वीर सुधीरा शाह —

...न अस्पतालमा उपचारको लागि आउने बिरामीमध्ये अहिले लगभग सबैजसो इन्सेफ्लाइटिसबाट पीडित भएको पाइएका छन्। दुई महिनाको बीचमा ...उपचार गर्न आउने मध्ये १ सय ६० इन्सेफ्लाइटिसका रोगी सकुशल घर फर्किएका छन् भने २३ जनाको अस्पतालमा मृत्यु भइसकेको छ।

यस अस्पतालमा ११ जना डाक्टरको दरबन्दी रहेकोमा हाल ८ जना मात्र डाक्टर र २० जना नर्स कार्यरत छन्।









कान्तिपुर २०५६·५·२५·

# 'परीक्षणका लागि मात्र पोहोर ल्याइएको खोप फेरि भित्रिने'

■ गोपाल खनाल का.पु. ०५६.५.२५.

काठमाडौं, २४ भदौ– इन्सेफलाइटिसविरुद्ध चिनियाँ खोप उपलब्ध गराउनेबारे नेपाल र चीन सरकारबीच भएको सम्झौता प्रक्रियागत नभएको सम्बन्धित अधिकारीहरूले जनाएका छन् ।

स्वास्थ्य अनुसन्धानमा संलग्न एक चिकित्सकका अनुसार नेपालमा परीक्षणका लागि मात्रै दर्ता भएका ती खोप सरकारले सामान्य प्रयोगका लागि ल्याउन मिल्दैन ।

'गत साल ती चिनियाँ खोप परीक्षणका रूपमा मात्र कोरियाको बोरन फर्मास्युटिकल्सले सरकारलाई उपलब्ध गराएको थियो,' सरकारको सम्बन्धित जिम्मेवार निकायमा कार्यरत ती अधिकृत भन्छन्, 'परीक्षणका रूपमा प्रयोग गरिएका ती खोपको परीक्षणको प्रभावकारिताबारे औपचारिक प्रतिवेदन नआएसम्म त्यस्तो औषधिलाई सामान्य प्रयोगका लागि अनुमति दिन मिल्दैन ।'

ती खोप अनुदानस्वरूप उपलब्ध गराउनेबारे भदौ ५ गते अर्थ सचिव विमल कोइराला र नेपालका लागि चिनियाँ राजदूतबीच लिखित सहमति भएको थियो । सहमतिअनुसार चिनियाँ सरकारले जापानी इन्सेफलाइटिसविरुद्धका ५ लाख थान खोप उपलब्ध गराउनेछ । स्वास्थ्य मन्त्रालयका वरिष्ठ जनस्वास्थ्य प्रशासक अर्जुनबहादुर सिंहका अनुसार सहमतिबमोजिमका ती खोप चाँडै नेपाल आइपुग्दैछन् ।

गत वर्ष परीक्षणका रूपमा कोरियाको यान्सो विश्वविद्यालय र बोरन फर्मास्युटिकल्सले इन्सेफलाइटिसविरुद्धका १ लाख ५० हजार थान खोप उपलब्ध गराएका थिए । 'ती खोपको एक वर्ष बितिसक्दा पनि औपचारिक प्रतिवेदन आएको छैन' नेपाल स्वास्थ्य अनुसन्धान परिषद्का अनुसार त्यसरी प्रतिवेदन नआएको अवस्था सरकारले सामान्य प्रयोगका लागि ल्याउने सहमति अर्को पक्षसँग गर्न मिल्दैन ।

नेपालमा कुनै पनि औषधि परीक्षण गर्दा औषधि व्यवस्था विभाग र नेपाल स्वास्थ्य अनुसन्धान परिषद्को पूर्व स्वीकृति लिनुपर्ने हुन्छ । औषधि व्यवस्था ऐनले समेत परीक्षणका लागि अनुमति लिएको कम्पनी वा संस्थाले परीक्षणकाबारेमा औपचारिक प्रतिवेदन बुझाएपछि मात्र औषधि व्यवस्था विभागले त्यसलाई स्वीकृति दिने वा नदिने निर्णय गर्न सक्ने व्यवस्था छ ।

विभागमा कार्यरत एक अधिकृतका अनुसार, उक्त चिनियाँ खोपलाई विभागले परीक्षणका लागि मात्र दर्ता गराएको हो । 'गत वर्ष प्रयोग भएका तिनै खोपहरु ल्याउनेबारेमा सहमति भएको हो भने ती खोप सामान्य प्रयोगका लागि स्वीकार्य छैनन्' ती अधिकृतले भने ।

हालसम्म प्रतिवेदन नबुझाएको भए पनि गत वर्ष खोप परीक्षण गरिएको बर्दिया जिल्लामा यसपटक इन्सेफलाइटिसका बिरामीको संख्या न्यून हुनुले यसको प्रभावकारिता देखिएको छ । त्यसको तुलनामा खोप नपुगेका कैलाली र बाँकेमा इन्सेफलाइटिसको प्रकोप बढेको छ । चीनमा समेत ९७ प्रतिशत सफल देखिएको उक्त खोप नेपालमा ९८ प्रतिशत सफल भएको दाबी इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका निर्देशक डा. महेन्द्रबहादुर बिष्टले व्यक्त गर्दै आउनुभएको छ ।

सरकारले हचुवाको भरमा, नियम र प्रक्रिया मिचेर खोप ल्याउने सहमति गर्नुहुँदैनथ्यो । 'यसले स्वयं त्यसैका लागि बनेका सरकारी निकायहरूको काम कर्तव्यप्रति शंका उब्जान सक्छ' विभागमा कार्यरत एक अधिकृत भन्छन्, 'कम्तीमा पनि प्रक्रिया बुझेर सरकारले सहमति गरेको भए हुन्थ्यो ।'

तर औषधि व्यवस्था विभागका निर्देशक डा. अस्फाख शेखले भने कान्तिपुरसँग उक्त चिनियाँ खोप गत वर्ष परीक्षणमा ल्याइएका नभएर अन्य भएको बताउनुभयो । 'यसपालि आउने खोप परीक्षण भइसकेका हुन्, हामीले केही परीक्षण गरेपछि प्रयोगमा ल्याउन सक्छौं' उहाँले उक्त खोप चीनमा रजिस्ट्रार भएकोसमेत बताउनुभयो । तर स्वास्थ्य मन्त्रालयका एक वरिष्ठ अधिकारीले शनिबार कान्तिपुरसँग सहमति भएका खोपहरु गत वर्ष ल्याइएका नै भएको बताउनुभयो । 'एउटै रोगको प्रयोजनका लागि उही देशमा बनाएका खोप यो फरक, त्यो फरक भन्ने हुँदैन' ती अधिकारी भन्छन् ।

स्वास्थ्य अनुसन्धान परिषद्का अनुसार, सरकारले प्रभावकारी देखेर ल्याउन लागेको हो भने सामान्य प्रयोगका लागि ती खोपको अस्थायी दर्ता गर्न सक्थ्यो । 'तर परीक्षणको पहिलो चरणमात्र समाप्त भएको र परीक्षणको प्रक्रियामा नै रहेको खोपले सरकारले कसरी किन्न वा अनुदान लिन सक्छ' परिषद्का एक सदस्यले सरकारी निकायबीच समन्वयको अभावका कारण गलत निर्णय भएको बताए ।

कान्तिपुर २०५६.५.२८

# इन्सेफ्लाइटिसबाट सन्ताउन्न जनाको मृत्यु

कान्तिपुर समाचारदाता ०५६.५.२८

धनगढी, २३ भदौ- गत वर्षको तुलनामा करिब ४० प्रतिशत कम मान्छे प्रभावित भए पनि यस वर्ष गत साउन ४ गतेदेखि फैलिएको इन्सेफ्लाइटिसबाट शुक्रबारसम्म कैलालीमा ५७ जनाको मृत्यु भइसकेको छ ।

गत वर्ष कैलालीमा १ सय ८ जनाको मृत्यु भएको थियो । यस वर्ष सेती अञ्चल अस्पताल, टीकापुर, जोशीपुर र भजनी प्राथमिक स्वास्थ्य केन्द्र गरी हालसम्म ६ सय २४ जना यो रोगबाट प्रभावित भइसकेका छन् । गत वर्ष कैलालीमा १ हजार ४३ जना इन्सेफ्लाइटिसबाट ग्रस्त भएका थिए ।

सेती अञ्चल अस्पतालमा शुक्रबार थप ३ जनाको यो रोगबाट मृत्यु भएपछि यस अस्पतालमा मृत्यु हुनेको संख्या ३५ पुगेको छ । टीकापुर स्वास्थ्य केन्द्रमा यस वर्ष यो रोगबाट मर्नेको संख्या २२ पुगेको छ । सेती अञ्चल अस्पतालका मेडिकल रेकर्डर दिलीप श्रेष्ठका अनुसार यस वर्ष शुक्रबारसम्म इन्सेफ्लाइटिसबाट ग्रस्त भई ४ सय ३९ जना भर्ना भएकोमा अहिले ४६ जनाको उपचार भइरहेको छ । यस क्रममा ३ सय ५५ जना निको भई घर फर्किएका र ३ जना उपचारका क्रममा भागेका थिए ।

अहिले दिनहुँ १०।१२ जना मात्रै नयाँ रोगी थपिने क्रम जारी रहेको छ जबकि गत सातासम्म यो क्रम दैनिक १५।२० जना रहेको थियो ।

टीकापुरमा भने अहिले १९ जनाको उपचार भइरहेको र १।२ जना मात्र नयाँ रोगी थपिने गरेको अहेव धर्मसिंह बरालाले बताउनुभयो ।

उक्त प्राथमिक स्वास्थ्यकेन्द्रमा यस वर्ष शुक्रबारसम्म १ सय ४९ जना भर्ना भएकोमा ९८ जना निको भई घर फर्केका, ५ जना उपचारका क्रममा भागेका र ५ जना अन्यत्र रेफर गरिएको बरालाले भन्नुभयो ।

# Encephalitis claims 57

K.P. 9.SEP.2000

Kathmandu Post 9 Sep 2000

DHANGADHI, Kailali, Sept 8 (PR)- Altogether 57 persons have succumbed to encephalitis since this year's monsoon started two months ago, according to latest data provided by hospital sources. A total of 108 had died of the epidemic in this district last year.

कान्तिपुर २०५६.५.२६

# इन्सेफ्लाइटिसबाट प्रहरीको मृत्यु

का.पु. ०५६.५.२६

विगत केही दिनदेखि फैलिएको इन्सेफ्लाइटिस रोगबाट बैतडी जिल्लामा घर भई जिल्ला प्रहरी कार्यालय कैलाली मातहतको एक प्रहरी चौकीमा कार्यरत प्रहरी हवल्दार शंकरदत्त पन्तको भैरहवास्थित भीम अपस्तालमा मृत्यु भएको छ ।

जिल्ला प्रहरी कार्यालय रुपन्देहीका अनुसार निज पन्त कैलालीस्थित अस्पतालमा केही दिन अगाडि उपचार गरिसकेर निको नभएपछि उपचारार्थ काठमाडौं प्रस्थान गरेका थिए ।

तर पूर्व-पश्चिम राजमार्गअन्तर्गत नवलपरासीको दाउन्ने डाँडामा पहिरोको कारण यातायात अवरुद्ध भएकाले उनी काठमाडौं जान सकेनन् र उनलाई भैरहवा ल्याइएको प्रहरीले जनाएको थियो ।

कान्तिपुर ०५६·५·२६

# रुकुममा पनि इन्सेफ्लाइटिस

का.पु. ०५६·५·२६

रुकुम, २६ भदौ (कास)- हावापानीका लागि स्वस्थ्यकर मानिएको रुकुममा यस वर्षको वर्षादको अन्तिममा आएर पहिलो पटक जापनिज इन्सेफ्लाइटिस रोगको लक्षण देखापरेको छ।

सिकिस्त विरामी भएर अस्पताल पुगेका भैरहवा घर भएर सदरमुकाम बसेका निमबहादुर सोनीलाई इन्सेफ्लाइटिस रोगको लक्षण देखिएकोमा उनलाई रुकमका जनस्वास्थ्य प्रमुख डा. गोपाल खनालले नेपालगन्ज रिफर गरिदिनुभएको छ। जिल्लामा इन्सेफ्लाइटिस रोगको कुनै पनि औषधि रहेको छैन।

गत साता रुकुममा एक जना स्कुले छात्रको पनि इन्सेफ्लाइटिस रोगबाट निधन भएको थियो।

## दाङमा इन्सेफ्लाइटिसबाट सातजनाको मृत्यु

गो.प. ०५६·५·२८

दाङ समाचारदाता

दाङ, भदौ २७ गते। दाङ जिल्लामा देखापरेको इन्सेफ्लाइटिस रोगबाट पीडित भई उपचारार्थ महेन्द्र अस्पताल, दाङ, घोराहीमा भर्ना भएका बिरामीहरूमध्ये हालसम्म ७ जना बिरामीहरूको मृत्यु भएको महेन्द्र अस्पताल दाङले जनाएको छ।

महेन्द्र अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. श्रवणकुमार चौधरीका अनुसार, हाल अस्पतालमा ६ जना इन्सेफ्लाइटिस र एकजना मेनेन्जाइटिस गरी ७ जना बिरामीहरूको उपचार भइरहेको छ।

विगतका वर्षलाई हेर्दा दाङ जिल्लामा यसपटक इन्सेफ्लाइटिस रोगको ठूलो समस्या देखापरेन भन्दै डा. चौधरीले सीमित क्षेत्रमा मात्र यो रोग फाटफुट्ट रूपमा देखापरेको छ भन्नुभयो।

स्मरणरहोस् गतवर्ष २८७ जना इन्सेफ्लाइटिसका बिरामीहरू उपचारका लागि सो अस्पतालमा भर्ना भएकोमा ४० जनाको मृत्यु भएको थियो।

गोरखापत्र २०५६·५·२८

## इन्सेफ्लाइटिसबाट कैलाली र कञ्चनपुरमा ७० जनाको मृत्यु

गो.प. ०५६·५·२६

लक्ष्मीप्रसाद उपाध्याय

कैलाली (श्रीनगर), भदौ २६ गते। गत साउन महिनाको पहिलो सातादेखि फैलिएको इन्सेफ्लाइटिस रोगबाट हालसम्म कैलाली र कञ्चनपुर जिल्लामा मर्नेहरूको संख्या ७० पुगेको छ।

सेती अञ्चल अस्पतालले आज दिएको जानकारी अनुसार हालसम्म अस्पतालमा भर्ना भएका चारसय ६४ बिरामीहरू मध्ये ३८ जनाको मृत्यु भइसकेको छ। तीमध्ये तीनसय ६१ जना उपचार गरी घर फर्किसकेका छन् भने ६२ जना उपचार गर्ने क्रममा अस्पतालमा रहेका कुरा बताइएको छ।

त्यसैगरी, टीकापुर प्राथमिक उपचार केन्द्रले जनाएअनुसार एकसय ५५ जना बिरामीहरूमध्ये आजसम्म २२ जनाको मृत्यु भइसकेको छ। अहिले उपचार केन्द्रमा २३ जना उपचार गराइरहेका छन् भने बिरामीहरू आउने क्रम अलि घटेको कुरा डा. होमनाथ पौडेलले गोरखापत्रलाई बताउनुभएको छ।

त्यसैगरी, महाकाली अञ्चल अस्पताल महेन्द्रनगरले जनाएअनुसार हालसम्म सातजना, कैलालीको जोशीपुरस्थित प्राथमिक उपचार केन्द्रमा एकजना र फूलबारी गाविसमा दुईजनाको मृत्यु भएको कुरा थाहा भएको छ।

अञ्चल अस्पताल महेन्द्रनगरमा बिरामीहरू आउने क्रम कम भएको र विगत केही दिनयता मर्नेहरूको संख्यामा पनि कमी आएको छ।

प्राथमिक उपचार केन्द्रका डा. होमनाथ पौडेलले आज गोरखापत्रसँग- यहाँका संघ/संस्था, सामाजिक कार्यकर्ता, जनस्वास्थ्य तथा क्षेत्रीय मेडिकल स्टोरबाट औषधी तथा जनशक्तिको पूर्ति भइरहेको कुरा बताउनुभयो।

यसैबीच, सेती अञ्चल अस्पतालका मे.सु.डा. कृष्णकुमार राईले बताए अनुसार बिरामीहरूलाई राहत स्वरूप औषधी एवं अन्य सामानहरू धनगढी जेसिज, रेडक्रस, कैलाली उद्योग वाणिज्य संघ, लायन्स क्लब, नगरपालिका, जिविस एवं बिभिन्न संघ/संस्थाहरूले सहयोग गरेको कुरा बताउनुभएको छ।

गोरखापत्र २०५६·५·२६

कान्तिपुर २०५६·५·२८

### इन्सेफ्लाइटिसबाट मर्नेको संख्या साठी पुग्यो

का.पु. ०५६·५·२८

# निको भएका बिरामीलाई मानसिक कमजोरी

धनगढी, २७ भदौ (कास)- जिल्लामा गत साउनदेखि फैलिएको इन्सेफ्लाइटिसको प्रकोपबाट सोमबारसम्म ६० जनाको मृत्यु भइसकेको छ भने उपचारपछि निको भई घर फर्किसकेका रोगीमध्ये केहीमा मानसिक एवं शारीरिक कमजोरी देखा पर्न थालेको छ।

इन्सेफ्लाइटिसबाट पीडित भई उपचारपछि निको भएका करिब १० वर्षीय रतन विकको मानसिक अवस्था कमजोर हुन गई असामान्य क्रियाकलाप गर्न थालेपछि उनलाई पुनः उपचारका लागि अस्पतालमा भर्ना गरिएको छ। डा. विधाननिधि पौडेलका अनुसार बालक रतन आफ्नै बुवाआमालाई पनि नचिन्ने, कुनै बेला एकसुरले बोलिरहने, कहिले चिच्याउने गरिरहेका छन्।

पुनः करिब १५/१६ दिन अस्पतालमा राखी घर फर्काइएका रतनजस्तै अन्य ५/६ जना बिरामीहरूमा इन्सेफ्लाइटिसपछिको मानसिक एवं शारीरिक जटिलता देखा परेको डा. पौडेल बताउनुहुन्छ।

चिकित्सकहरू जापानी इन्सेफ्लाइटिस रोगबाट प्रभावित भई गम्भीर अवस्थामा पुगिसकेपछि रोग ठीक भए पनि ७० प्रतिशतमा अन्य किसिमका रोगहरू देखा पर्ने गर्दछन्। एकै चोटि मस्तिष्कमा ज्वरोका कारण गिदी फुल्ने र पछि ठीक हुने क्रममा गिदी खुम्चिदा कुनै रोगीको मात्रै ठीक तरिकाले पुरानै अवस्थामा गिदी रहने तर प्रायःको असन्तुलित ढंगबाट गिदी खुम्चिन पुग्दा अन्य शारीरिक र मानसिक कमजोरी आउने चिकित्सकहरूको कथन छ। सेती अञ्चल अस्पतालमा सोमबार प्रकाशित सूचनाअनुसार उक्त अस्पतालमा सोमबार ३ बजेसम्म ३८ जनाको मृत्यु भइसकेको छ भने टीकापुरमा यो संख्या २२ रहेको छ।

८६

Kathmandu Post 12SEP 2

# 60 persons succumb to encephalitis in 2 months

12 SEP 2000

**By a Post Reporter**

DHANGADHI, Kailali, Sept 11 - Altogether 60 persons in this far-western Terai district have succumbed to Japanese encephalitis during the last two months, hospital sources said.

Out of 472 encephalitis patients admitted to Seti Zonal Hospital (SZH), 38 persons died, 53 are undergoing treatment, 378 returned home after treatment while three left the hospital on their own during the treatment process.

Meanwhile, out of 157 patients admitted in Tikapur Primary Health Centre, 22 have died, 20 are undergoing treatment, 103 returned home after treatment, seven left the hospital during treatment process while five were referred to other centres.

A majority of discharged patients are again coming to hospital and health centres with new diseases, hospital sources said.

According to Dr Bidhan Nidhi Poudel, 10-year-old Ratan Bishwokarma, who was discharged from SZH after 16 days of treatment of encephalitis, again came to the hospital with mental disorder. Bishwokarma was brought to the hospital after he started exhibiting the symptoms of the disorder, Poudel said.

Experts say that there is almost 70 per cent chance of emergence of other forms of diseases in a person who once recovered from severe Japanese encephalitis.

# भेरी अस्पतालमा इन्सेफ्लाइटिसका रोगीको निःशुल्क उपचार शुरु

रा.प. ०५६.५.२९

नेपालगञ्ज, भदौ २८ गते। स्वास्थ्य मन्त्रालयको इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले भेरी अञ्चल अस्पताललाई नगद रु. एकलाख ७५ हजार तथा रु. पाँचलाख बराबरको औषधी उपलब्ध गराएपछि सो अस्पतालमा भर्ना गरिएका भाइरल इन्सेफ्लाइटिसका बिरामीहरूको उपचार निःशुल्क गर्न थालिएको छ।

सो अस्पतालले रेडक्रस बाँकेमार्फत भदौ ९ गतेदेखि ती बिरामीहरूलाई निःशुल्क औषधी वितरण गर्नुका साथै अस्पतालले उपलब्ध गराउने अन्य सेवाबापत लाग्ने शुल्क पनि निःशुल्क गरेको जनाएको छ।

त्यस्तै भेरी अञ्चल अस्पतालमा भर्ना गरिएका त्यस्ता बिरामीहरूलाई निःशुल्क उपचार सेवा पुर्‍याउन गतवर्षको बाँकी रु. एकलाख २० हजार, जिल्लास्तरीय स्वास्थ्य, शिक्षा र आकस्मिक कोषको रु. तीनलाख तथा लक्ष्मी रोजिन एण्ड टरपेन्टाइनबाट रु. सातहजार, कर्मचारी मिलन केन्द्र र लक्ष्मी चित्र मन्दिरबाट रु. पाँच-पाँच हजार रेडक्रस बाँकेलाई उपलब्ध भएको छ।

सो रोगबाट प्रभावित भई गत वैशाखदेखि आजसम्म भेरी अञ्चल अस्पतालमा उपचारार्थ आएका ३३५ बिरामीमध्ये ४२ जनाको मृत्यु भएको अस्पतालका मेडिकल रेकर्डर नन्दलाल श्रेष्ठले बताउनुभयो।

यसैगरी नेपालगञ्ज शिक्षण अस्पतालमा उपचारार्थ आएका त्यस्ता ७७ बिरामीमध्ये १७ जना र कोहलपुर शिक्षण अस्पतालमा आएका ४४ बिरामीमध्ये तीनजनाको मृत्यु भएको बताइएको छ।

सो रोगबाट प्रभावित भई भेरी अञ्चल अस्पताल, नेपालगञ्ज शिक्षण अस्पताल र कोहलपुर शिक्षण अस्पतालमा उपचारार्थ आएका क्रमशः ३३५, ७७ र ४४ समेत ४५६ बिरामीमध्ये २९९ जना निको भई घर फर्किसकेका र हाल ५३ जनाको उपचार भइरहेको बताइएको छ। रासस

कान्तिपुर २०५६.५.३०

## इन्सेफ्लाइटिसबाट मृत्यु हुने क्रम जारी

# कैलालीमा हालसम्म बयालीसको मृत्यु

कान्तिपुर समाचारदाता ०५६.५.३०

धनगढी, २९ भदौ- गत आइतबारदेखि नयाँ बिरामी भर्ना हुने क्रममा निकै कमी आए पनि सेती अञ्चल अस्पतालमा इन्सेफ्लाटिस रोगबाट मर्नेहरुको संख्यामा भने कमी आउन सकेको छैन।

बुधबार वसौटीकी १४ वर्षीया भगवती चौधरी र उर्मा-९ का ९ वर्षीय खगराज जोशीको उक्त रोगका कारण मृत्युभएपछि सेती अञ्चल अस्पतालमा गत साउन ४ गतेदेखि हालसम्म मर्नेहरुको संख्या ४२ पुगेको छ भने टीकापुरमा अहिलेसम्म २२ जनाको मृत्यु भइसकेको छ।

गत हप्तासम्म दैनिक १२/१५ जना नयाँ रोगीहरु थपिँदै आएको उक्त अस्पतालमा यस हप्तादेखि भने दैनिक १५ जना मात्र नयाँ रोगी थपिने गरेको मेडिकल रेकर्डर दिलीप श्रेष्ठले जानकारी दिनुभयो।

दुई महिनासम्म महामारीको रुपमा देखापरेको यो रोगबाट प्रभावित भई अस्पतालमा भर्ना हुनेहरुको संख्या यस वर्ष अहिलेसम्म सेती अञ्चल अस्पतालमा ४ सय ८२, टीकापुर प्राथमिक स्वास्थ्य केन्द्रमा १ सय ६१ र भजनी तथा जोशीपुरमा गरी ६ सय ८७ पुगिसकेका छन्।

गत वर्ष सेती अञ्चल अस्पतालमा ७ सय ९४, टीकापुरमा ३ सय २ र भजनी प्राथमिक स्वास्थ्य केन्द्रमा ३७ जना बिरामी भर्ना भएकोमा सेती अञ्चल अस्पतालमा ६० टीकापुर स्वास्थ्य प्राथमिकमा ४५ तथा भजनीमा ३ जनाको मृत्यु भएको थियो।

यसैबीच देउखुरीबाट कान्तिपुर समाचारबाट प्राप्त समाचारअनुसार साउनको पहिलो साता जिल्लामा सुरु भएको इन्सेफ्लाइटिसको महामारी तिव्र रुपले बढेका कारण बुधबारसम्ममा मर्नेहरको संख्या ९ पुगेको छ।

गत वर्षको अनुपातमा यो वर्ष जिल्लामा इन्सेफ्लाटिसबाट मर्नेहरको संख्या बढेको जिल्ला जनस्वास्थ्य कार्यालय दाङका प्रमुख डा श्रावणकुमार चौधरीले कान्तिपुरलाई बताउनुभयो।

महेन्द्र अस्पतालमा कुल २१ इन्सेफ्लाटिस रोगका बिरामीहरु उपचारका लागि आएकोमा ९ जनाको मृत्यु भइसकेको छ।

हाल अस्पतालमा ५ जना बिरामीहरुको उपचार भइरहेको र बिरामीहरुलाई निःशुल्क औषधि उपलब्ध गराएको डा. चौधरीले बताउनुभयो।

## पर्सामा पाँच महिनामा तेहको मृत्यु

*बीरगन्ज, २९ भदौ (कास)- इन्सेफ्लाइटिस र मेनिन्जाइटिसबाट पर्सा जिल्लामा गत वैशाख १ देखि भाद्र २७ गतेसम्ममा १३ जनाको मृत्यु भएको नारायणी उपक्षेत्रीय अस्पताल, बीरगन्जले जनाएको छ।*

*उक्त अस्पतालका मेडिकल रेकर्डर भोला रौनियारका अनुसार उक्त अवधिमा ५१ जना इन्सेफ्लाइटिसका रोगी भर्ना भएकोमा ९ जनाको मृत्यु भएको छ।*

*यसै गरी उक्त अवधिमा ४० जना मेनिन्जाइटिसका रोगी नारायणी उपक्षेत्रीय अस्पतालमा भर्ना भएकोमा ४ जनाको मृत्यु भएको थियो। ४० जना डाक्टरहरूको दरबन्दी रहेको नारायणी उपक्षेत्रीय अस्पतालको व्यवस्थापन पक्ष अत्यन्त खराब रहेकोले भर्ना भएको केही दिनमै बिरामीले अस्पताल छोड्नुपरेको गुनासो बिरामीहरूको छ।*

# Encephalitis claims 70 in last two months

R.N. 14 SEP 2000

Rising Nepal 14 Sep 2000

Dhanagadhi, Sept. 13 (RSS): Encephalitis has claimed seventy lives in Kailali and Kanchanpur district over the last two months.

Forty encephalitis deaths were recorded at Seti Zonal Hospital, Dhanagadhi. 22 deaths at Tikapur Health Centre, and eight deaths at Mahakali Zonal Hospital, Mahendranagar till Tuesday.

465 encephalitis patients were admitted to Seti Zonal Hospital till Tuesday and 405 of them have already been discharge after recovery and 27 other are still undergoing treatment.

Likewise, 104 encephalitis patients were admitted to Mahakali Zonal Hospital. 86 of whom have been discharged, two others were taken elsewhere and 8 are still undergoing treatment.

Out of 159 encephalitis patients admitted to Tikapur Health Centre, 104 have been discharged, 11 other ran away in the course of treatment and 20 are still under medical attention.

The intensity of the disease is on the decline at present, and no new cases of the disease have been reported over the past few days at the Mahakali Zonal Hospital, according to medical superintendent Dr Dil Bahadur K.C.

Kathmandu Post 15 Sep 2000

# 13 die in Parsa

K.P. 15 SEP 2000

BIRGUNJ, Sept 14 (PR) - A total of 13 persons died of viral encephalitis and meningitis in Parsa district alone during this year's monsoon, Narayani Sub-Regional Hospital said.

According to Bhola Rauniyar, a medical recorder of the hospital, over the four months, nine persons out of the total 59 patients of encephalitis admitted at the hospital died of the disease while the other four died of meningitis. Other 28 encephalitis infected persons went home after recovery and 22 persons admitted left the hospital without completing medical course, recorder Rauniyar told *The Kathmandu Post*.

During the monsoon season, out of the total 40 patients of meningitis admitted at the hospital 18 persons went home after they fully recovered from the disease and other 18 patients are being treated at the hospital, the hospital source said.

The statistics of the hospital revealed that most of the patients coming to the hospital for treatment leave in the middle of the treatment because of poor management of the hospital. The sub-regional Narayani hospital has a placement of 40 doctors who, locals complain, usually remain busy in their private clinics.

कान्तिपुर ०५६.६.१

# इन्सेफलाइटिसबाट दुई बालकको मृत्यु

कान्तिपुर

०५६.६.१

कपिलवस्तु, ३१ भदौ (कास)- यस जिल्लामा इन्सेफ्लाइटिस रोगबाट हालसम्म २ जना बालकको मृत्यु भएको छ ।

कपिलवस्तु जिल्ला अस्पतालमा १८ जना इन्सेफ्लाइटिसका बिरामीहरु भर्ना भएकामा १५ जना निको भई घर फर्केका र ३ जनालाई अन्यत्र लग्न सिफारिस गरिएकोमा कपिलवस्तु नगरपालिका- ११ का १ जना बालकको बुटवल अञ्चल अस्पतालमा र निग्लिहवा गाविस हरनाथपुरमा एकजना बालकको इन्सेफ्लाइटिस रोगका कारण घरमै मृत्यु भएको जनस्वास्थ्य कार्यालयका एक कर्मचारीले कान्तिपुरलाई बताए ।

Kathmandu Post · 18 SEP 200

# Encephalitis toll hits 68

18 SEP 2000

DHANGADHI, Kailali, Sept 17 (PR) - The death toll from Japanese encephalitis in this far western district reached 68 after four persons died in Seti Zonal Hospital (SZH) on Saturday and Sunday.

Altogether 46 and 22 people died in SZH and Tikapur Primary Health Centre (TPHC) respectively since this year's monsoon started.

Among the recent deads are Devdutta, 62 from Fulbari, Basu, 5 from Dhangadhi and Kalu Ram Dagaura, 49 from Joshipur-9 on Sunday and 37-year-old Kalasi Rawal from Shikharjhala-8 on Saturday.

Currently, 23 persons are undergoing treatment in SZH and 16 in TPHC.

Katmandu Post · 19 SEP 2000

# Vaccines not for experiment : Minister

K P · 19 SEP · 2000

**By a Post Reporter**

LALITPUR, Sept 18 - Health Minister Ram Baran Yadav today said the vaccines for Japanese encephalitis granted to Nepal by Chinese government were not for experiment purpose as reported in some newspapers.

The Chinese government had recently given 500 thousand anti-encephalitis vaccines worth about 25 million rupees to His Majesty's Government of Nepal with the purpose of checking encephalitis epidemic in the mid and far-western regions of the country.

Addressing a prize distribution ceremony, Minister for Health Dr Ram Baran Yadav said, the vaccines were brought to Nepal only after using it among almost 120 million people in China.

"We allowed the vaccines to use in Nepal only after carrying out a thorough investigation by a team of Royal Drug Limited, Nepal Medical Council and myself," he said.

Last year, Yanso University and Warren Pharmaceutical of Korea had made 170,000 anti-encephalitis vaccines available. But, they declined from donating the vaccine this year urging the government to buy it.

Minister Yadav was speaking at a closing ceremony of national debate competition on "the need of sex and reproductive health education among teenagers and youths" organised by Family Planning Association of Nepal on the occasion of its 41st anniversary.

Forty-seven students from various schools from 24 districts participated in the competition. Manisha Pokharel, a student of Sagarmatha Boarding School stood first in the competition.

कान्तिपुर २०५६·६·२·

## इन्सेफ्लाइटिसबाट थप चारको मृत्यु

# कैलालीमा मर्नेको संख्या छ्यालीस

कान्तिपुर समाचारदाता ०५६·६·२·

धनगढी, १ असोज- साउनको पहिलो सातावाट फैलिएको इन्सेफ्लाइटिसको प्रकोपबाट जिल्लामा शनिबार र आइतबार गरी थप चार बिरामीको मृत्यु भएको छ। जिल्लामा अहिले इन्सेफ्लाइटिसको प्रकोपमा केही कमी आए पनि उपचारार्थ भर्ना भएका बिरामीहरुको मृत्युको क्रममा भने यहाँ कुनै कमी आएको छैन।

शनिबार र आइतबार सेती अञ्चल अस्पतालमा थप चारजनाको मृत्यु भएपछि यस वर्ष यस अस्पतालमा यो रोगबाट मर्नेहरुको संख्या ४६ पुगेको छ भने टीकापुर प्राथमिक स्वास्थ्य केन्द्रमा अहिलेसम्म २२ जनाको मृत्यु भइसकेको छ।

सेती अञ्चल अस्पतालमा मर्नेहरुमा फूलबारीका ६२ वर्षीय देवदत्त, धनगढीका ५ वर्षीय वासु, जोशीपुर- ९ का ४९ वर्षीय कालुराम डगौरा र राम शिखर झाला- ८ का ३७ वर्षीय कलसी रावल रहेका छन्।

यस साताको सुरुमा उक्त अस्पतालमा नयाँ रोगीको भर्ना हुने संख्या दैनिक चार/पाँचमा झर्न पुगेकोमा पुनः शुक्रबारदेखि यो संख्या दैनिक नौ दश हुन पुगेको छ।

हाल उक्त अस्पतालमा २३ जनाको उपचार भइरहेको छ भने टीकापुर प्राथमिक स्वास्थ्य केन्द्रमा १६ जनाको उपचार भइरहेको छ।

Rising Nepal 24 Sep 2000

# Encephalitis

R.N. 24 Sep 2000

Mahendranagar (RSS):

Out of the 113 encephalitis cases admitted to the Mahakali Zonal hospital, Kanchanpur for treatment over the last five months, 101 have returned home after recovery, according to the hospital sources.

It is learnt that eight of the encephalitis cases died while undergoing treatment during the period and two are still under medication at the hospital.

All the patients were provided cost-free treatment and medicines were also given free of cost to the patients.

The cost for the treatment of the patients and the cost of the medicines was provided by His Majesty's Government, Epidemiology and Disease Control Division, the district Red Cross Society and other social institutions and organisations.

Encephalitis cases have been decreasing at the hospital which means the disease is gradually coming under control in the district.

63

कान्तिपुर २०५६.६.९.

# भर्ना भएका आधा बिरामी अस्पतालबाटै भाग्छन्

कान्तिपुर समाचारदाता ०५६.६.९.

वीरगन्ज, ८ असोज- वीरगन्जस्थित नारायणी उपक्षेत्रीय अस्पतालमा भर्ना भएका रोगीहरुमध्ये पचास प्रतिशत निको नहुँदै अस्पतालबाट भाग्ने गरेका छन् ।

उक्त अस्पतालमा इन्सेफलाटिस रोगबाट ४ महिनामा ५९ जना रोगी भर्ना भएका थिए । जसमा ९ जनाको मृत्यु भएको थियो । २८ जनाको उपचार भइरहेको छ भने बाँकी २२ जना उपचारको क्रममा भागेको अस्पताल प्रशासनले जनाएको छ ।

यसैगरी मेनिनजाइटिस रोगबाट उक्त अस्पतालमा भर्ना भएका ४० रोगीहरुमध्ये ४ को मृत्यु भएको थियो भने १८ जना उपचारार्थ अवस्थामै अस्पताल छोडेर भागेको पनि अस्पतालले बताएको छ ।

उक्त अस्पतालको ल्याबमा गहनपूर्वक परीक्षण नहुने, डाक्टरहरुले रोगको पहिचान ढिलै गर्ने, डाक्टरहरुले आफ्नो राउण्ड भिजिट नियमित रुपमा नगर्ने, रोगी सुत्ने कोठाहरुमा पानी चुहिने र जताततै फोहोरको दुर्गन्ध आउने गर्दा नै त्यसरी रोगीहरु उपचारको क्रममा नै भाग्ने गरेको अस्पतालका एक नर्सले आफ्नो नाम नबताउने शर्तमा कान्तिपुरलाई बताइन् ।

त्यस विषयमा अस्पतालका सुपरिटेन्डेन्ट डा. विके प्रसादसँग सम्पर्क गर्दा उहाँले एक व्यक्तिले सबै कुरा हेर्न नसक्ने तर पनि आफूले पहिलेको भन्दा राम्रो गरेको दावी गर्नुभयो । रोगी भाग्ने गरेको विषयमा उहाँले कसैलाई पनि बजरजस्ती बसिराख भन्न नमिल्ने बताउनुभयो । उहाँले अस्पतालमा कार्यरत २ सय ८१ कर्मचारी र डाक्टरहरुले आ-आफ्नो कर्तव्य उचित तवरमा गरिदिएमा रोगीहरु भाग्ने समस्यामा कमी आउने पनि बताउनुभयो ।

## वेपत्ता विरामीको पत्तो लागेन

देउखुरी लमही, ८ असोज (कास)- शुक्रबार दिउँसो महेन्द्र अस्पताल घोराही आई डाक्टरलाई जचाई टाइफाइड भएकाले बेड नं. ४ मा भर्ना भएका त्रिभुवन नपा- ३ लखबार गाउँका २५ वर्षीया कुमार चौधरी कस्वा निदाएको बेला पारेर भागे । उनी अहिलेसम्म फेला परेका छैनन् । परिवारको तर्फबाट खोजी भइरहेको छ भने अस्पतालले खोज्नु त परै जाओस्, प्रहरीलाई खबरसमेत नगरेको गुनासो परिवारले गरेका छन् ।

कान्तिपुर ०५६·६·१०

# कञ्चनपुरमा इन्सेफलाइटिसको प्रकोपमा कमी

चित्राङ्ग थापा

महेन्द्रनगर, ९ असोज- कञ्चनपुर जिल्लामा गत साउन महिनादेखि महामारीका रूपमा फैलिएको इन्सेफ्लाइटिसको प्रकोप घटेको छ। स्थानीय महाकाली अञ्चल अस्पतालमा १ हप्तायता उक्त रोगबाट पीडित भई उपचारार्थ आउने क्रम पनि बन्द भएको छ।

यस वर्ष उक्त अस्पतालमा हालसम्म १ सय १२ जना इन्सेफ्लाइटिसका बिरामी उपचारार्थ आएकामा ८ जनाको मृत्यु भएको, ९९ जना सन्चो भई घर फर्केका र २ जना अन्यत्र रिफर गरिएका थिए।

अहिले त्यहाँ ३ जना बिरामी मात्र इन्सेफ्लाइटिसबाट पीडित भई उपचार गराइरहेका छन्।

यहाँ महाकाली अञ्चल अस्पतालका डा. शुभेशराज कायस्थका अनुसार वर्षेनि वर्षायाममा महामारीका रूपमा फैलिने गरेको जापानिज इन्सेफ्लाइटिस कञ्चनपुर जिल्लामा प्रमुख रोगहरूका रूपमा रहेका ५ वटा विभिन्न रोगमध्ये एक रहेको छ।

हाल कञ्चनपुरमा बिरामीहरूको अत्यधिक चाप रहने गरेको र ५ वटा प्रमुख रोगहरू झाडा-पखाला, विभिन्न किसिमका ज्वरो, श्वास-प्रश्वाससम्बन्धी रोग, इन्सेफ्लाइटिस र रक्तअल्पता रहेको डा. कायस्थ बताउनुहुन्छ।

यहाँको अञ्चल अस्पतालमा इन्सेफ्लाइटिसबाट यस वर्ष मर्नेहरूको सङ्ख्या ८ मात्र भए पनि जिल्लाका विभिन्न ठाउँमा अस्पताल पुग्न नसकी समयमै उपचार नपाएर मर्नेहरूको सङ्ख्या दोब्बर-चौबर हुन सक्ने आशंका गरिएको छ। डा. कायस्थ अस्पतालमा आउन नसकी मर्नेहरूको संख्या ५० प्रतिशत थप हुन सक्ने अनुमान गर्नुहुन्छ।

Kathmandu Post 25 Oct 2000

# Encephalitis merciful this year

25 Oct 2000 K.P.

■ By Tilak Pokharel

KATHMANDU, Oct 24 - Altogether 117 deaths out of 1,178 cases throughout the country have been reported from Japanese Encephalitis (JE) epidemic that surfaced with the onset of this year's monsoon in June, according to Epidemology and Disease Control Division (EDCD).

This year's death toll is significantly less compared to last year when a total of 434 persons out of 2,924 reported patients died. Seventy per cent of the total deaths from JE were from Kailali and Banke districts with 102 deaths from Kailali alone.


According to Dr Mahendra Bahadur Bista, Director of EDCD, the reasons for reduction in the number of deaths are: last year's vaccination in districts of Terai belt with help from a South Korean pharmaceutical, free medical facility in hospitals and better medical care in the hospitals.

There are 24 affected districts from Terai belt of which Kailali, Banke and Bardiya are worst hit, Bista said. Altogether 41 persons succumbed to the deadly mosquito-borne disease in Seti Zonal Hospital and Tikapur Public Health Centre of Kailali district alone this year, according to a data made available by EDCD.

Till now, JE has claimed 4,723 lives in Nepal since it was first detected in 1978 in Rupandehi district. The least number of deaths was in the year 1981 (only 16) while last year's death toll remains the highest.

Last year, 11 persons out of 59 admitted in different hospitals in Kathmandu valley died of JE (seven in Patan Hospital and four in Teku Hospital). Though three cases of JE were registered this year in the Valley's hospitals, nobody died.

According to World Health Organisation's record, out of 50,000 average reported cases of JE in South East Asia Region, 20 per cent (10,000) of them die each year. "But, only about 10 per cent of the reported cases die in Nepal," Dr Bista said.




According to a report provided by the EDCD, JE is a viral disease which was first detected in Japan and is widespread throughout Asia. Epidemics occur in late summer in temperate regions, but occurs throughout the year in many tropical areas in Asia.

The virus is transmitted to humans by *culex* mosquitos, which breed in rice fields. The incubation period of JE is 5-14 days.

(See *Encephalitis* page 8)

## Encephalitis: Merciful

*(Contd from page 1)*

Onset of symptoms is usually sudden, with fever, headache, vomitting, shivering and weaknesses. Late symptoms add neck rigidity and weight loss. Usually, a JE patient should be treated in its early stage effective treatment. According to Dr Bista, pigs are the most amplifying hosts of JE virus and farmers are more prone to this disease. "Maintaining a hygienic surrounding and keeping domestic animals - such as pigs and ducks - away from houses are the best ways to escape from JE," Dr Bista said.

Last year, Boran Pharmaceuticals of South Korea made 225,000 anti-JE vaccines titled SA-14-14-2 available. Out of which, 56,000 vaccines were given to patients in Banke, 46,000 in Kailali and 123,000 in Bardiya districts, Dr Bista said. But, the Pharmaceutical declined from donating the vaccines this year instead asking the government to buy it. However, Health Minister Dr Ram Baran Yadav recently said, the ministry, on August 21, made an agreement with Chinese government for providing 500,000 vaccines. Minister said, these vaccines which will arrive here soon, can be used for next year.

Lions Club also made some 300 vaccines available in Morang and Nepalgunj last year, according to a government official. Once a vaccine is given to a JE patient, the person develops life-long immunity against its virus. But, the vaccine becomes effective only after one and half month.

According to Dr Bista, each SA-14-14-2 vaccine costs almost Rs 500 and if it is to provide in all 26 affected districts, the total budget crosses two billion rupees, which Nepal cannot afford. But, that of Japanese vaccines are expensive and each costs about Rs 700.

गोरखापत्र २०५६ ६ २२

# जापानीज् इन्सेफ्लाइटिस विरुद्ध खोप कार्यक्रम

काठमाडौं, कार्तिक २१ गते। जापानी इन्सेफ्लाइटिस रोगबाट प्रभावित बंगुर, सुगुर पालक कृषकहरूलाई सहयोग पुऱ्याउन कृषि तथा सहकारी मन्त्रालयले सुगुर र बंगुरहरूलाई जापानीज इन्सेफ्लाइटिसविरुद्धको खोप कार्यक्रम सेवा उपलब्ध गराउने भएको कृषि तथा सहकारी मन्त्रालयले आज जनाएको छ।

पशु सेवा विभाग, नेपाल भेटेरिनरी एसोसिएसन र नेपाल पारा भेटेरिनरी एसोसिएसनको संयुक्त प्रयासमा संचालन गरिने सो कार्यक्रम अन्तर्गत मलेसिया सरकारको सहयोगमा प्राप्त हुने दुई लाख मात्राको भ्याक्सिन खोप लगाउने कार्य आगामी फागुनसम्ममा सम्पन्न गरिनेछ।

सो खोपले छ महिना रोगको प्रतिरक्षा दिन सक्ने हुनाले आगामी वर्षमा रोगको प्रकोप नियन्त्रण हुनसक्ने अपेक्षा गरिएको छ।

छ/छ महिनामा खोप कार्यक्रम संचालन गर्नुका अतिरिक्त लामखुट्टेको टोकाइबाट बच्ने, बचाउने, व्यवस्थितरूपले पशु पालन गर्ने र रोग विरुद्ध जनचेतना अभिवृद्धि गर्ने कार्यमा कृषि तथा सहकारी मन्त्रालय, स्वास्थ्य मन्त्रालयका अतिरिक्त सम्बन्धित स्थानीय निकाय, प्रशासन एवं अन्य सम्बन्धित सबै पक्षको संयुक्त प्रयासको आवश्यकता देखिएको छ।

जापानी इन्सेफलाइटिस रोग नियन्त्रण गर्न रोगग्रस्त क्षेत्रमा लामखुट्टेको टोकाइबाट बच्ने र मानिस एवं सुगुर, बंगुरमा रोग विरुद्ध खोप लगाउनु पर्दछ। मानिसमा यो रोग विरुद्ध खोप लगाउने प्रक्रिया रहेपनि नेपालमा पशुहरूमा हालसम्म खोप लगाउने कार्य हुनसकेको थिएन।

लामखुट्टेले टोकेका बंगुर, सुगुरबाट पनि उक्त इन्सेफलाइटिस मानिसमा सर्छ। बंगुर, सुगुरलाई भ्याक्सिन दिएपछि मानिसमा पनि सो रोग कम गर्नमा मद्दत पुग्ने हुन्छ। तर इन्सेफ्लाइटिस नियन्त्रण गर्ने सिलसिलामा विगतमा मध्यपश्चिमाञ्चल क्षेत्रका कृषकहरूको बंगुर, सुगुर मार्ने काम मात्र भएकाले यसबाट ती व्यवसायीहरूमा नकारात्मक असर परेको छ।

स्मरणीय छ सुगुर, बंगुर पालन कार्य विशेष गरी गरीबीको रेखामुनी रहेका समुदाय, जनजाति एवं सीमान्त कृषकहरूबीच बढी केन्द्रित रहेको छ। रासस